वर्ष ३०/ पूर्णाङ्क १०४/ माघ–फागुन २०७३

प्रेश काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत राष्ट्रियस्तरको पत्रिका

दायित्व

द्वैमासिक

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६
गोजीफोन ९८४१५२६०१७

सम्पादन सल्लाहकार
ठाकुर शर्मा भण्डारी
फोन नं. ४-४२०६१०

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ४-७८३२६४

सम्पादन सहयोगी
केशवराज पन्त
कमल ज्ञवाली

आवरण कला
सागर मानन्धर

व्यवस्थापक
लक्ष्मी पन्त
फोन ४-४८६४७६

सहयोग रू. ५०/-

व्यक्तिगत विशिष्ट सदस्यता शुल्क रू. ५,०००/- वा सोभन्दा बढी ।
संस्थागत विशिष्ट सदस्यता शुल्क रू १०,०००/- वा सोभन्दा बढी ।

कार्यालय
घ-२७२/७०, चावहिल-७, काठमाडौं
फोन ४-४८६४७६
E-mail: dayitwa@hotmail.com
Website: www.nepalipublisher.com

दायित्व द्वैमासिकका विशिष्ट सदस्यहरू

निराजन तिमल्सिना/नारायणदेव पन्त/नैना नेपाल ढकाल/राधेश्याम भट्टराई/मोहन चापागाईं/वासुदेव उपाध्याय ढकाल/जनक शिक्षा सामग्री केन्द्र/रूकु कार्की/विजयध्वज थापा/आत्माराम खरेल/गङ्गासागर पन्त/योगराज पौडेल/गणेशप्रसाद भट्टराई/इष्टपोल उच्च मावि/विद्याप्रसाद घिमिरे/केशव रूपाखेती/राममणि दुवाडी/ ब्रिलियन्ट बहुमुखी क्याम्पस/डा. टीकाराम अधिकारी/डा. बद्री पोखेल/सुषमा शर्मा बडाल/ मुकुन्द न्यौपाने/ ई. त्रिवेन्द्रराज पन्त/ज्ञानहरि पौडेल (विज्ञान मावि.) ।

वेदवाणी

ऋषि – मेधातिथि काण्व । **देवता** - ब्राह्मणस्पति इन्द्र सोम दक्षिण । **छन्द** - गायत्री ।

सोमानं स्वरणं कृणुहि ब्रह्मणस्पते । काक्षीवन्तं य औशिजः ॥१॥

हे सम्पूर्ण ज्ञानका अधिपति ब्रह्मणस्पतिदेव ! सोमरस सेवन गराउने यजमानलाई तिमी उशिज्का पुत्र औशज अर्थात् कक्षीवान्को जस्तै उत्तम प्रकाशले सम्पन्न गराइदेऊ ।

यो रेवान् यो अमीवहा वसुवित् पुष्टिवर्धनः स नः विषक्तु यस्तुरः ॥२॥

ब्रह्मणस्पतिदेव ऐश्वर्यशाली, रोगनाशक, धनदाता, पुष्टिवर्धक र शीघ्र फलदायक छन् । तिनले हामीमाथी कृपा राखून् ।

मा नः शंसो अरुरुषो धूर्तिः प्रणङ्मर्त्यस्य । रक्षा णो ब्रह्मणस्पते ॥३॥

हे ब्रह्मणस्पतिदेव ! यज्ञ गर्नुको सट्टा अनिष्ट होस् भन्ने विचार भएका दुष्ट शत्रुहरू संहार गर । हामीमाथि दुष्टको प्रभाव नपरोस् । तिमी हाम्रो रक्षा गर ।

स घा वीरो न रिष्यति यमिन्द्र ब्रह्मणस्पतिः । सोमो हिनोति मर्त्यम् ॥४॥

जुन मानिसलाई इन्द्रदेव, ब्रह्मणस्पतिदेव र सोमदेवले प्रेरित गर्दछन्, धर्तीमा भएका ती वीरहरू कहिल्यै नष्ट हुँदैनन् ।

त्वं तं ब्रह्मणस्पते सोम इन्द्रश्च मर्त्यस् । दक्षिणा पात्वंहसः ॥५॥

हे ब्रह्मणस्पतिदेव ! तिमी सोमदेव, इन्द्रदेव र दक्षिणादेवीका साथमा रहिदेऊ । यज्ञको अनुष्ठान गर्ने मानिसहरूलाई पापबाट रक्षा गर ।

सदसस्पतिमद्भुतं प्रियमिन्द्रस्य काम्यम् । सनिं मेधामयासिषम् ॥६॥

इन्द्रदेवका प्रिय मित्र हुनाले खाजेको कुरो दिन सक्ने, सबैको मर्म बुझ्ने र असल व्यवहारका स्वामी सदसस्पतिदेवबाट हामी अद्भुत ज्ञानबुद्धि प्राप्त गर्न चाहन्छौँ ।

यस्माद्वते न सिध्यति यज्ञो विपश्चितश्चन । स धीनां योगमिन्वति ॥७॥

जसको कृपाका अभावमा ज्ञानीले पनि यज्ञ पूरा गर्न सक्दैन, तिनै सदसस्पतिदेवले हाम्रा बुद्धिलाई उत्तम प्रेरणाद्वारा समृद्ध गराऊन् ।

आधृष्णोति हविष्कृतिं प्राञ्चं कृणोत्यध्वरम् । होत्रा देवषु गच्छति ॥८॥

तिनै सदसस्पतिदेवले हविष्यान्न तयार गर्ने साधकहरूको र यज्ञको सुरक्षा गर्दछन् । उनी हाम्रो स्तुति देवताहरूसमक्ष पुऱ्याउँछन् ।

नराशंसं सुधृष्टममपश्यं सप्रथस्तमम् । दिवो न सद्मसम्ः ॥९॥

द्युलोकजस्तै अत्यन्त तेजस्वी, दीप्तिमान्, यशस्वी र मनुष्यहद्वारा सधैँ प्रशंसा पाउने सदसस्पतिदेवलाई हामी पनि खोज्दछौँ ।

अनुवाद : तिलकप्रसाद लुइटेल

ऋग्वेद-संहिता, प्रथम मण्डल, (सूक्त – १८)

"ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।"

भावार्थ : प्राणस्वरूप, दुःखनासक, सुखस्वरूप, प्रवलतेजस्वी, पापनासक, देवस्वरूप परमात्मालाई हामी अन्तरात्मामा धारण गर्दछौँ । ती परमात्माले हाम्रो बुद्धिलाई सन्मार्गमा प्रेरित गरून् ।

सम्पादकीय

- सम्पादक के हो ? र कस्तो हुनुपर्छ ? भन्ने विषयमा गहन विचार-विमर्श हुनसक्छ, तर सामान्य दृष्टिले हेर्ने हो भने प्राप्त हुन आएका लेख-रचनाहरूलाई आफ्नो बुद्धि, विवेक र ज्ञानले भ्याएसम्म राम्रो बनाउने र लेखकको भावनाविपरीत नहुनेगरी सम्पादन र परिमार्जन गरी छाप्ने काम सम्पादकको हो । तर सम्पादकको विचार, शैली, योग्यता र दृष्टिकोणहरू फरक फरक हुने हुँदा लेख-रचनाहरूलाई पनि फरक फरक शैली र भावमा ढालेर प्रस्तुत गर्ने चलनलाई पनि नकार्न सकिँदैन ।

- सम्पादक शिक्षित, पठित, विवेकशील र निस्पक्ष भएन भने त्यसले लेखकमाथि पनि न्याय गर्न सक्तैन र भाषाको पनि हुर्मत लिन्छ । अरू राष्ट्रको कुरा नगरौँ, नेपालमा बसेर नेपाली भाषा-साहित्यको सम्पादन गर्ने सम्पादकको कुरा गर्ने हो भने ती सबै एकनासका छैनन् । कोही सम्पादन गर्न योग्य भएरै सम्पादक भएका छन्, कोही रहरले सम्पादक भएका छन् र कोही पैसा कमाउनका लागि सम्पादक भएका छन् ।

- सम्पादन यस्तो काम हो, जसले साधारण लेखकलाई उठाएर उचाइमा पुऱ्याइदिन पनि सक्छ र त्यसको ठीक उल्टो लेखकको भावनालाई उल्टाइदिएर लेखकले प्राप्त गरेको उचाइलाई रसातलमा झारिदिन पनि सक्छ । तर शक्ति र क्षमताको दुरूपयोग गरेर कसैमाथि अन्याय गर्नुहुँदैन सम्पादकले । सम्पादक शिक्षित त हुनै पर्छ, जसले विश्वप्रति सामान्य जानकारी प्राप्त गरेको होओस् र मानवजीवन र जगत् बुझेको होओस् । यसरी हरप्रकारको अनुभव प्राप्त गरेको र समाजले विश्वास गरेको सम्पादक भयो भने त्यसले समाज र राष्ट्रमाथि नै सकारात्मक प्रभाव छाड्न सक्छ ।

- सम्पादक हुन सजिलो छैन । राम्रो गरिदियो, लेखकको हुन्छ । कतै त्रुटी हुन गयो, सम्पादकको कमजोरी ठहरिन्छ । त्यसकारण सम्पादन कार्य अपजस्याहा काम पनि हो । यसो भने पनि सम्पादन त नगरी हुँदैन र सम्पादकले आफ्नो धर्म छाड्न पनि हुँदैन । तर छाँटकाँट गर्ने काममात्र सम्पादको होइन र ह्रस्व दीर्घ मिलाउने वा व्याकरणगत त्रुटी औँल्याएर वाक्यगठन गर्ने काममात्र पनि सम्पादकको होइन ।

- चौतर्फी दृष्टि लगाउन सक्ने र दूरदृष्टि राख्न सक्ने क्षमता हुनुपर्छ सम्पादकमा । शब्दको अर्थ के हो ? भन्न खोजेको आशय के हो ? शृङ्खलाबद्ध छ कि छैन ? शिलशिला मिलेको छ कि छैन ? कति अनावश्यक शब्दहरू राखिएका छन् ? कति दोहोरिएका छन् ? कति शब्दहरूको कमी छ ? कति शब्दहरू दोषपूर्ण छन् ? लेखनमा

परिपक्वता छ कि छैन ? लेख तर्कपूर्ण र औचित्यपूर्ण छ कि छैन ? प्राप्त हुनआएका यस्ता विभिन्नखाले रचनाहरूमाथि दृष्टि पुऱ्याउन सक्ने क्षमता हुनुपर्छ सम्पादकमा ।

- कुनै लेखक यस्ता पनि हुन्छन्, जसले गहिरो अध्ययन अनुसन्धान गरेका हुन्छन् । इतिहास खोतलेका हुन्छन्, विश्वब्रह्माण्डलाई बुझेर लेखमार्फत् आफ्नो अनुभव सार्वजनिक गरेका हुन्छन् । यी सम्पूर्ण कुरामा सबै सम्पादकको दृष्टि नपुगेको हुनसक्छ ! तर सम्पादकीय कला भएको मानिसले त्यस विषयसँग सम्बन्धित अन्य लेखहरू हेरेर, लेखकसँग सम्पर्क गरेर, छड्के प्रश्न गरेर लेखकको आशयलाई पुष्टि गर्न सक्नुपर्छ र परिआएको खण्डमा आफू जवाफदेही पनि हुनुपर्छ ।

- जहाँसम्म साहित्यिक पत्रकारिता गर्ने सम्पादकको कुरा छ, त्यो सम्पादक अध्ययनशील र अनुभवी त हुनैपर्छ, यस बाहेक शब्द, अर्थ, वाक्य, भाव, सन्तुलन, गुण, दोष, रस, रीति, अलङ्कार आदि आवश्यक साहित्यिक तत्त्वहरू औँल्याउन र विश्लेषण गर्नसक्ने हुनु जरुरी छ, जसले विशृङ्खलित र दिशाहीन हुँदै गइरहेको समाजलाई सभ्य र सुसंस्कृत बनाउन सकोस्, भाषालाई जोगाउन सकोस् र समाजमा राष्ट्रिय भावना जगाएर समुन्नत राष्ट्रको कल्पना गर्न सकोस् ।

- साहित्यिक पत्रकारिताको धर्म बोकेर अगाडि बढिरहेको नेपाल साहित्यिक पत्रकार संघ साहित्यिक पत्रकारिताप्रति सजग छ । सरकारको सुदृष्टि पुग्न नसकेको तर राष्ट्रलाई नभइनहुने साहित्यिक पत्रकारिताको महत्त्व बुझाउन संघ क्रियाशील छ र यसले आफ्ना भावना र मार्गहरूलाई खुलस्त पार्दै देशव्यापी रूपमा प्रभाव छाड्ने कोशिस गर्दै छ । राजधानीमा मात्र नभएर राजधानीबाट टाढा रहेका जिल्लाहरूमा र विदेशमा समेत यसले आफ्नो महत्त्वपूर्ण उपस्थिति देखाएको छ । जसको पछिल्लो उदाहरण हो– यही फागुन महिनाको पहिलो हप्ता वाराणसीमा भएको साहित्यिक पत्रकारिता सम्मेलन ।

- पुछारमा, हामीले यसै महिनाको फागुन ७ गते ६७ औँ राष्ट्रिय प्रजातन्त्र दिवस मनायौँ । यसपछि लोकतन्त्र वा गणतन्त्र दिवस पनि मनाउँनेछौँ । जे नाम दिएर जुन तन्त्र मनाए पनि आखिर सर्वोपरि प्रजातन्त्र नै हो । तर प्रजातन्त्रका निम्ति आफूलाई बलि चढाउने ती सम्मान्य वीर शहीदका रगतको मूल्य हामीले चुकाउन सकेका छैनौँ । हामीले सम्झौँ, बुझौँ र हामीलाई दासताबाट मुक्त गर्ने ती शहीदका भावनाहरूलाई कदर गरौँ ।



दायित्व

(साहित्यिक द्वैमासिक)

सृजना	पाना नं.	स्रष्टा
कथा/लघुकथा		
आत्मकथा आमाकोटुवीको	२०	कन्हैया नासननी
सृष्टिका चारयुग	४०	मुकुन्द न्यौपाने
पन्ध्रौं तला	४६	इन्दु पन्त
आफ्नै लास जलेको हेर्दा	५१	विजयध्वज थापा
दुर्भाग्य रहेछ !	५२	लक्ष्मी पौडेल
निर्दो सम्बन्ध	७०	टेकनाथ दहाल
लेख/निबन्ध/संस्मरण		
मान अपमानमा समदर्शी बालकृष्ण सम	८	रोचक घिमिरे
बोल बोल मछली मुखभरि पानी	३४	श्रीधर पौडेल
उपहारको प्रहार	३१	नरेन्द्रराज पौडेल
मन मिले पो मित हुनु !	३७	मोहन चापागाईं
नाटक		
देशको दशैँ	५४	विमल खनाल
समीक्षा/समालोचना		
'कुलुङ्गाकी आमा' भित्र विचरण गर्दा	१८	माघव घिमिरे
नेपाली नाट्य-परम्परामा 'पासी भञ्ज्याङ'ले उठाएको जातीयता र सङ्घीयताको स्वर	२६	कृष्ण प्रधान
रमेश विकलको 'अब तिमी नरोऊ किरण' बालनाटकलाई सिंहावलोकन गर्दा	४१	खुमबहादुर खड्का
भावका आधारमा 'हतार छैन हतार छ' निबन्धसङ्ग्रह	६२	मीरादेवी धिताल

कविता/गीत/गजल/मुक्तक

यदु पन्थी-७/ प्रह्लाद पोखेल-१५/ राधेश्याम लेकाली-१७/डा. शैलेन्दुप्रकाश नेपाल- १९/ लीलाराज दाहाल- २५/ ज्ञान उदास-३३/ शङ्कर शाह-३६/शीतल गिरी-४५/जनार्दन अधिकारी 'धड्कन'-४९/ विश्व सिग्देल-४९/केशवराज पन्त-५०/बैगुनी नेपाल-५९/मिलन समीर-६०/बी.पी. शाही-६०/ राधिका पन्त-६१/नारायण निरौला-७५ ।

साथमा सम्पादकीय, दायित्वबोध, कृतिविवरण, वेदवाणी र निराजन तिमल्सिनाको स्थायी स्तम्भ आदि ।

'दायित्व' उपलब्ध हुने पुस्तक पसलहरू

१ श्रेष्ठ बुक एन्ड न्यूज सेन्टर– दमक, झापा	- ०२३-५८४१२५
२ भट्टराई पुस्तक पसल – विराटनगर, मोरङ	- ०२१-५२४२४३
३ मुनाल पुस्तक भण्डार– गाईघाट, उदयपुर	- ०३५-४२०१२५
४ न्यू परजुना स्टेशनरी– सिन्धुली	- ०४७-५२००२५
५ नारायणी पुस्तक सदन– नारायणगढ, चितवन	- ०५६-५२१२८०
६ सुनगाभा बुक्स एण्ड स्टेसनरी– भरतपुर, चितवन	- ०५६-५३१४७०
७ कन्चन प ुस्तक पसल– पोखरा, कास्की	- ०६१-५२४४६६
८ सिटी बुक एन्ड न्युज सेन्टर– बुटवल, रूपन्देही	-०७१-५४५२३६
९ न्यू प्रभात पुस्तक पसल– सुर्खेत	- ०८३-५२००७५
१० विपिन पुस्तक पसल– महेन्द्रनगर, कन्चनपुर	- ०९९-५२०१४८

bfloTj af]l5 Ö

- दायित्वमा रचना पठाउँदा ईमेल मार्फत् प्रीति फन्टमा टाइप गरी पठाइदिनुहुन,
- दायित्वमा प्रेषित रचनाहरू सूचना नगरी अन्यत्र दिएमा त्यस्ता लेखकको नाम कालोसूचीमा राखिने व्यहोरा अवगत गर्नुहुन,
- दायित्वका लागि फोटो नपठाएका स्रष्टाहरूले एक प्रति अटोसाइजको फोटो समेत पठाउनु हुन,
- कृति परिचय गराउन चाहने महानुभावहरूले परिचयात्मक लेख र एक प्रति किताब वा दुई/दुई प्रति कृति उपलब्ध गराउनु हुन,
- दायित्वलाई सुपाठ्य एवं सर्वप्रिय बनाउनका लागि विविध विधाहरूका लेख रचनाहरू पठाई सहयोग गर्नुहुन,
- दायित्वमा अत्यधिक मात्रामा लामा र बहुसङ्ख्यक समीक्षाहरू आउने गरेकाले हामीले स्थान दिन सकिरहेका छैनौं। यसतर्फ समीक्षकहरूको ध्यानाकर्षण हुन,
- लेख रचनामा प्रकाशित विषयवस्तु तथा तथ्याङ्कहरूको सम्पूर्ण उत्तरदायित्व सम्पादक एवं प्रकाशकमा नरही स्वयं लेखकमा रहने व्यहोरा समेत अवगत गर्नुहुन अनुरोध छ।

के तपाईंलाई थाहा छ ?

२०७२ को वर्ष पुस्तक आइसकेको छ र हामी २०७३ वर्ष पुस्तकमा जुटिसकेका छौं। २०७३ वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दै छौं। हामीलाई टिप्पणीका लागि पुस्तक वा परिचयका लागि जानकारी उपलब्ध गराउनुहोस्।

साहित्य संवर्द्धन केन्द्र
शब्दार्थ प्रकाशन
चाबेल गणेशस्थान, काठमाडौं
४४९७३५१/९८४१४९६१०३

खुल्छ दायित्व मन्त्र

■ यदु पन्थी

हाम्रो दायित्व पुग्ला जब घरघरमा, दिव्य सन्देश बोकी
पुर्खाको शौर्य चुम्दै प्रतिपल जनता पढ्न सक्लान् नरोकी ।
त्यै बेलामा व्यथाका हरपल बिखरी, सृजना खुल्छ पक्कै
तन्नेरी साथ उठ्छन् प्रगति गति लिई, देश बोकी जुरुक्कै ॥
॥१॥

हाम्रा नानी खुसी भै हरदिन सबले पाठशाला चहार्लान्
न्यानो संसिद्धि पाई जन सब सुखले शान्तिको श्वास फेर्लान् ।
नेपाली सार्वभौमी भइ जब रहलान् खुल्छ दायित्व मन्त्र
त्यो बेला फुल्छ हाम्रो हृदयतह छुँदै देशमा लोकतन्त्र ॥
॥२॥

साना ठूला सबैले हृदयतलभरी देशलाई सजाई
जे जे जस्तो र जाहाँ जति जति सकिने कर्म सारा सघाई ।
गर्लान् दायित्व पूरा जब जब जनले एशियामै रमाई
नेपाली नाम हाम्रो विकसित रहला विश्वमै चम्चमाई ॥
॥३॥

मेची काली मिलाई व्यवहृतपनले के पहाडी, मधेसी
पर्सा, बारा र डोल्पा रुकुम र धनुषा लेकबेंसी स्वदेशी ।
नेपाली नाम यौटै थर पनि त उही मात्र नेपाली जाति
सिङ्गै नेपालवासी सबतिर एउटै हुन्छ नेपाली साथी ॥
॥४॥

नेपाली भाव बोकी वन चहुर सबै गाउँ पाखा घुमेर
हैमश्री सुम्सुम्याई रविकिरण सँगै मैत्रीभाषा चुमेर ।
रम्दा दायित्व हाम्रो पुलकित मनले राष्ट्र उन्मुक्त होला
हाम्रो दायित्व साँच्चै विकसित हुन गै राम-आदर्श छोला ॥
॥५॥

●●

व्यक्ति/व्यक्तित्व

मान अपमानमा समदर्शी बालकृष्ण सम

■ रोचक घिमिरे

'रचना' पत्रिका प्रकाशन गर्ने टुङ्गोमा पुगेपछि हामी लेख रचना बटुल्ने कोशिसमा लाग्यौं । यसै सन्दर्भमा बालकृष्ण समकहाँ पनि जाने निधो भयो । यो २०१८ साल शुरूतिरको कुरा हो । भैरव अर्याल र म एक दिन बिहान समको निवास ज्ञानेश्वर पुग्यौं । सेतो रङको भवनमा गरुडको आकृति टट्कारै देखिने गरी रहेको थियो । मूल ढोकामा ठूला ठूला दुइटा कलात्मक आँखा कुँदिएका थिए । काठको पाटीमा एकातिर यस्तो लेखेको थियो

> यो मेरो बास हो नाथ ! नित्य जीवन मार्गको
> तिमीतिर म हिँड्ने छु स्वप्न पूरा भएपछि ।

ढोकाका ती आँखा बाहिरका आगन्तुकलाई भित्रैबाट देखिने गरी बनाइए झैं लाग्यो । हाम्रो उपस्थितिको आभास भएपछि ढोका खुल्यो र हामीलाई बैठकमा लगेर राखियो । यस्तो भव्य र आकर्षक अनि विविध कलाकृतिबाट सजिएको बैठक मैले पहिलो पटक देखेको थिएँ । भित्तामा बालकृष्ण र छोरी ज्वालाद्वारा बनाइएका तैल चित्रहरू टाँगिएका थिए । तिनमा छोरा जनार्दन, श्रीमती मन्दाकिनी, छोरी ज्वाला र रश्मिका सुन्दर आकृतिहरू थिए । ऱ्याकमा पुस्तकहरू थिए । शो केशमा विविध कलात्मक मूर्तिहरू थिए । बहुमूल्य सोफा र टेबल अनि भुइँमा ओछ्याइएका गलैंचाहरूले बैठकको भव्यता निकै बढाएका थिए । भैरव र म चकित भएर यी दृश्य हेरिरहेका थियौं । यत्तिकैमा नेपाली भाषा-साहित्यका गौरव, शिखर स्रष्टा बालकृष्ण सम प्रकट हुनुभयो । त्यति बिहानै हामी पुग्दा पनि उहाँको सज्जा र शृङ्गार दर्शनीय र आकर्षक थियो । रङ्गमञ्चको एउटा दक्ष र सिँगारिएको कलाकार अभिनय शैलीमा प्रकट भएको आभास भयो मलाई । भैरव अर्याल त उहाँका पूर्वपरिचित नै थिए । नमस्कारको आदान प्रदानपछि मतिर सङ्केत गर्दै समजीले सोध्नुभयो– 'उहाँको परिचय !' भैरवले भने- 'उहाँ रोचक घिमिरे, 'रचना' नाम भएको साहित्यिक पत्रिका सम्पादन प्रकाशन गर्न लाग्नुभएको छ । त्यसको पहिलो अङ्कमा यहाँको कुनै सृजना प्रकाशित गर्ने चाहनाले हामी आएका हौं ।' समजीले भन्नुभयो– 'अहो कति सुन्दर नाम रहेछ तपाईंको, बङ्गाली प्रकारको ! पत्रिकाको नाम पनि सुन्दर जुराउनुभएछ, रोचक र रचना कस्तो सुहाएको ! तर हामीकहाँ साहित्यिक पत्रिकाले दीर्घजीवन पाउँदैनन्, अल्पायुमै बिलाउँछन् । हाम्रो समयको उच्चकोटिको पत्रिका 'शारदा' पनि धर्मराइरहेको देख्छु । तपाईंहरू जस्ता युवा मातृभाषाको सेवामा यसरी लाग्नु खुशीको कुरा हो । तपाईंहरूप्रति म हार्दिक शुभेच्छा प्रकट गर्दछु ।' यस्तै भाव व्यक्त गर्नुभएको थियो समजीले । अहिले आफू अलि व्यस्त भएकोले सृजना लिनचाहिँ केहीपछि आउने सल्लाह दिनुभयो । यति वार्तालाप भएपछि उहाँसँग बिदा माग्दै हामी फर्क्यौं ।

बाटोमा भैरवले भने– बूढाले हामीलाई नपत्याएका हुन् बुझ्यौ ? यिनले पत्रिका निकाल्नै सक्तैनन् निकाले पनि एक दुई अङ्कपछि बिलाउँछन् भन्ने सोचे होलान् । अब केही अङ्क निकाले पछिमात्र यिनीसँग लेख-रचना माग्नुपर्छ बुझ्यौ !' यस क्षेत्रका अनुभवी भैरव नै थिए । उनको सल्लाह ठीकै लाग्यो मलाई ।

समजीसँग त्यो पहिलो परिचयपछि यदाकदा बाटोमा अथवा कुनै कार्यक्रममा भेट हुँदा नमस्कार

गर्न थालें । पछि त यस्तो हुन थाल्यो, आफूले नमस्कार गर्नुभन्दा पहिल्यै नमस्कार भनेर उहाँले लज्जित बनाउन थाल्नुभयो । साहित्यिक गोष्ठीहरूमा उहाँका मन्तव्य र कविता सुन्ने अवसर पनि पाइयो । 'नवरस' शीर्षकको कविता प्रायः कविगोष्ठीहरूमा सुनाउनुहुन्थ्यो । साहित्यका नौवटै रसमा आधारित थिए ती कविता । यो कविता प्रत्येक रस अनुसारका भाव भङ्गिमा, आरोह अवरोह, मुद्रा, स्वर अभिनय सहित सुनाउनुहुन्थ्यो उहाँ । उहाँको जीवन्त अभिनय र आकर्षक आफ्नै प्रकारको वाचन शैली सुनेर श्रोता मन्त्रमुग्ध हुन्थे । समजीले मुख फैलाएर हाँसेको कहिल्यै देखिएन । ह ह ह गर्दै सोझो हाँस्नुहुन्थ्यो । हाँस्ता गालाका मुजा नदेखियुन् भनेर यसो गर्नुहुन्थ्यो होला ।

बालकृष्ण सम

समजी नाटककार त हुनुहुन्थ्यो नै निर्देशक र अभिनेता पनि हुनुहुन्थ्यो । आफ्ना नाटकहरू मञ्चित गर्दा प्रमुख पात्रको भूमिका उहाँ आफैं निर्वाह गर्नुहुन्थ्यो । संभवतः उहाँले अन्तिम अभिनय गर्नुभएको 'भीमसेन थापाको अन्त्य' नामक नाटक हो कि ? त्यसमा समजी आफैं भीमसेन थापा बन्नुभएको थियो । भीमसेन थापाले ऐना मुङ्कीले हानेर फुटाई त्यसैले घाँटी रेटेर आत्महत्या गरेको उहाँको जीवन्त अभिनय अहिले पनि बिर्सन सकेको छैन मैले ।

'रचना' निस्कन थालेपछि प्रत्येक अङ्क समजीकहाँ पठाउन थालें । कार्यक्रमहरूमा भेट हुँदा उहाँ भन्नुहुन्थ्यो– 'राम्रो र स्तरीय लाग्यो 'रचना' ।' म आभार प्रकट गर्दथें । अरू विशेष कुरा हुँदैनथ्यो । 'रचना' त्यसवेला त्रैमासिक रूपमा निस्कन्थ्यो । तीन अङ्क निस्किसकेका थिए । दुई महिनेको रूपमा चौथो अङ्कको तयारी थियो । एक दिन कुनै कार्यक्रममा समजीसँग भेट हुँदा भन्नुभयो– 'मैले रचना' लाई एउटा कविता राखिदिएको छु लिन आउनुहोला ।' भोलिपल्ट बिहानै गएँ । उहाँले फेरि पनि 'रचना' को तारीफ गर्नुभयो । 'रूपरेखा' र 'रचना यता निस्केका राम्रा पत्रिका हुन् । आफूलाई मन परेको एउटा ताजा कविता 'रचना' लाई दिन्छु भन्दै कविता सुनाउनु पनि भो उहाँले । 'मृत्युपछिको अभिव्यञ्जन' शीर्षक कविता थियो त्यो । म आभार व्यक्त गर्दै कविता लिएर फर्कें । यस पटक करीब नौ महिनापछि समजीको आवासमा जाँदा त्यहाँ ढोकामा लेखिएको कवितामा केही परिवर्तन पाएँ । त्यो कविताको रूप अब यस्तो बनाइएको रहेछः–

> यो कुनै बास हो मेरो नित्य जीवन मार्गको
> कतैतिर म हिँड्नेछु स्वप्न पूरा भएपछि ।

कवितामा परिवर्तन आउनुको कारण बारे पछि सुनें– शंकर लामिछानेले एक पटक समजीलाई सोधेछन्– 'तपाईं ईश्वरवादी आस्तिक कि अनीश्वरवादी नास्तिक ? समले भन्नुभएछ– 'म अनीश्वरवादी हुँ' शङ्करले भनेछन् 'त्यसो भए तपाईंले ढोकामाथि लेख्नुभएको कवितामा 'नाथ !' भनेर कसलाई संवोधन गर्नुभएको हो ?' लामिछानेको प्रश्नबाट झस्किएका समले भन्नुभएछ- 'म यस कवितालाई बदल्ने छु ।' यसरी फेरिएको रहेछ त्यो कविता !

'रचना' को पूर्णाङ्क ४, माघ-फागुन २०१९ मा समले दिनुभएको कविता 'मृत्युपछिको अभिव्यञ्जन' छापिएको छ । समजीका फुट्कर कवितामा यो कविता उत्कृष्ट मानिएको छ । गोष्ठीहरूमा पटक-पटक समजी यो कविता सुनाउनुहुन्थ्यो । समालोचकहरूले पनि प्रायः यस कविताको चर्चा गरेका हुन्छन् । केहीपछि समको 'सच्चिदानन्द' शीर्षक अर्को कविता 'रचना' को पूर्णाङ्क ९, पुस-माघ २०२१ मा छापियो । 'रचना' को महाकवि लक्ष्मीप्रसाद देवकोटा अङ्क पूर्णाङ्क २७ पुस-माघ २०३३ मा समले लेख्नुभएको महाकवि बारेको लेख पनि छापिएको छ । यसरी ती स्वनामधन्य स्रष्टाका सृजना 'रचना' मा प्रकाशित गर्न पाउनु अहोभाग्य ठानेको छु ।

समजी शुरूमा घोडा चढ्ने गर्नुहुन्थ्यो । घोडचढी समलाई त मैले देखिनँ । लामो तीनवटा

पाङ्ग्रा भएको दुई जना चढ्न हुने साइकलमा सवार भएका समलाई चाहिँ देख्न पाएँ । पछाडि कहिले आफ्नै छोरा जनार्दन र कहिले अरू कुनै चढ्ने गर्दथे । दुवै जनाले चलाउन सकिने दुइटा पाइडल सहितको जञ्जीर त्यस साइकलमा हुन्थ्यो । त्यस्तो साइकलमा सवार भएर सडकमा गुडेका बालकृष्ण समप्रति बटुवाहरूको ध्यान जानु स्वाभाविकै थियो । तमासा जस्तै लाग्थ्यो सडकमा । अलि शारीरिक कमजोरी भएपछि सम रिक्सा चढ्न थाल्नुभयो । प्रज्ञाप्रतिष्ठानमा पुगेपछि उहाँले रसियन कार चढ्न लागेको देखियो ।

केदारमान व्यथितको कुलपतित्व भएको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा बालकृष्ण सम उपकुलपति बन्नुभयो । यसअघि पनि बालचन्द्र शर्मा उपकुलपति भएको प्रज्ञा प्रतिष्ठानमा समलाई प्रज्ञा सदस्यका रूपमा राखिएको थियो । योगदान र स्तरका हिसाबमा पनि यो अमिल्दो मनोनयन लाग्थ्यो । आफूमाथिका दुवै हाकिमबाट बेलाबेला समले अमर्यादित व्यवहार बेहोर्नुपरेका कुरा सुन्ने गरिन्थ्यो । त्यस प्रकारका दुइटा घटनाको साक्षी आफू पनि भएकोले बिर्सन सकेको छैन ।

साथी भैरव अर्यालका पिता होमनाथ अर्याल प्रहरी हेड क्वार्टरमा कार्यरत हुनुहुन्थ्यो । त्यहाँबाट अवकाश पाएपछि उहाँलाई अन्यत्र काम दिलाउने चिन्ता भैरवलाई पऱ्यो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा एक जना कर्मचारीको खाँचो भएको भैरवलाई थाहा भएछ । उनले कुलपति केदारमान व्यथितलाई यो कुरा भनेछन् । व्यथितले निवेदन लिएर अफिसमै आउने निर्देशन् दिएपछि भैरव मलाई पनि लिएर कुलपतिसँग भेट्न प्रज्ञामा पुगे । कुलपतिसँग हाम्रो कुराकानी हुँदै गर्दा समजी कोठाभित्र पस्नुभयो । सम बस्न पनि पाउनु भएको थिएन । भैरवले दिएको निवेदनमा लगाएको तोकपत्र दिँदै व्यथितले समलाई भन्नुभयो 'समजी यो कागत लगेर सचिवलाई दिनुस् त ! 'हवस्' भन्दै सम त्यो कागत बोकेर ढोका बाहिर निस्कनुभयो । यस्तो घटना देखेर हामी चकित भयौँ । पिउनलाई बोलाउने घण्टी त्यहीँ कुलपतिको टेबलमै थियो । त्यो थिचिएन । उपकुलपति समलाई नै काम लगाइयो । समले कुनै प्रतिकार गर्नुभएन । निर्लिप्त भएर स्वीकार गर्नुभयो ।

अर्को घटना पनि ती महान् स्रष्टाको प्रतिष्ठा अनुकूल थिएन । त्यसका द्रष्टा पनि भैरव र म नै भयौं । जाडोको बोला थियो । शुक्रबार राति अवेलासम्म 'गोरखापत्र' मा घोटिनु परेर भैरव आफ्नो घर जोरपाटी जान सकेनन् । मकहाँ बास बस्न आए । भोलिपल्ट भए पनि गोरखापत्रमै जरूरी काम भ्याउनुपर्ने थियो उनलाई । बिहान म पनि निस्कें भैरव सँगै । हामी नक्सालबाट कमलपोखरी हुँदै पैदल जाँदै थियौं । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति समजी पनि ज्ञानेश्वरबाट पैदल नै आउँदै हुनुहुन्थ्यो । उहाँको हातमा एउटा फाइल थियो । एक्लै हुनुहुन्थ्यो । नमस्कारको आदान प्रदानपछि हामी बीच यस्तो सम्वाद चल्यो:-

'समजी टाढै हो कि ?'

'हो, कुलपतिज्यूले निवासमा बोलाउनुभएको छ । कार्यालय सम्बन्धी काम छ । त्यतै जान लागेको !'

(त्यस वेला कुलपति केदारमान व्यथित स्वयम्भूमा बस्नुहुन्थ्यो । 'मञ्जुश्री निवास' उहाँको घरको नाउँ थियो ।)

'त्यति टाढा पैदल नै जाने ?'

'आज शनिबार बिदाको दिन अफिसको गाडी चढ्न भएन । आफ्नो गाडी पनि बिग्रेर थन्केको छ । उहाँले बोलाएपछि जानै पऱ्यो । रिक्सा पाए चढ्नु पर्ला नत्र हिँडेर पनि पुगिहाल्छु !'

तीनधारा संस्कृत छात्रावाससम्म समजीसँगै भयौं हामी । त्यस बेलासम्म पनि रिक्सा पाइएन । हामी घण्टाघर हुँदै नयाँसडकतिर लाग्यौं । समजी जमल कमलाक्षी तर्फ लाग्नुभो स्वयम्भू जान ।

जाडोको बेला ती बूढा मान्छे हाकिमको अरोट् मान्न यसरी सकी नसकी दुःख खेप्दैछन् । नेपाली वाङ्मयका सगरमाथाको यस्तो अवमूल्यन देखेर छक्क पर्‍यौं हामी । प्रज्ञा प्रतिष्ठानमा समजीको मानमर्दनका घटनाका चर्चा कर्मचारी, प्राज्ञ र साहित्यकारहरूबाट बारम्बार सुनिन्थ्यो त्यो बेला । आफ्नो मान सम्मान आदर अनादर प्रतिष्ठा तिरष्कार जस्ता कुनै कुराबाट पनि प्रभावित हुने, उद्वेलित हुने स्वभाव समजीमा देखिएन । नीलकण्ठ जस्तै विषपायी भने पनि हुन्छ ती महनीय स्रष्टालाई ।

त्यो वेला मेरो गहनापोखरी स्थित घरमा व्यास प्रेस थियो । साहित्यिक पुस्तक पत्रिका आदि छाप्ने गरिन्थ्यो । भैरवनाथ रिमाल 'कदम' को एउटा कवितासङ्ग्रह छाप्नुपरेको रहेछ । भैरव अर्यालको डेरा मेरै घरमा थियो । यो २०२६ सालतिरको कुरा हो । पुस्तक व्यास प्रेसमा नै छपाउने सिफारिस गरेछन् भैरवले कदमजीसँग । यत्तिकैमा एक दिन दिउँसो बालकृष्ण समलाई लिएर कदमजी व्यास प्रेसको अफिसमा आउनुभो । मकहाँ समजीको त्यो प्रथम आगमनबाट ज्यादै विस्मित भएँ म । कदमको त पुस्तक छाप्ने कुरा थियो उहाँ आउनु स्वाभाविकै ठानें, तर समजी किन आउनुभो यसरी अप्रत्याशित ? म छक्क परें । यस्तैमा समजीले भन्नुभयो– 'कदमजीको एउटा कवितासङ्ग्रह छाप्नुछ । त्यसको प्रकाशक म आफैं हुँ । तपाईंको प्रेसमा छपाउन दिंदैछु खर्च कति लाग्ला ?'

प्रज्ञाका उपकुलपति समजी आफू प्रकाशक बनेर अरूको पुस्तक प्रकाशित गर्दै हुनुहुन्छ ! के रहस्य हो यो ! मैले बुझ्न सकिनँ । हिसाब गरेर छापाइ खर्च टिपेर दिएँ मैले । कदमजीले पाण्डुलिपि बुझाउनुभो । समजीले प्रेसलाई केही रकम पेस्की दिनुभयो । त्यो पुस्तक प्रकाशनको सन्दर्भमा दुई तीनपटक समजी भैरवनाथ रिमाल 'कदम' सँगै म कहाँ आउनुभो । २०२६ जेठ ३० मा प्रकाशित 'ढुङ्गाको मूर्ति' नामक त्यस राष्ट्रिय कवितासङ्ग्रहमा समजीको हस्ताक्षरसहितको भूमिका छ । आवरण चित्र पनि समजीकै छ । कवि कदमसँगै खिचिएको उहाँको तस्वीर पनि छ । यतिमात्र कहाँ र ? त्यस पुस्तकमा प्राज्ञ सूर्यविक्रम ज्ञवाली, धर्मराज थापा, भीमनिधि तिवारी, भैरव अर्याल, बोधनाथ चालिसे, मुकुन्द समशेर थापा शरदकुमार भट्टराई, विश्वनाथ न्यौपाने, प्रेममानहरूका मन्तव्य पनि छन् । बालकृष्ण सम प्रकाशक भएर निस्केका अन्य व्यक्तिका पुस्तक अरू छन् कि छैनन् म जान्दिनँ । यदि यो पुस्तकमात्र त्यस्तो हो भने त यसलाई ऐतिहासिक घटना नै मान्नु पर्ला कि ?

मेरा छिमेकी उपन्यासकार लीलाध्वज थापा कुनै बेला समजीका प्रियपात्र हुनुहुन्थ्यो । कविता लेखनमा समजीबाट प्रेरित भएको स्वीकार्नुहुन्थ्यो । समजीलाई फोटोग्राफी सम्बन्धी कार्यमा सघाउनुहुन्थ्यो उहाँ । कविता वाचन र अक्षर लेखनमा समकै स्पष्ट प्रभाव परेको पाइन्थ्यो थापाजीमा । शारीरिक शृङ्गारमा समेत बालकृष्ण समकै झल्को आउँथ्यो लीलाध्वज थापामा । समजीका निकटवर्ती हुँदाहुँदै कवि थापा समपुत्री मिट्ठू (मोती ?) सँग नजिकिन पुग्नुभएछ । यस्तो थाहा पाएपछि समनिवासमा थापाजीको प्रवेश निषेध भएछ । मिट्ठू महारानी पनि नजरबन्दीमा परिछन् । यस घटनाबाट बालकृष्ण सम र लीलाध्वज थापामा अत्यन्त कटुता आयो । सम त्यो बेला दारी पाल्नु हुन्थ्यो । थापाले 'दारी' नामक हास्य व्यङ्ग्यात्मक निबन्ध नै लेख्नुभयो समलाई सङ्केत गरेर । दारीवाला पात्रलाई विभिन्न घटनाका माध्यमबाट निकै उडाइएको छ त्यस निबन्धमा । 'मिट्ठू मैयाँ' शीर्षक राखेर कवि लीलाध्वजले काव्य नै रच्नुभएको थियो । त्यसका केही पङ्क्ति मैले पनि थापाजीबाट सुनेको हुँ । रेडियो नेपालमा आयोजित एउटा कवि सम्मेलनमा लीलाध्वज थापाले 'बालकन्याको हत्या' शीर्षक कविता सुनाउन खोज्दा आयोजकले अनुमति दिएनन् । त्यो कविता समजीप्रति नै लक्षित थियो ।

कविता प्रसारणमा बन्देज लगाउन समजीकै हात भएको ठानेर थापाजी निकै क्रुद्ध हुनुभएछ । त्यहीँ उपस्थित हुनुभएका समसँग हात हालाहालकै स्थिति आउन थालेपछि धर्मराज थापा लगायतले सम्झाएर कवि लीलाध्वजलाई शान्त पारेको घटना उहाँबाटै सुनेको हुँ मैले । कविसम्मेलनहरूमा समजीप्रति कवि थापाबाट कटाक्षको क्रम चलि नै रहन्थ्यो ।

त्यस्ता घटनाबाट धेरै वर्षसम्म बालकृष्ण सम र लीलाध्वज थापाको सम्बन्ध निकै कटुतापूर्ण हुन गयो । थापाजीको आक्रोशको मात्रा जतिसुकै चर्को भए पनि समजीको व्यवहार भने सदैव संयमित पायौँ हामीले । भैरव अर्याल र म कवि लीलाध्वज थापाका निकटवर्ती थियौं । कहिले थापाजीको कोठामा र कहिले मेरो कोठामा जमघट हुने गर्दथ्यो । बितेको कुरालाई लिएर अब समजीप्रति किन रुष्ट भैरहनुहुन्छ ? अब यस्तो नगरौं भन्ने सल्लाह भैरव र मेरो हुन्थ्यो । तर थापाजी त्यो पुरानो घाउ अझ आलै छ कसरी बिर्सूं भन्नुहुन्थ्यो ।

दिन यसैगरी बितिरहेका थिए, लीलाध्वज थापा अस्वस्थ भएर अस्पताल भर्ना हुनुभयो । त्यसबेला समले थापाजीलाई सहृदयता पूर्वक सघाउनुभयो । यस घटनाले दुवैतर्फको कटुता साम्य पार्न ठूलो सहयोग गऱ्यो । सम र थापाबीचको सम्बन्ध यसरी सुधारिनु अप्रत्याशित नै लाग्यो हामीलाई । २०३३ सालमा समजीको जन्मदिनमा एउटा कार्यक्रम गरौं भन्ने प्रस्ताव हामी समक्ष राख्नुभयो लीलाध्वज थापाले । डिल्लिबजार स्थित सांस्कृतिक संघको भवनमा समजीलाई अभिनन्दन गर्ने कार्यक्रम राख्यौं हामीले । त्यस दिन सम र थापाको सार्वजनिक रूपमा सौहार्दपूर्ण पुनर्मिलनको दृश्य अपूर्व नै थियो । त्यस कार्यक्रमको फोटो खिच्न डिल्लिबजारकै तत्कालीन प्रकाश फोटो स्टुडियोका फोटोग्राफरलाई लगाएका थियौं । थापाजीले ती तस्वीर लिने जिम्मा लिनुभएको थियो । समयमा नलिएकोले नेगेटिभ नै नष्ट गरेँ भनेछ स्टुडियोले । थाहा पाएर म सोध्न गएँ अब पाईंदैन फालिसकियो भने । यसरी त्यस ऐतिहासिक क्षणको प्रमाण भएका दृश्यचित्र राख्न नसकिएकोमा हामीलाई पश्चात्ताप लाग्नु स्वाभाविकै हो ।

समजीका ज्वाईं (छोरी रश्मिका पति) पञ्चायती व्यवस्थाको विरुद्ध नेपाली काँग्रेसमा कार्यरत थिए । निरङ्कुश पञ्चायती सत्ताको विरोधमा लाग्नेहरूलाई त्यो बेला अराष्ट्रिय तत्व भनिन्थ्यो । उनी पनि अराष्ट्रिय तत्त्व हुन् भन्थ्यो तत्कालीन सत्ताले । एक दिन सुरक्षा कर्मीद्वारा चितवनमा तिनको हत्या भयो । ज्वाईंको यस्तो वीभत्स हत्याबाट समजीलाई असाध्य चोट लाग्नु स्वाभाविकै हो । यस प्रसङ्गमा अस्वाभाविक लाग्ने एउटा घटना देख्दाचाहिँ म छक्क परेको थिएँ । घटना यस्तो थियो– त्रिभुवन विश्वविद्यालय नेपाली विभागले राजाको जन्मोत्सवका अवसरमा साहित्यिक गोष्ठी गरेको थियो । समजी प्रमुख अतिथि हुनुहुन्थ्यो । आफ्नो पालोमा बोल्दा समले अन्त्यमा भन्नुभयो– 'म सदैव मौसूफको श्रद्धा अर्चनामा रम्न पाउँ । शालिक हुँदासम्म पनि महाराजधिराज सरकारप्रतिको मेरो भक्तिभाव कायम रहिरहोस् । यसैगरी स्तुतिमा शिर निहुराउन पाइरहुँ' समजीको यस्तो मन्तव्य सुन्दा मलाई अनौठो लाग्यो । राजाकै सत्ताद्वारा ज्वाईंको हत्या भएको छ । छोरी विधवा भएकी छन्, आफ्नो परिवारमा आइपरेको यस्तो राक्षसी क्रूर बज्रपातका कारक तिनै राजाको चाकरीमा सम यस्तो मन्तव्य दिइरहनुभएको छ । आफ्नी छोरीको वैधव्यका कारकप्रति कुनै बाबुले यस्तो भावना राख्न सक्ला ? तर समले सक्नुभयो विचित्र नै होइन त यो ! केही पछि चिन्ताग्रस्त छोरी रश्मिको पनि इहलीला समाप्त भएको थियो । यिनै रश्मिका छोरा नवीन प्रकाश जङ पञ्चायतको समाप्ति पछि त्रिभुवन विश्वविद्यालयको उपकुलपति भएका थिए ।

बालकृष्ण सम वैभव सम्पन्न खानदानी राणा परिवारका सदस्य हुनुहुन्थ्यो । उहाँका बाजे खड्ग

समशेर राणा प्रधानमन्त्री रणोद्दीप सिंहको हत्यामा संलग्न मुख्य व्यक्ति थिए । त्यस हत्याबाट फलिफाप भएका राणजीहरूले उनलाई प्रशस्त धनसम्पत्ति दिएर पुरस्कृत गरेका थिए । समका पिता समर समशेर पनि धनाढ्य राणा थिए । यस्तो पारिवारिक पृष्ठभूमिका बालकृष्ण सम पनि धनाढ्य होलान् भन्ने लाग्नु स्वाभाविकै हो । तर पिता समर समशेरले छोरा बालकृष्णलाई अंशमा ठगेका थिए भन्थे त्यस वेलाका बूढापाकाहरू । समर समशेरले त बालकृष्णको चरित्रहत्या गरेर भ्यालखानामा कोच्ने कोशिस समेत गरेको जानकारहरूबाट थाहा पाइन्छ । अंशबण्डा भएर छुट्टै घरबार गरेर बसेका छोरा बालकृष्णलाई समर शमशेरले आफ्नी भित्रिनी पत्नीसँग यौन सम्बन्ध राखेर हाडनाता करणीको अपराध गरेको अभियोगसम्म लगाएर श्री ३ जुद्ध समशेरकहाँ उजुर गरेछन् । समर समशेरको लहैलहैमा लागेर झण्डै जुद्धले बालकृष्णलाई दण्डित गर्नै लागेका रहेछन् तर यो मिथ्या कुरा हो भन्ने बुझेका काजी रत्नमानले ती भित्रिनी मैयाँ र बालकृष्ण दुवैलाई उपस्थित गराएर कुरा सुनेर मात्र फैसला गर्ने सुझाव इजलासमा दिएछन् । जुद्ध समशेरलाई मनासिव लागेपछि दुवैलाई झिकाइएछ । समजीको सामुन्ने पर्नेबित्तिकै हडबडाएर ती भित्रिनीले यो सबै कुरा जालसाजी हो फजूल हो, उहाँसँग मेरो त्यस्तो कुनै सम्बन्ध छैन, मलाई आमासरह मान्नुहुन्छ भनेर प्रतिवाद गरिछन् । तिनको यस्तो बयानपछि समजी निर्दोष ठहरिनुभएछ । आफ्नै छोरालाई त्यस्तो पापाचारमा फसाएर दण्डित गराउन खोज्ने पिता समर समशेरको षड्यन्त्र यसरी विफल भएछ । व्यङ्ग्य स्रष्टा वासुदेव लुइँटेलको समसँग नजीकको सम्पर्क थियो । उहाँबाटै थाहा भएका हुन् यी कुरा ।

समजीमाथि लाग्ने गरेको अर्को एउटा आरोपबाट चाहीँ उहाँले पूर्णतया मुक्ति पाउन सक्नुभएन । घटना यस्तो छ– १९९७ सालमा नेपाल प्रजा परिषद्का नेता कार्यकर्ताहरू धमाधम पक्राउ परिरहेको बेला थियो । कवि चक्रपाणि चालिसेका छोरा लक्ष्मीनन्दन चालिसे बी.ए.को जाँच दिंदै रहेछन् । तिनले नेपाली प्रश्नपत्रको उत्तरकापीमा यस्तो लेखेछन्– 'पृथ्वीनारायण शाहले धैर्य र उत्साहका साथ एकीकरणको अभियानमा विशाल नेपाल नबनाएका भए यी नपुंसक राणाहरूको अस्तित्व नै रहने थिएन ।' त्यो उत्तरकापी जाँचिन बालकृष्ण समशेर कहाँ पुगेछ । आफ्नो राणा कुलप्रतिको त्यस्तो लाञ्छना उहाँलाई सह्य भएन । त्यो कापी उहाँले शिक्षा डाइरेक्टर मृगेन्द्र समशेरलाई देखाइदिनुभएछ । श्री ३ कहाँसम्म यो कुरा पुगेपछि लक्ष्मीनन्दनलाई गिरफ्तार गरेर ६ वर्षको कारावास सजाय दिइयो । जेलमा नै क्षयरोगले ग्रस्त भएर ती प्रतिभाशाली युवाको निधन भयो । होनहार छोराको यस्तो दारुण मरणले चक्रपाणि चालिसे अत्यन्त मर्माहत हुनुभयो । यस घटनाले गर्दा आजीवन चक्रपाणि र समको सम्बन्ध सौहार्दपूर्ण बन्न सकेन । तारानाथ शर्माले 'सम र समका कृति' मा यस काण्डका दोषी बालकृष्ण होइनन् गोकुलचन्द्र शास्त्री हुन् भनेर समजीलाई उन्मुक्ति दिने प्रयत्न गरे पनि सत्य किन छोपिन्थ्यो र !

राणाजीहरूका एकमात्र पत्नी हुँदैनथे । ती अनेक उपपत्नी राख्थे । हाम्रा बालकृष्ण समजीले पनि राणाकुलको यो प्रथा अँगाल्नुभएको थियो । हास्यव्यङ्ग्य स्रष्टा वासुदेव लुइँटेलबाट प्राप्त जानकारी यहाँ राख्नु सान्दर्भिक ठान्दछु । वासुदेव नेपाली भाषा प्रकाशिनी समितिमा कार्यरत भएको वेला बालकृष्ण समशेर त्यहाँका अध्यक्ष हुनुहुन्थ्यो । अफिस छुट्टी भएपछि घोडा चढेर बालकृष्ण घण्टाघरबाट नयाँसडकतिर लाग्नुहुन्थ्यो । घोडाका पछिपछि वासुदेवसँग सइस पनि दौड्ने गर्थे । हाल मारवाडी सेवा समिति रहेकै ठाउँसँगै एउटा बहाल थियो । भित्र घरहरू थिए चारैतिर । बालकृष्ण घोडाबाट ओर्लेर भित्रको एउटा घरमा उक्लनुहुन्थ्यो । बाहिर घोडा रुँघेर वासुदेवजीहरू बस्नुहुन्थ्यो । दुईतीन घण्टाभित्र लहडबाजी गरेर

बालकृष्ण आउनुहुन्थ्यो । फेरि घोडाको पछि लाग्दै वासुदेवजीहरू ज्ञानेश्वरसम्म पुग्नुहुन्थ्यो । वासुदेवजीको डेरा त्यो वेला कमलपोखरीमा थियो । उहाँ जनार्दन समलाई पढाउने पनि गर्नुहुन्थ्यो । बालकृष्ण समसँग वासुदेव लुइँटेलको सम्बन्ध सधैँ हार्दिक रह्यो । २०३६ सालमा वासुदेवजीले समदम्पतीलाई आफ्नै घरमा निम्त्याएर तीन घण्टासम्म समकै मुखबाट उहाँको जीवनकथा टेप भर्नुभएको छ । यो टेपका केही अंश मैले पनि सुन्ने मौका पाएको हुँ । त्यो प्रकाशित हुन सके बालकृष्ण समको जीवनका अनेक लुकेका पक्ष प्रकाशमा आउने थिए । नयाँसडक भित्रको त्यो बहालमा समजी कुनै नेवार बालाको आकर्षणमा जानुहुन्थ्यो । ती नेवार रमणीबाट एक पुत्र पनि भएका थिए र उनी पनि आफ्नो नाममा सम नै लेख्थे । तिनको युवावस्थामै निधन भएको कुरा वासुदेवजी सुनाउनुहुन्थ्यो ।

बालकृष्ण समको व्यक्तित्व नेपाली साहित्याकाशमा जति चहकिलो छ व्यक्तिगत आनीबानीमा चाहिँ उहाँको अस्थिर मनोवृत्ति कसैबाट लुकेको छैन । यस्तो व्यवहारलाई स्पष्टसँग भन्दा 'अवसर वादिता' पनि भन्न सकिएला । समजीले राणाकालमा त्यो वेलाका शासकलाई निकै रिझाउनु भयो । फलस्वरूप किशोर वयमा नै उहाँ सेनाको मेजर कप्तान पदमा नियुक्त हुनुभयो । आइएससी पूरा नगरेरै पनि योग्यताले गर्दा उहाँ त्रिचन्द्र कलेजमा नेपाली विषयको अध्यापक हुनुभयो । नेपाली भाषा प्रकाशिनी समितिका अध्यक्ष पनि हुनुभयो । जहानियाँ राणा शासनमा राणा शासकलाई रिझाएका हाम्रा बालकृष्ण समशेर सात सालमा प्रजातन्त्र आउनै लाग्दा राणाविरोधी जुलुसमा चर्का नारा लगाउन पुग्नुभयो । आफ्नो राणा जनाउने नाम 'बालकृष्ण समशेर जङ्गबहादुर राणा'लाई त्यागेर 'बालकृष्ण सम' बन्नुभयो । राणासत्ता सकिएर प्रजातन्त्र आएपछि आफ्नो दरबारको अग्लो पर्खाल भत्काएर बाहिरबाट देखिने गरी होचो पार्नुभयो । प्रजातान्त्रिक समानता देखाउन होला पत्नी मन्दाकिनीलाई 'तपाईं' सम्बोधन गर्न थाल्नुभयो । लवेदा सुरुवाल कोट छोडेर बेग्लै विचित्र प्रकारको पोशाक आफैँले आविष्कार गरेर लगाउन थाल्नुभयो । सत्रसालमा पञ्चायती शासन आएपछि प्रजातन्त्रको विरोध गर्न थाल्नुभो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति बन्नुभो । राजसभा स्थायी समितिका सदस्य बन्नुभो । समजीले देखाउनुभएका यस्ता ढुलमुले चरित्र चाहिँ उहाँको जीवनका विवादास्पद पक्ष हुन् ।

कुनै पनि व्यक्तिमा जतिसुकै महानता भए पनि ऊ सर्वगुण सम्पन्न हुनै सक्तैन । हाम्रा समजीमा पनि यो कुरा लागू हुन्छ नै । गुनैगुनको खानीमात्र भयो भने त्यो व्यक्ति, 'मान्छे' कसरी हुन्छ र ? मान्छेमा त गुण अवगुण दुवै हुन्छन् । हो, उसका योगदानले, राष्ट्रप्रति गरिएका सत्कर्मले नकारात्मक पक्षलाई ढाक्तछन् र उसको व्यक्तित्वलाई महिमामण्डित गराउँछन् । नेपाली भाषा साहित्य कलाका क्षेत्रमा दिनुभएको अद्वितीय योगदानका कारण बालकृष्ण सम नेपाली जातिका अमर स्रष्टा हुनुभएको छ । नेपाली भाषा र नेपाली जाति रहेसम्म जीवित रहिरहनुहुनेछ बालकृष्ण सम !

अन्त्यमा- समजस्ता अमर स्रष्टासँग धेरथोर सान्निध्य पाउन सक्नु आफ्नो जीवनको अमूल्य र अविस्मरणीय उपलब्धि ठान्दछु । वि. सं. १९९५ माघ २४ गते जन्मेर २०३८ साउन ६ गते निधन भएका नेपाली वाङमयका गौरव, अमर साधक बालकृष्ण सममा हार्दिक श्रद्धार्चन !

❖❖❖

निरोग हुनेजस्तो ठूलो लाभ अरू छैन, सन्तुष्ट हुनेजस्तो ठूलो धन अरू छैन, निर्वाणजस्तो ठूलो सुख अरू छैन । – **गौतम बुद्ध**

गर्वोन्नत भयो शिर

■ प्रह्लाद पोखेल

राधा र शारदालाई सम्झिई साथमा लिई
रवीन्द्र-रामका साथ जीवराज सँगै भई
प्रतिष्ठापूर्ण यात्रामा हिँड्यो प्रह्लादको दल
जोश, जाँगर, उत्साह बोकी उत्कृष्ट सम्बल ।

पहिले एउटा दृश्य देखियो नरमाइलो
यात्रा प्रारम्भमै किन्तु थियो प्रातः घमाइलो
अटेरी एउटी नानी पानी पानी बने पनि
उद्धार गर्न चाहेर कदापि सकिएन नि !

यो थियो बसको दृश्य कोटेश्वर पुग्यौँ जहाँ
मूक दर्शक भै हामी टिठ्याएर बस्यौँ त्यहाँ
जनाना अर्धहोशी र बसका स्टाफबीचको
एकतर्फी थियो वार्ता लीला श्रीजगदीशको !

चन्द्रागिरि चढ्यौँ हामी पैले केबुलकारमा
चौधै मिनेटको यात्रा छोटो क्षितिज मार्गमा
भालेश्वर महादेव थिए शिखरमा खडा
स्वस्थानीको कथासाथ बोकी संस्कृतिका घडा ।

अनेकौँ दृश्य आँखाले हेरियो खिचियो त्यहाँ
पोखियो मनको श्रद्धा अर्चना भावना जहाँ
वातावरणको नौलो सुनौलो दृश्य साथमा
हेर्दा हिमालमा किन्तु पाइयो शून्य हातमा ।

धर्ती हाँसेन आकाश ढाकी बादलले सबै
अतः सोभ्याइयो यात्रा ताकी दक्षिणतर्फ नै
यात्रा चित्लाङका लागि थाहा नगरपालिका
हिँड्यो पैदल यात्रीको दल बादल भो फिका !

'आजको स्वच्छ आकाश लिई दायित्व साथमा
यात्राको लक्ष्यमा पुग्न होओस् तागत गाथमा'
यस्तो इच्छा समेटेर थालेको अभियानले
सजिलै पूर्णता पओस् भन्दै यात्रीहरू चले ।

लाली गुराँस फुल्दैछन् घना जङ्गलमा बसी
शिरमा स्यूरिने इच्छा गर्दछन् तर रूपसी
हिँडियो सुस्तरी बाटो इच्छा पूर्ण गरी गरी
खिची सौन्दर्यको शोभा अघाउन्जेल बेसरी ।

अभिभावक उत्साही चढे गुराँसको रूख
परिपक्व थियो बानी चढ्दा हुन्थ्यो कहाँ दुख !
बर्सियो सुखको वर्षा थुङ्गा गुराँस साथमा
सुहायो हातमा केही सजियो माथमाथमा ।

पुग्दा बस्ती सिरानैमा माछाका परिकारले
गरे स्वागत यात्रीको उद्योगी परिबारले
मत्स्यपालन उद्योग यहाँ फस्टाउने क्रम
देखियो लेखियो पक्कै 'फल्ला फुल्ला परिश्रम' ।

'यात्री'को रचना गर्न देवकोटा पुगे यहीँ
हेरी संस्कृतिका रूप अघाइन्न जहीँ तहीँ
'गुरुज्यू' छन् यहीँ धारा सनातन चिनाउने
स्वादिलो मूलको पानी धारामा कल्कलाउने

पाँच धाराहरू हेर्‍यौँ सात धाराहरू कतै
खुला प्रकृतिको राज्य फैलिएको जताततै
चिनाए राजले सारा भुइँचालो गयो कति
देखाए रुग्ण उद्योग भने कति भयो खती

चन्द्रागिरि चढी चन्द्रा-गिरि आवास आइयो
पुगी चित्लाङको बास मीठो स्वागत पाइयो
सन्ध्याकालीन संक्षिप्त गोष्ठिका अजमाइयो
कविता-गीतका साथ खाजा स्वादिष्ट खाइयो

जीवराज जमे पोखी कविता-काव्य-सौरभ
गाई प्रणयका गीत थप्छन् रवीन्द्र गौरव
प्रह्लादबाट गोष्ठीको भयो मङ्गल वाचन
श्रोता, दर्शकदीर्घाले गरेथे अभिवादन ।

प्रातर्भ्रमणमा घुम्दै बगैंचा क्षेत्र सुन्दर
आँखा या क्यामराभित्र खिची दृश्य मनोहर
खाई फापरको रोटी गरियो पेटपूजन
चिटिक्क ठिक्क संक्षिप्त भो सन्तुलित भोजन ।

हिँडियो हेर्नका लागि साङ्गोपाङ्गो अवस्थिति
कतै भौतिकता फेरि कतै अध्यात्मको स्थिति
ऐतिहासिक आस्थाका हेरी केही धरोहर
जिज्ञासासाथ यात्रीको भयो यात्रा सरासर ।

वाणासुर कतै आए कतै अशोकको स्थिति
उषा र चित्ररेखाको कतै हुन्छ उपस्थिति
कतै पौवा कतै पाटी ढुङ्गाका भव्य मन्दिर
हेरी मन्दिरका मूर्ति गर्वोन्नत भयो शिर ।

शिलापत्रहरू पायौँ इतिहास चिनाउने
देवीनाचहरू हेर्ने डबली छन् सुहाउने
हेरिए देखिए ज्यूँदा पुरातन कुराहरू
यी जीवन्त कुरा कल्ले संरक्षण गरोस् बरु ।

बखापालन उद्योग प्रारम्भिक भए पनि
उत्साहित भएको छ स्थानीय जनजीवनी
बाखाका दूधको चीज बन्ने उद्योग हेरियो
चीज-वाइन चाखेर जिब्राको स्वाद फेरियो ।

यहाँ संस्कृतिको रूप-रङ्ग देखिन्छ वास्तव
रक्षामा खटिएका छन् जहाँ स्वच्छन्द भैरव
श्रीतलेजु भवानी छन् अनेकौँ देवसाथमा
चित्लाङ छ सधैँ ताजा हरियाली छ माथमा ।

नेवारी संस्कृति ज्यादा त्यस्तै तामाङ संस्कृति
मिल्दा अरू बनेको छ साझा राष्ट्रिय झङ्कृति
चैत्य जाने थियो बाटो यो चित्लाङ सनातन
अहिले रूप फेर्दैछ यसले अधुनातन ।

कतै शाह कतै राणा-बासका दरबार छन्
कतै शैक्षिक संस्थाका उज्याला घरबार छन्
थियो प्राचीनताभित्र मिसिएको परम्परा
त्यही प्राचीनता फेर्दै मुस्काएको छ यो धरा ।

हेरियो देखियो धेरै ऐतिहासिक सम्पदा
यी संरक्षणका निम्ति अप्ठ्यारो छ यदाकदा
नपरे राज्यको ध्यान मासिएलान् कि सम्पदा
भन्ने चिन्ता र चासोले पिरोलेको छ सर्वदा ।

हो पर्यटनको राम्रो हाम्रो गन्तव्य गम्किलो
देख्यौँ आत्मीयता प्यारो वातावरण चम्किलो
बन्दा बस्नेतजी हाम्रा राम्रा पथ-प्रदर्शक
जानकारी मिली राम्रो भए सन्तुष्ट दर्शक ।

शरीर श्रम गर्दैछ आत्मा बन्दैछ झन् खुसी
चित्ताकर्षक छन् दृश्य मन मार्दछ बुर्कुसी
हिँड्दा शरीरमा केही दुख्ने गल्ने भए पनि
खुसी मान्दैछ झन् धेरै यात्रीको जनजीवनी ।

घना जङ्गलको घेरो पूर्व-पश्चिम-उत्तर
सेरोफेरो सबै लाग्छ धरा अत्यन्त उर्वरा
खेतका डिलमा हिँड्दै खाँदै केराउका मुना
नयाँ आस्वाद पाएर पर्दछन् मख्ख पाहुना ।

राधाकृष्णहरू पायौँ राधिका श्रमसाधिका
सा-राजन-हरू रम्दै पार्छन् स्वर्ग यहाँ फिका
खुसियाली छ आँखामा भाकामा कविता कि ता
हरियाली छ पाखामा धर्ती छन् अपराजिता ।

च्याउ छन् काउली, साग, भुइँस्याउ तथा मुला
फर्सी, गाजर, नास्पाती, सप्रिएका ठुला मुला
अर्गानिक गरे खेती फाइदा हुन्छ निश्चय
भन्ने स्थानीयवासीको देखियो स्पष्ट आशय ।

यात्रीका बासका निम्ति बनी स्वागतका घर
मन्द मुस्कानका साथ चल्छन् आतिथ्य आदर
सत्कार छ निकै राम्रो, राम्रो स्वागतको गति
यही गति लिई आओस् उत्तरोत्तर उन्नति ।

फर्कियौँ बन्दगाडीमा अड्डासार गरेसरि
बन्द छन् बाहिरी दृश्य च्याउँदा पनि बेसरी
बाटो बिस्तारका लागि सञ्चालित छ मेसिन
तथापि एउटा दृश्य आयो प्रत्यक्ष देखिन ।

सुन्दरी साथमा हिँड्दा बिग्री मोटरबाइक
आधा जङ्गल बाटामा किंकर्तव्यविमूढ भै
न ता बोक्नु न ता टोक्नु न ता ठोक्नु भएपछि
यस्तो दृश्य यहाँ हेर्दा परियो अक्कबक्क नै ।

सन्दर्भ :

- *२०७३ माघ २१ र २२ गते मकवानपुर जिल्लाको थाहा नगरपालिकास्थित पर्यटकीय गाउँ चित्लाङको यात्रा ।*
- *सहयात्रीहरू : रामप्रसाद पन्त, रवीन्द्र कर्माचार्य, जीवराज धिमिरे, राधा धिमिरे, प्रतिष्ठा धिमिरे, शारदा पोखेल र प्रह्लाद पोखेल ।*

❖❖❖

हिंसामा माया हुन सक्दैन

■ **राधेश्याम लेकाली**

मलाई अँध्यारो
पटक्कै मन पर्दैन
त्यसैले
घामलाई
छेक्ने कोशिष नगर
सायद,
मजस्तै
स्वतन्त्रताका पखेटाहरूलाई
बन्धन मन पर्दैन ।

त्यसैले,
पर्खाल बन्ने
कोशिष पनि नगर
लडाइँ
कसैको हितमा हुँदैन
कसैले लडाइँ
जितेको थाहा पनि छैन
लडाइँ
जितेको घोषणा गर्नेहरु
आत्मग्लानीले
आफै हारिरहेको हुन्छन् ।

हिंसा र प्रतिहिंसाका
खेलाडीहरू
पश्चात्तापमा परेका छन्
घाउ दिएर
मलमपट्टीको के अर्थ र ?
यातना दिएर
मायाको के अर्थ र !

❖❖❖

समीक्षा

'कुलुङ्गाकी आमा' भित्र विचरण गर्दा

■ माधव घिमिरे

नेपाली साहित्यमा निबन्ध विधा त्यति प्राचीन होइन । देवकोटाबाट आधुनिक निबन्धको आरम्भ भयो । 'निबन्ध' शब्द भने तत्सम शब्द हो, जसको अर्थ हुन्छ– 'छरिएकालाई समेटेर, बाँधेर राख्नु ।' प्राचीन ग्रन्थहरू भोजपत्र, ताडपत्र आदिमा लेखिन्थ्यो, लेखिएका पत्रहरूलाई बाँधेर राख्ने अर्थमा निबन्धन वा निबन्ध शब्द आयो । तर वर्तमानमा भने अहिलेको निबन्धको स्वरूप अमेरिकाबाट आयो । त्यहाँका स्रष्टा हेनरी हड्सनले नै निबन्धको आन्तरिक र वाह्य स्वरूपको परिभाषा गरे । जुन परिभाषाबाट नै संसारमा आधुनिक निबन्धको श्रीगणेश भयो । सोही अनुरूप देवकोटाले सर्वप्रथम यसलाई नेपाली साहित्यमा भित्र्याए ।

निबन्धका विविध स्वरूप हुन्छन्– वर्णनात्मक, विवरणात्मक, आत्मपरक आदि । तर आत्मपरक वा भावपरक स्वरूपलाई नै उत्कृष्ट शैलीका रूपमा देश विदेशमा निबन्धकारहरूले स्वीकारेका छन् । स्वयम् देवकोटाका निबन्ध सबै आत्मपरकमा नै छन् । विवेच्य निबन्धसङ्ग्रहका स्रष्टा अहिलेसम्म राजनीतिज्ञका रूपमा जनतामा परिचित थिए भने अब कुशल निबन्धकारका रूपमा चिनिए । 'गद्यं कवितां निकषं वदन्ति' भने झैं स्रष्टाहरूको श्रेष्ठताको प्रमाण गद्यलेखन त्यसमा पनि निबन्धमा पाइन्छ । यो सूक्ति अनुसार निबन्धकार शर्माको निबन्धले पनि उनको वैचारिक प्रस्तुतिको श्रेष्ठतालाई औँल्याउँछ । जीवनको ऊर्जावान् समय राजनीतिमा बिताएका शर्माका यी निबन्धहरूमा राजनीतिक चिन्तन भित्रिनु त्यति असमान्य होइन । प्राय:जसो निबन्धमा यो प्रवृत्तिगत रूपमा नै पाइन्छ ।

तेइसवटा ठिक्क आकार-प्रकारका निबन्धहरू यो सङ्ग्रहमा सङ्कलित छन् । कृतिको आरम्भमा नै प्रा.डा माधवप्रसाद पोखरेलको विस्तृत भूमिका पढेपछि पाठकलाई सङ्ग्रहको निबन्धबारे निकै जानकारी प्राप्त हुन्छ । वास्तवमा यो पढेपछि निबन्धसङ्ग्रह नपढे पनि हुन्छ । त्यस्तै 'मेरो भन्नु'मा निबन्धकारको विचार पढेपछि निबन्ध कुन बान्कीका रहेछन् भन्ने थाहा हुन्छ ।

राष्ट्रप्रतिका अगाध मायाले निबन्धकार भावुक हुनुभएको छ । राष्ट्रमा देखिएको अवस्थाले, विसङ्गतिले फेरि उत्तिकै चिन्तित बन्नुभएको छ । सबै निबन्ध आत्मपरक शैलीमा भए पनि केही निबन्धहरू अन्य विविध शैलीमा छन् । जस्तै : 'भूकम्पको पीडा'मा वर्णनात्मक शैलीमा आख्यान मिसिएको छ । 'त्राश' वर्णनात्मक शैलीमा भूकम्प गएको अवस्थाको कारुणिक चित्रण छ ।' काँक्रे बिहारको काख' नियात्रा मिसिएको पुरातात्विक वर्णन हो ।' घोडाघोडी ताल विशुद्ध नियात्रा हो भने 'इटहरी...' पनि नियात्रा नै हो ।

'धन्य निर्वाचन' मा नेपाली साहित्यका अग्रज स्रष्टा भानुभक्त आचार्य लगायत अन्य स्रष्टाहरूको सम्झना गरिएको छ । 'कुलुङ्गाकी आमा' (जुन निबन्धको नाममा निबन्धसङ्ग्रहको नामकरण भएको छ) । नेपाली समाजको यथार्थ चित्रण हो । जात-जातको सङ्कुचित घेरोले मानिसलाई सम्वेदनशील मात्र बनाउँदैन विभाजनको रेखा

पनि लगाउन सक्छ भन्ने सन्देश दिन खोजिएको छ । अर्कोतिर 'आमाको ममत्व नै महान् हो'– यो सन्देश पनि निबन्धले दिन्छ ।

परिस्थितिले शर्माजीलाई कठोर राजनीतिक पार्टीको कठोर नेता बनाएको रहेछ । वस्तुतः उनी कोमल हृदयका ऊर्जावान् स्रष्टा हुन् भन्ने चेत पाठकलाई दिन यो सङ्ग्रह सफल भएको छ । जीवनका जतिसुकै आरोह-अवरोह तर्दै बढ्नु मानवको स्वभावै हो । पोखरीमा जमेको पानी नभएर स्वच्छ कल-कल बग्ने नदी प्रवाह झैं मानवको जीवन हुन्छ । त्यसैले सोझो रेखामा जीवन कसैको पनि चलेको हुँदैन । शर्माजीले पनि यस्तै बाङ्गा-टिङ्गा घुमाउरा जीवनको पथमा सँगालेका अनुभूतिको पेटारो नै यो निबन्धसङ्ग्रह हो भन्दा अत्युक्ति नहोला । आफ्नो कर्मथलोको कार्यले शर्माजीलाई अमरत्व प्रदान गर्दैन, अमरत्व प्रदान गर्ने त लेखनका माध्यमले सिर्जित 'रचना' हरू नै छन् । यो कुरा धेरैले बुझेर पनि त्यसको आभास अरूलाई दिन सक्दैनन् । तर शर्माजीले बुझ्नुभएकोले नै आफ्नो सिर्जनामार्फत् अमरत्वतर्फ उन्मुख हुनुभयो । यो राम्रो चेत हो । अत्यन्त आकर्षक आवरणमा १९६ पृष्ठको यो निबन्धसङ्ग्रहको छपाइ भाषिक शुद्धता आदिमा खोट लागाउन सकिँदैन ।

❖❖❖

मेरो चाहना

■ **डा. शैलेन्दुप्रकाश नेपाल**

कहाँ म जन्मेँ, कसरी म आएँ
घुमे कहाँ के कति दुःख पाएँ
जिज्ञासु बन्दै नवमार्ग खोजी
तेजी बनूँ जीवन शुद्ध रोजी !

विलास सारा निमिट्यान्न पारूँ
विकास साझा सबमा फिजारूँ
हिमाल हाँसोस् र मधेस नाचोस्
नेपाल लाखौँ युगसम्म बाँचोस् !

सुभाव छाओस् दिल भित्रभित्र
बनून् सबै ती रसिला सुमित्र
परोपकारी नव योजना ती
फैलेर जाऊन् नव पुष्प भाँती !

नयाँ छ संसार विचित्रताको
सन्देश छर्दै छ पवित्रताको
उत्फुल्ल बन्दै समयै रमाओस्
अनन्तताभित्र अनन्त पाओस् ।

म आज बोल्दै छु उमेर पाई
संसार मेरो वशमा बनाई
म पूर्ण आफै सुकुमार स्वच्छ
हाँसेर हिँड्दो छु, विचार उच्च ।

❖❖❖

तपाईंले निजीस्तरबाट प्रकाशित हुने 'दायित्व'लगायत अन्य साहित्यिक पत्रिकाहरू पढ्नुभएको छ ?

रचना, अभिव्यक्ति, भानु, रश्मि, वेदना, हाम्रो पुरुषार्थ, नाद-बिन्दु, चैतन्यज्योति, वनिता, जनमत, उन्नयन, तन्नेरी, वैश्वानर वार्ता, मनोभाव, अयन, दोभान, अभिनव, शब्दाङ्कुर, अक्षर, अन्तर्बोध, महामण्डल, साहित्यसागर, नव-प्रज्ञापन, शब्दसंयोजन, कौशिकी, ज्ञानगुनका कुरा, निर्झर, कल्पतरू, वैजयन्ती, शब्दसिन्धु, हिमाली गुराँस, फित्कौली, सुलेख, कपन-बानेश्वर, संसाक, रजस्थल आदि ।

कथा

आत्मकथा आमाटोकुवीको

■ कन्हैया नासननी

म आमाटोकुवी । म जन्मेको बेलामा आमा मर्नुभएको थियो । म बचेँ, आमा मर्नुभयो । म नबाँचेको भए आमा मर्नुहुन्नथ्यो कि ! म किन बाँचेँ हुँला ? बरु आमा बँच्नुभएको भए हुन्थ्यो ।

मैले सुनेकी थिएँ, सक्दो प्रयास गरेका थिए रे डक्टरहरूले आमालाई बचाउन । तर प्रयास सफल भएन । त्यस बेलादेखि बालाई डक्टरहरूको क्षमतामाथि विश्वास नभएको रे ! सम्भवतः बाले आमाको जीवनरक्षाका लागि ईश्वरको पुकारा गनुभएको थियो, धेरै-धेरै ईश्वरहरूको । तर बाको पुकार फलिभूत भएन । त्यसैले हुनसक्छ बालाई ईश्वरप्रति आस्था नभएको ।

म अबोध शिशुलाई ठूलीआमाले बोकेर घरमा ल्याउनुभयो । आमाको शवलाई शववाहनमा राखेर पाटन अस्पतालबाट आर्यघाटमा लगे । बा विक्षिप्त अवस्थामा पुगको मान्छेजस्तै हुनुभयो । त्यसो भएरै होला, घरका सबै रोए तर उहाँका आँखा भिजेनन् । टोलाइरहनुभयो उहाँ । आमाको लास उहाँले जलाउन दिनुभएन । धेरैले सम्झाईबुझाई गरेपछि बल्ल उहाँले हठ त्याग्नुभयो । त्यसपछि उहाँ रुन थाल्नुभयो । नियति र प्रारब्धसँग कसैका जोड नचल्ने बोध उहाँलाई भइसकेको हुँदो हो । आर्यघाटबाट फर्केपछि उहाँले रोएको-रोएकै गर्नुभयो । यी सबै मैले सुनेको भरमा थाहा पाएकी हुँ । यथार्थलाई विश्वास गर्न प्रमाणको आवश्यकता पर्दैन । मलाई थाहा छ । आफू नितान्त निरीह भएको अनुभूत भएपछि मान्छे त्यसरी रुन्छ । यो मलाई आफ्नै अनुभवले सिकाएको तथ्य हो ।

आमाटोकुवीको संज्ञा पाएकी प्राणी म । मेरो नाम त सुमित्रा हो ।

म अभागीले जन्मेको दुई महिनापछि भाग्यले एउटी धाईआमा पाएँ । तिनी त्रिशूलीको एउटा गाउँमा बस्ने मगर जातकी स्वास्नीमान्छे थिइन् । जन्मेको दुई महिनापछि तिनको छोरो मरेको थियो । तिनको लोग्ने जेठी फुफाज्यूको अफिसमा काम गर्थे । तिनका अरु केटाकेटी थिएनन् । त्यसैले मेरो स्याहारसुसार गर्न फुफूले तिनलाई मनाएर घरमा ल्याएकी थिइन् । हुन त तिनी एक वर्षमात्र बस्ने शर्तमा आएकी थिइन् । तर बिताइन् तिनले दुई वर्ष हाम्रै घरमा र तीन वर्ष मामाघरमा । हामीकहाँ बस्न आएको चार महिना नबित्दै सौता हाल्ने आफ्नो पोइको मुख हेर्ने इच्छा तिनलाई भएन रे ! तिनकै काखमा लडीबुडी खेली तिनकै दूध खाएर मैले आफ्नो शैशव कालको पहिलो चरण गुजारेँ । दुई वर्षपछि मलाई जिज्यूमुमाको आग्रहमा मामाघर पोखरामा पाल्न पठाइयो । त्यहाँ तीन वर्ष बसेर मलाई हुर्काउने जिम्मा जिज्यूमुमालाई सुम्पेर तिनी लुरुक्क आफ्नै घर त्रिशूलीमा गइन् । त्यसो भए पनि तिनी मलाई हेर्न बरोबर पोखरामा आउने र केही दिन बस्ने गर्थिन् । मैले तिनलाई पछि आमा नै भन्ने गरेँ ।

भाग्यमानी शिशुले बाबुआमाको सन्तुलित माया पाएको हुन्छ भनिन्छ । तर मैले भने बाबुको माया कहिल्यै पाइनँ । के बा मलाई घृणा गर्नुहुन्थ्यो

त उसोभए ? त्यस्तो सम्झनु अधर्म हो भने यति भन्नु त अनुचित नहुन सक्छ कि बा मलाई मन पराउनुहुन्नथ्यो । धाईआमाले भनेअनुसार बाले मलाई काखमा लिनु त परै जावस्, आफ्नो आँखाअगाडि परेको समेत मन पराउनुभएन । सम्भवतः धाईआमालाई बाको यस्तो व्यवहार र मप्रतिको दृष्टिकोण खट्केको हुनुपर्छ । निःसन्देह म बाबुको लाडप्यारको हकदार बनोस् भन्ने तिनी चाहन्थिन् । एक पटक म त्यस्तै छ महिनाकी हुँदी हुँ, बा कोठामा एक्लै भएको बेलामा मलाई छाडेर चतुरताका साथ तिनी बाहिर निस्कँदै थिइन्, बा यसरी कड्कनुभएको थियो रे– 'किन यहाँ छाडेको यो बच्चीलाई ? लैजाऊ तुरन्त । नत्र म झ्यालबाट फालिदिन्छु ।'

बाको मन पग्लनेछ र मलाई काखमा लिनेछन् भन्ने आफ्नो अनुमान गलत सावित भएको बोधले आहत भएकी धाईआमाले लम्केर मलाई छातीमा लपेटी कोठाबाट निस्केकी थिइन् रे ! त्यो दिनदेखि तिनले मलाई बाको नजिकै पार्नुभएन रे ! त्यो बेलातिर हाम्रो परिवार त्यति ठूलो पनि थिएन । ठूलोबा, ठूलीआमा, कान्छी फुफू, बा र मसमेतगरी जम्मा पाँच जनाको परिवार । ठूलोबा आफ्नो पुर्खौली पसल कपडापसलमा बस्नुहुन्थ्यो । पसलमा बा पनि बस्नुहुन्थ्यो । फुफूले ब्युटी पार्लर खोल्नुभएको थियो । ठूलीआमा एउटा एनजीओमा काम गर्नुहुन्थ्यो । तसर्थ मेरो स्याहारसुसारको जिम्मा पूरै धाईआमाको काँधमा पर्न गयो । त्यसैले पनि होला, मेरो मामाघर पोखराबाट जिज्यूमुमाले मलाई त्यतै राख्ने गरी ल्याउन गरेको आग्रहलाई घरमा सबैले मानेपछि खुशी भएर तिनी मलाई बोकी मामाघर आएकी थिइन् रे !

मानिसहरूले गर्भमै बोल्न सिकेका ठानिने दुई शब्द 'बा' र 'आमा' भन्ने सौभाग्य नपाएको बोध मलाई स्मरणशक्तिको जागरण भएको बेलादेखि नै भयो । म अझै पनि सम्झन्छु, मामालाई अनायास 'बा' भनेर सम्बोधन गर्नपुग्दा जिज्यूमुमाले 'बा होइन, मामा भन, नानु !' भन्नुभएको थियो । माइज्यूलाई नाताअनुसार सम्बोधन गर्न पनि वहाँले नै सिकाउनुभएको थियो । तर धाईआमालाई मैले 'मा' भनेर सम्बोधन गर्नेगरेको म राम्ररी सम्झन्छु । तिनले पनि मलाई 'छोरी' नै भन्ने गर्थिन् । मामाका दुई छोरी र एक छोराले मात्र मामालाई 'बा' र माइज्यूलाई 'आमा' भन्ने अधिकार पाएको मलाई शनैः शनैः थाहा भयो । यस्तो स्थितिबाट उत्पन्न हुने पीडाबोध र उदासीनताले मलाई समय बितेको अनुपातमा गाँज्दै लग्यो । पीडाबोध र उदासीनता त्यसबेला उत्कर्षमा पुग्यो, जुन बेलादेखि मलाई आफू हुर्कँदै गरेको घर खास आफ्नो होइन भन्ने थाहा भयो । मामाकी जेठी छोरी नीरा दिदीसँग मेरो बरोबर झगडा हुन्थ्यो । तिनी उग्र स्वभावकी केटी थिइन् । एक पटक तिनले मलाई 'यो तिम्रो घर होइन । यो त हाम्रो घर हो । तिम्रो घर काठमाडौँमा छ ।' भनेकी थिइन् । तिनले यसो भनेको मैले जिज्यूमुमालाई बताएँ । वहाँले यसो भन्नुभएको थियो – "यो अब तिम्रो पनि घर हो ।"

"होइन, यो मेरो घर होइन । मेरो घर त काठमाडौँमा छ ।" मैले रुँदै भनेकी थिएँ ।

मामाका कान्छी छोरी र छोरा भने मसँग मिल्ने स्वभावका थिए । तर कुनै बेला नीरा दिदीसँग झगडा भयो भने तिनीहरू दुवै जना नीरा दिदीको पक्ष लिन्थिन् । आफ्नो र पराया भावको त्यो दृष्टान्त असह्य थियो । तर के गर्ने ? म मुटु मिचेर सहन बाध्य थिएँ । परिस्थितिले मलाई शान्त र सहनशील बन्न सिकायो । बाहिर मेरा खेल्ने साथी त्यतिका थिएनन् । त्यसैले होला, मलाई घरमा भन्दा स्कुलमा समय बिताउन मन पर्थ्यो । म पढाइमा तेज पनि थिएँ ।

नीरा दिदीले एक दिन आफैले निहुँ खोजेर मसँग झगडा गर्नुभो । मैले साहस बटुलेर जिज्यूमुमालाई भनेँ– "म काठमाडौँमा हाम्रो घरमा जान्छु ।"

जिज्यूमुमाले सोझो हिसाबले मान्ने नदेखिएपछि मैले रोइकराइ गर्न थालेँ । आफ्नो केही नलाग्ने देखेपछि वहाँले मामा र माइज्यूलाई फकाउन लगाउनुभयो । मैले जिद्दी गर्न छाडिनँ । पछि तिनीहरूले पनि हार माने । वास्तवमा मलाई काठमाडौँ पठाउने बन्दोबस्त मिलाउन त्यति सजिलो थिएन । मामालाई काठमाडौँमा ठूलोबा र ठूलीआमासँग पटक-पटक फोनमा कुरा गर्नुपर्‍यो । केही दिनपछि ठूलोबा र कान्छी फुफू मलाई लिन पोखरामा आउनुभयो । म राम्ररी सम्झन्छु, ठूलोबाको औँला समातेर घरबाट निस्कँदा भ्यालबाट हेरिरहेकी नीरा दिदीका आँखामा आँसु टलपलाएको थियो । एक किसिमको पश्चाताप र मायाको आँसु थियो त्यो । म केवल तिनको मुख हेरेर हाँस्न-हाँस्न खोजेँ ।

यस प्रकार आठ वर्षपछि मैले आफ्नो घरमा पाइला टेकेँ । आठ वर्षपछि मैले आफ्नो साखै बाबुको नाता पर्ने प्राणीलाई राम्ररी देख्ने मौका पाएँ । सम्पर्कविहीनताको लामो अवधिले गर्दा पनि हुन सक्छ, वहाँलाई 'बा' भनेर सम्बोधन गर्न सङ्कोचवश मेरो मुख खुल्दैनथ्यो । सम्भवतः मलाई 'छोरी' भनेर सम्बोधन गर्न वहाँलाई पनि सङ्कोचपनले छेकेको थियो । कहिलेकाहीँ म अगाडि पर्दा वहाँले छलेर अन्यत्र जाने गर्नुहुन्थ्यो । जे भए पनि समय भने राम्ररी बितिरहेको थियो । स्कुलमा भर्ना गर्ने कुरा चलिरहेको थियो । अधिकांश समय म ठूलोबाको तीन वर्षको छोरासँग खेलेर बिताउँथेँ । बालाजुमा बस्ने एक जना केटासँग कान्छी फुफूको विवाह भएको थियो । म आएकै दिन फुफू र फुपाज्यू मलाई हेर्न आउनुभएको थियो ।

म आएको त्यस्तै एक महिनापछिको कुरा हो, बा घरमा नभएको सम्झी कौतूहलबश म बाको कोठामा पसेँ । घरबाट निस्कनुपर्दा बाले ताला नलगाई कोठा बन्दमात्र गर्ने गर्नुहुन्थ्यो । साधारण थियो बाको कोठा । मैले कोठाको चारैतिर हेरेँ । अनायास टेबिलमाथि अड्याएर राखिएको एउटा तस्वीरले मेरो ध्यान आकृष्ट गर्‍यो । तस्वीर सुट र टाईमा सजिएका मेरा बा र दुलहीको भेषमा सजिएकी एउटी स्वास्नीमान्छको थियो । दुवै उभिएको मुद्रामा पूर्ण कदमा थिए । स्वास्नीमान्छे मेरी आमा हुनुपर्ने मेरो अनुमान सत्यतातिर उन्मुख भएको मलाई आभास भयो । स्वास्नीमान्छको अनुहार मेरो अनुहारजस्तै देखिएकोले पनि ममा त्यस्तो आभास भएको थियो । मामाघरमा मामा र माइज्यू सँगै बसेर खिचेको त्यस्तै एउटा तस्वीर मैले दखेको थिएँ । माइज्यूका छोरीहरू दुवैका अनुहार माइज्यूको अनुहारसँग मिल्थ्यो ।

सामान्य किताबजति मात्रको साइजको त्यो तस्वीर हातमा लिएर त्यसमा देखिने आफ्नी आमाको नाता पर्ने प्राणीको अनुहारलाई नियालेर हेरिरहनबाट मैले आफूलाई रोक्न सकिनँ । अनायास मेरो पछाडि कसैको पदचाप सुनेर म नराम्रोसँग झस्किएँ । मैले पछाडि फर्केर हेरेँ । पदचाप मेरा बाको थियो । वहाँका चम्केका आँखाले मेरो मनमा भय उत्पन्न गरायो । वहाँले केही नभनी केवल मेरो हातबाट तस्वीर लिनुभयो र यथास्थानमा राख्नुभयो । म बिस्तारै कोठाबाट निस्केँ । बाले कोठा बन्द गर्नुभयो ।

बाले अझै पनि मप्रतिको अपनत्व स्वीकार नगरेको प्रमाणको रूपमा मैले त्यो घटनालाई लिएँ । मेरो संवेदनशीलता नराम्रोसँग आहत भयो । अर्को दिन मैले ठूलीआमालाई भनेँ– "म जिज्यूमुमाकहाँ पोखरामै बस्न जान्छु ।"

निःसन्देह त्यसोभन्दा मेरा आँखा आँसुको पत्रले ढाकिएका थिए । ठूलीआमा मेरो कुरा सुनेर विस्मित भइन् । 'के भयो तिमीलाई ? कसले के भन्यो तिमीलाई ? किन यहाँ बस्न मन नलागेको तिमीलाई ?' इत्यादि प्रश्न सोधेर तिनले म बस्न नचाहेको कारण बुझ्न चाहिन् । मैले केवल सुँक्क सुँक्क गरेर टारें । घटनाको बारेमा मैले वहाँलाई बताइनँ । दुई दिनपछि मैले आफ्नो आग्रह दोहऱ्याएर सुनाएँ । ठूलोबाले पनि मेरो आग्रह थाहा पाइसक्नुभएको रहेछ । वहाँले कान्छी फुफूलाई बोलाएर मलाई फकाउन लगाउनुभयो । तर म मानिनँ । उदासीनताले सीमासम्म अँध्यारो भएको अनुहारले घरमा सबैलाई पिरोल्यो । अन्त्यमा ठूलोबाले मामाघर पोखरामा जिज्यूमुमासँग फोनमा कुरा गर्नुभयो । अर्को दिन ठूलोबाले मलाई पोखरा पुऱ्याएर मामाघरमा छोड्नुभयो ।

म अझै पनि सम्झन्छु, म अगाडि देखापरेको क्षण नीरा दिदीले मलाई आफ्नो आँगालोमा कस्नुभएको थियो । त्यो दिनदेखि पहिले कहिल्यै मिल्न नसेकका हामी दुई कहिल्यै छुट्न नचाहने साथी-साथीजस्तै भयौं ।

यसप्रकार पन्ध्र वर्षको उमेरसम्म म मामाघर पोखरामा बसें । समयको प्रवाहले धेरै परिवर्तन पाखा लगायो । जिज्यूमुमा बितिसक्नुभएको थियो । मामाका दुइटै छोरीको विवाह भइसकेको थियो । घरमा मामा, माइज्यू, वहाँहरूको छोरा र मसमेत गरी केवल चार प्राणी बाँकी रह्यौं । माया र अपनत्वको मैले लगानी गरिसकेकाले होला, मामाघर नै मैले आफ्नो घर ठानिसकेको थिएँ । स्मृतिबाट ओझेल भयो काठमाडौंको मेरो आफ्नो घर ।

एक दिन माइज्यूले सुनाउनुभयो – "सुमित्रा, तिमीलाई लिन काठमाडौंबाट भोलि तिम्रा ठूलोबा र ठूलीआमा आउँदै हुनुहुन्छ !"

नभन्दै अर्को दिन मलाई लिन ठूलोबा र ठूलीआमा पोखरामा आउनुभयो । त्यसरी अकस्मात् मलाई लिन आउनुपर्ने कारण के थियो, त्यो मैले बुझ्न सकिनँ । किन हो कुन्नि, बुझ्ने चासो पनि मैले लिइनँ । मामा र माइज्यूले पनि किन हो कुन्नि मलाई रोक्नुभएन । स्कुलमा हिउँदे बिदा सुरु भएको बेला पऱ्यो । मैले जानु नै उचित ठानें । जे होला होला भन्ठानी पन्ध्र वर्षको उमेरमा म आफ्नो घर गएँ । धेरैपछि मैले थाहा पाएँ, ठूलोबा र ठूलीआमाले मात्र होइन, बाले पनि मलाई आफ्नै घरमा राख्न चाहनुभएको रहेछ ।

मैले बाको मप्रतिको व्यवहारमा मायालुपन पाएँ । म अगाडि पर्दा वहाँले छलेर अन्यत्र जाने गर्नुभएन । मेरो बारेमा केही चासो नलिएको देखाए पनि वहाँले मेरो निगरानी राख्ने गर्नुभएको मैले चाल पाएँ । बरु आश्चर्य केमा भने हामीबीच बोलचाल अझै भएन । संवादविहीनताको लामो अन्तरालले गर्दा सङ्कोचपनको दाग गाढा हुनु यसको कारण हुनुपर्ने मैले ठानें । मप्रतिको स्नेह र अपनत्वको भाव वहाँको मनमा टुसा पलाएजस्तै भइसकेको प्रमाण मलाई बाको मुख हेर्ने दिन मिल्यो । ठूलोबाको बाह्र वर्षको छोरालाई जस्तै मलाई पनि ठूलीआमाले मुख हेर्न चाहिने सामान जुराइदिनुभयो । मैले बाको निधारमा बडेमानको टीका लगाइदिएँ । ठूलीआमाले सिकाएजस्तै मिठाई, वस्त्र र सगुन पनि सुम्पें । हात काम्ने त भइहाल्यो । पछि ठूलोबाको सिको गरेर बाले मलाई टीका लगाइदिनुभयो र दक्षिणास्वरूप हजार जाने नोट दिनुभयो । मुख हेर्ने विधि सिद्धिएपछि मैले सुम्पेका सामान सबै बाले आफैले लिएर कोठामा राख्न जानुभयो । ठूलोबाको सामान त ठूलीआमाले लगिदिनुपऱ्यो ।

मेरो घर, म जन्मेको घर, मेरो आफ्नै घर मामाघर बिर्साउने किसिमको बन्न तब मलाई

धेरै दिन लागेन । समय राम्रैसँग बित्यो । म राम्रै स्कुलमा भर्ना हुन सफल भएँ । थुप्रै साथीहरू बनाउन पनि म चाँडै सफल भएँ । बासँग संवादविहीनताको अवस्था यथावत् रहे पनि उहाँको कोठामा निर्वाधरूपमा आउनेजाने गर्न थालें । वहाँको लुगाफाटो धुने कामको जिम्मा त मैले नै लिएजस्तो भयो ।

बिचरा मेरा बा ! वहाँ यताउति कतै जानुभएको पनि देख्दिनँ । घरबाट पसल अनि पसलबाट अबेला घर आउनेजाने गर्नु नै वहाँको दिनचर्या थियो । ठूलाबालाई जस्तो होइन, वहाँलाई घरमा भेट्न आउनेहरू पनि त्यतिका दखिँदैनन् । एकलासे जीवन जिइरहनुभएको थियो मेरा बाले । त्यसैले होला कान्छी फुपू माइत आउँदा पहिले वहाँ बाको हालचाल बुझ्ने गर्नुहुन्थ्यो । स्वाभाविक रूपमा मलाई परिवारमा घुलमिल गराउनमा पनि वहाँकै हात थियो । यो कुरा सत्य हो ।

मलाई के सुर चल्यो कुन्नि, बा घरमा नभएको ठानी म एक दिन वहाँको कोठामा पसेँ र भित्र भएका सामान एकएक गरी हेर्न थालें । यसो मैले पहिलो पटक गरेकी थिएँ । मैले बाको लुगा राख्ने दराज खोलेर हेरें । दराजको भित्री भागमा सबैभन्दा माथि तख्ता थियो । त्यहाँ मैले टिनको एउटा सानो बाकस देखेँ । कौतुहलबश मैले त्यो बाकस लिएँ र खोलेर हेरें । भित्र स्वास्नीमान्छेले लाउने लुगाहरू र एउटा तिलहरी देखें । लुगाहरूमा एउटा चोलो र एउटा सारी पनि थिए । निःसन्देह ती सबै सामान आमाका थिए । तिनै चोलो र सारी अनि तिलहरी लगाएर आमाले बासँग उभिएर खिचेको तस्वीर नै त टेबिलमा राखिएको थियो ।

मलाई केले प्रेरित गऱ्यो कुन्नि, बिलकुलै नहड्बडाईकन मैले चोलो, सारी र तिलहरी लगाएँ । त्यसपछि धेरै बेरसम्म मैले कहिले तस्वीरमा र कहिले ऐनामा हेर्ने गरिरहें । म बिलकुलै मेरी आमाजस्तै देखिएँ । मेरो अनुहार पनि आमासँग मिल्दाजुल्दो त थियो नै ।

अचानक कसैको पदचापले मलाई झस्कायो । मैले पछाडि फर्केर हेरें । बा आउनुभएको रहेछ । वहाँसँग आँखा जुध्नेबित्तिकै एक किसिमको अपराधबोधले मेरो अनुहार रातो भयो । हावामा त्यसै बिलाउने तिलस्मी क्षमता त ममा छैंदै थिएन । केवल भुइँमा आँखा गाडेर भयभित हुँदै ठिङ्ग उभिरहें । तर मलाई त्यो स्थितिमा धेरै बेर रहिरहनुपरेन । बाले अघि बढेर एक्कासि मलाई अँगालोमा हाली 'छोरी' भनेर विह्वल हुँदै रुन थाल्नुभयो । ममात्र कसरी रहन सक्थें र नरोईकन । धेरै बेर त्यही अवस्थामा रहेर हामीले एक अर्काको काँध आँसुले भिजायौँ ।

त्यस बेलादेखि हामी बाबु-छोरीबीच सम्बन्धको नयाँ अध्याय सुरु भयो । नयाँ अध्यायको सुरुसँगै हामीबीच विद्यमान रहेको संवादविहीनताको कुहिरो बिलायो । त्यो घटनाको सम्झनाले अहिले पनि मेरो मनमा बरोबर चियाउने गर्दछ । त्यसरी आमाको परिधानमा सजिएकी ममा बाले निःसन्देह आमाको आकृति देख्नुभयो । मलाई थाहा छ, आमाको स्मृति अवशेषकै रूपमा भए पनि वहाँको मनमा रहिरहनेछ, कसैले चाहे पनि नचाहे पनि । आमाको सम्झना धुलिएला भनरै वहाँले अर्को विवाह नगर्नुभएको हुन सक्छ ।

यति नै हो म आमाटोकुवीको आत्मकथा । भन्नुपर्ने अलिकति अझै बाँकी छ । त्यो पनि म भनिहाल्छु । त्यो के भने त्यसपछिका मेरा समय राम्रैसँग बिते । कुनै पनि छोरीले आफ्ना बाबाट त्यति माया पाइनहोला, जति मैले आफ्ना बाबाट पाएँ । म शनैः शनैः अति चञ्चल स्वभावकी भएँ । परिस्थितिले छेकिराखेको जन्मजात चञ्चलताको बाँध अकस्मात् भत्किएपछि जो पनि

त्यस्तै बन्छ । ममात्र किन ? तर म पुल्पुलिएको भने सत्य हो । मैले जे भन्थेँ, त्यो पुग्थ्यो अनि ?

मैले एउटा गजबको योजना सम्पन्न गर्ने सोच बनाएँ । त्यो सोच थियो बाको अर्को विवाह गरिदिने । वहाँ बूढो पनि त हुनहुन्न । चवालिस वर्षको उमेरलाई कसरी बुढ्यौली भन्ने ? मैले आफ्नो सोच ठूलोबा र ठूलीआमालाई बताएँ । अवसर हेरी आवश्यक मात्रामा कसरी बुज्रुग र गम्भीर बन्नुपर्छ, त्यो कसैले सिकाउन नपर्दै मैले सिकिसकेकी थिएँ । ठूलोबा र ठूलीआमाले मेरो सोच उचित ठान्नुभयो । वहाँहरूले यस विषयमा बासँग कुरा गर्नुभयो । बाले मान्नुभएन भन्ने मैले थाहा पाएँ । कुरा त्यसै सेलाउला जस्तो देखियो । अनि म छोरीले एउटा चाल चलेँ । मैले त्रिशूली बस्नुहुने ठूली फुफूलाई झिकाएँ, बालाजुको फुफूलाई पनि बोलाएँ र दुवैलाई आफ्नो सोच बताई योजनाको कार्यान्वयनका लागि वहाँहरूको मद्दत मागेँ । राम्रै लागेको पाएँ वहाँहरूलाई मेरो सोच । वहाँहरू पनि बाको अर्को विवाह भएको देख्न चाहनुहुन्थ्यो । वहाँहरूले पटक-पटक बासँग यस विषयमा कुरा गर्नुभएको पनि रहेछ । केवल बाले नमान्नुभएको रहेछ ।

यस पटक पनि वहाँहरूले आफ्नो र मेरो तर्फबाट गर्नुभएको आग्रहलाई बाले स्वीकार्नु नभएको थाहा पाइयो । म सुमित्रालाई सौतेनी आमाको चाहना भएको भन्ने बाले पत्याउनै चाहनुभएन रे ! घरव्यवहारमा लाग्न त्यतिको मन नपर्ने र त्यसमा पनि गृहस्थीमा लाग्न त अब झनै मन नपर्ने रे वहाँलाई ।

कसैको अक्कलले काम नगर्नेजस्तो देखिएपछि म छोरीले आफ्नै अक्कल लगाई एउटा अचुक चाल चल्ने विचार गरेँ । त्यसैअनुरूप मैले कम-कम खान थालेँ र पछि त दुई दिनसम्म खान नै छोडेँ । बाको अगाडि देखापर्न पनि छाडेँ । मैले किन त्यसो गरेको हो, त्यो ठूलो बा र ठूलीआमाले बालाई बताउनुभयो । बालाई पनि थाहा नभएको त नहुँदो हो ।

अन्त्यमा बाले आफ्नो हठ त्याग्नुभयो ।

०००

मैले क्याम्पसको पढाइ भरखरै सिध्याएँ । रिजल्टका लागि केही महिना त पर्खनुपर्ने होला नै । मेरो खास त्यस्तो काम केही छैन । तैपनि कसैले केही काम अह्राउँदा यसो भन्ने मेरो बानी नै भइसक्यो – 'फुर्सत छैन मलाई, फुर्सत छैन । एकछिन पनि फुर्सत छैन । म काममा लागे कल्ले खेलाउला मेरो छुनुमुनु भाइलाई ?

❖❖❖

गजल

■ **लीलाराज दाहाल**

नजरै नजरमा कुटील बात हुन्छ
आफन्तैबाट यहाँ ठूलो घात हुन्छ ।

निर्धक्क हिँड्नु प्यारका यात्री हो
तिम्रो शिरलाई थेग्ने मेरै हात हुन्छ ।

दुःखको नदी तर्न कहाँ थियो नाउ ?
कमिलाको पो त नाउ पात हुन्छ ।

नधाऊ अब भट्टी आनन्दमा झुम्न;
खोजे आँसुमा'नि मीठो मात हुन्छ ।

लेखे प्यारको मसीले पो प्रेमपत्र,
नत्र खाली कागज मात्रै खात हन्छ ।

कर्मैया, सर्लाही

समालोचना

नेपाली नाट्य परम्परामा 'पासी भञ्ज्याङ'ले उठाएको जातीयता र सङ्घीयताको स्वर

■ कृष्ण प्रधान

१. आधुनिक नेपाली नाट्य-परम्परामा तीसको दशकलाई केही नवीन नाट्यलेखन र प्रयोग भएको दशकका रूपमा लिनुपर्छ। यस काममा **अशेष मल्ल**, **सरुभक्त**, **गोपाल पराजुली** लगायतका त्यस बेलाका युवा जमातको उल्लेख्य योगदान रहेको छ। संस्कृत साहित्यका अनुदित नाट्यलेखन र मञ्चनको परम्परालाई भत्काएर मौलिक तर सेक्सपियरेली नाट्यलेखन र मञ्चनलाई भित्र्याउने **बालकृष्ण सम**, इब्सनेली नाट्यचिन्तनलाई भित्र्याउने **गोपालप्रसाद रिमाल** केही भिन्न परिधानमा सामाजिक, ऐतिहासिक र राष्ट्रियताका स्वरलाई केन्द्रित गरी नाटक लेख्ने **भीमनिधि तिवारी**, मनोवैज्ञानिक विषयलाई केन्द्रित गरेर नाटक लेख्ने **गोविन्दबहादुर मल्ल** र **विजयबहादुर मल्ल** ले प्रयोग र प्रस्तुत गर्दै आएको नेपाली नाटकको परम्परालाई नै सम्भवत: भत्काएका छन् माथिका युवापुस्ताका नाटककारले।

अहिले सत्तरीको दशकमा आएर भन्नुपर्दा त्यस बेलाका युवा नाटककारहरू अब साठीको उमेर काटिसकेका छन्। त्यसैले अब तिनलाई युवा भनिरहन सुहाउँदैन। नेपाली नाट्यलेखन र मञ्चनमा **अशेष मल्ल**ले एउटा नयाँ युगलाई नै आरम्भ गरे भन्नुपर्छ। खासगरेर उनले आरम्भ गरेको 'सडक नाटक' को प्रयोग/अभियान नेपाली नाट्य लेखन र मञ्चनमा नै सर्वथा नवीन रह्यो। उनले त्यस शैलीलाई नेपाली नाटकका क्षेत्रमा संस्थागत नै गरेका छन्। अहिले मल्लकै सक्रियतामा **'सर्वनाम'** नामक संस्था त्यसखाले रङ्गमञ्चीय कार्यको उन्नयनमा नै लागिपरेको छ। हुन त यो नाट्यशैली भारतको नुक्कड नाटक परम्पराकै भए पनि र परम्परागत रूपमा नेपालमा देखाउँदै आएको डबली नाच/ नाट्य प्रचलनकै एउटा अधुनातन रूपको झलको दिने भए पनि नेपाली नाट्यलेखन र मञ्चनका क्षेत्रमा, खासगरेर मञ्चनमा, **सडक नाटक** एउटा नयाँ प्रयोग सावित भएको छ। यो नाट्यशैली सामाजिक जनचेतना फैलाउनमा निकै नै प्रभावकारी देखिएकाले पनि अहिले गैर-सरकारी संस्थाहरू लगायत विभिन्न सरकारी निकायले समेत यसलाई आफ्नो तोकिएको कुनै चेतनामूलक कार्यक्रम प्रचार प्रसारको एक माध्यम बनाउन थालेका छन्। चाहे वैदेशिक रोजगारमा जानेहरूको पारिवारिक विखण्डनमाथिको चेतना फैलाउने कुरा होस् वा परिवार नियोजनको साधनको प्रचार प्रसारकै कुरा किन नहोस्, चाहे मानव बेचबिखनका कुरा हुन् वा बालशोषणका कुरा तीनका बारेमा जनचेतना फैलाउने कामा अशेष मल्लले प्रयोग गरेको सडक नाट्यशैली, अहिले निकै प्रभावी बन्न थालेको देखिन्छ। सबै खाले नाटकको मञ्चनमा यो शैली प्रभावी नभए पनि परम्परागत नाट्य रङ्गमञ्चमा यसले ल्याएको भिन्न शैलीको प्रयोगले लागत, समय र रङ्गमञ्चविहीन अवस्थामा पनि नाटक प्रदर्शन गर्न सकिदोरहेछ भन्ने सन्देश भने दिएको छ।

२. साहित्यमा नाटकविधा एउटा निकै चुनौतीपूर्ण विघा हो। यो पाठ्यभन्दा मञ्चनमा बढी विश्वास राख्ने विधा भएकाले पनि यसलाई दर्शकका माझ प्रस्तुत गरेरमात्र यसको सफलता/असफलताको अङ्कल काटिन्छ। कतिपय नाटकहरू पढ्दा आनन्द दिने भए पनि त्यसलाई मञ्चनका दृष्टिले व्यबहारमा उतार्न नसकिने पनि हुन्छ। यसैले नाटक लेख्नेहरूले मञ्चनीय हिसाबले पनि ध्यान दिनुपर्ने हुँदा यसलाई

अलिक तकनिकी भएको विधा भनिएको हो । यो उपन्यास वा कथा लेखेजस्तो होइन । हुन त अचेल रङ्गकर्मीहरूले कविता कथालाई पनि मञ्चन गर्न थालेका हुँदा नाटकमात्र मञ्चित हने विषय रहेन भन्ने सन्देश पनि आउन थालेको छ । तथापि नाटक पाठ्यभन्दा मञ्चनकै लागि लेखिने बिधा भने हो । आकारगत हिसाबले पूर्णाङ्की र एकाङ्की नाटक मूलतः दुईखाले उद्देश्यका हुन्छन्– सुखान्त र दुखान्त । सुखान्त नाटकको उद्भव वा परम्परा पूर्वीय हो भने दुखान्त नाट्य परम्पराको उद्भव थलो पाश्चात्य जगत्, खासगरेर ग्रीस हो । यता पछिल्लो समयमा भने कविता, कथा, उपन्यास र अन्य गद्यलेखनका तुलनामा नेपाली नाटकका क्षेत्रमा उल्लेख्य नाटकहरू आउन सकेका छैनन् । अर्थात् धेरै थोरै नाटककारहरू देखिएका छन् । तीसको दशकमा अशेष मल्ल, गोपाल पराजुली, सरुभक्त, शिव अधिकारी, अभि सुवेदी लगायतका नाटककारहरूका तुलनामा पछिल्लो समयमा केही उल्लेख्य देखिएका नाटककारहरू हुन् कृष्ण शाह 'यात्री', गोपी सापकोटा, धिमिरे युवराज आदि । अचेल व्यवसायिकरूपमै नाट्य घर (थिएटर) हरू निजी क्षेत्रमा सञ्चालित हुन थालेका पनि देखिन्छन् । यो क्रम अब उपत्यकाबाहिर पनि (उदाहरणका लागि मोरङ, झोराहाटमा) शुरु हुन थालेको छ । नाटकप्रति जनभाव बढाउने क्रममा यस्ता काम हुनुले सघाउ नै पुग्छ । कमसेकम त्यस्ता थिएटरहरूमा नाटकहरूको मञ्चन सम्भव हुन्छ र सबै नाटकको मञ्चनमा काठमाडौँका नाचघरहरू धाइरहनुपर्ने बाध्यतालाई पनि तिनले मुक्ति दिलाउँछन् । सिनेमाका पर्दाले भुल्याएका दर्शकलाई केही फरक स्वाद दिलाउन यस्ता थिएटरहरूले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन् । यसले रङ्गकर्मीहरूलाई समेत प्रोत्साहित गर्दछ । त्यसै मेसोमा केही राम्रा नाटककारहरू पनि जन्मिन सक्छन् । तर, यता पछिल्लो समयमा नयाँ साहित्यकारहरूमाझ नाटकलेखनको क्षेत्र उति आकर्षक बन्न सकिरहेको भने देखिँदैन ।

३. प्रस्तुत चर्चा यिनै र यस्तै पृष्ठभूमिमा गर्न लागिएको हो । लोकतान्त्रिक गणतन्त्रको समयकालमा सङ्घीयता र जातीयताका आवाजहरू उठिरहेका बेला नेपाली नाट्यलेखनका क्षेत्रमा नेपालको सुदूरपूर्वबाट सङ्घीयताको आवाज उठाउँदै **पासी भञ्ज्याङ** नामक पूर्णाङ्की नाट्यकृति पाँचथरका **उदीयमान** युवा साहित्यकार **सागर केरुङ** बाट प्रस्तुत भएको छ । यो पूर्णाङ्की नाटक हो । यो **रानीटार साहित्य समाज**, पाँचथरबाट २०७२ सालमा प्रकाशित भएको छ । अघि माथि उल्लेख गरे झैँ नाटक मञ्चनको क्षेत्रमा थिएटरहरू खोलिदै गएको देखिए पनि नाटक लेखनमा भने युवा साहित्यकारहरू अगाडि आउन सकेनन् भन्ने मेरो ठम्याइको प्रसङ्गमा सागर केरुङको यो नाट्यकृति हेरिनुपर्छ भन्ने मलाई लागेको छ । यिनी नाटकका क्षेत्रमै लाग्न खोजेका उदीयमान लेखक हुन् । यिनको यसअघि **नुमाहाङमा** २०६८ सालमा र **केमाबालाजे ?** २०६९ सालमा प्रकाशित दुईवटा नाट्य कृतिहरू छन् । तिनलाई भने मैले प्राप्त गर्न नसकेका कारण ती कस्ताखाले नाटक हुन् भनेर पढ्ने मौका पाएको छैन । मूलतः यिनको लेखनको आरम्भ सत्तरीको दशकमा हुन थालेको र युवापुस्ताले हाल थोरै उत्खनन गरेको नाटकका क्षेत्रमा यिनले कदम राखिसकेको हुँदा प्रस्तुत समीक्ष्य नाट्यकृति **पासी भञ्ज्याङ**का आधारमा यिनको सम्भावनालाई विवेचना गर्ने प्रयास यहाँ भएको कुरा निस्वार्थ भन्न चाहन्छु ।

४. पूर्वी नेपालको पाँचथर र भारतीय सिमाना जोडिएको फालेलुङ पर्वत शृङ्खलाको सीमास्थानको नाम हो **पासी भञ्ज्याङ** । सीमा नाकाको विषयलाई नै नाटकले आफ्नो नामकरण दिएका हुँदा पाठक/दर्शकका मनमा त्यसै विषयलाई आफ्नो मूल थिम बनाउन खोजेको पनि महसुस हुन्छ । यो नाटकको मूल अभीष्ट भनेकै अनेकौँ सङ्घीयताभित्रको राष्ट्रियता र स्वाभिमानको आवाज उठाउनु हो र त्यसमा पनि खासगरेर सङ्घीयता र जातीयताको आवाज उठिरहेका बेला लिम्बुवान्को सङ्घीय राज्यको आवाजलाई साहित्यका माध्यमले बुलन्द पार्ने

समानान्तर आर्को अभीष्ट पनि हो । भारतीय सीमा सुरक्षा बल (ए**सएसबी**) बाट नेपाली सिमानामा हुने गरेको ज्यादतीलाई यस नाटकले मूल केन्द्रबिन्दु बनाएको हुँदा नाटकको विभिन्न दृश्यविधान, घटना र कथोपकथनहरू तिनै वृत्तवरिपरि घुमेका छन् । भारतीय एसएसबीहरूको ज्यादती र तिनका उदण्ड स्वरूपको चरम उत्कर्ष देखाइएको छ र त्यसको प्रस्तुति निकै ठाडो रूपमा गरिएको छ । भारतीय एसएसबीहरूबाट नेपाली सिमाना/भू-भाग आसपास हुँदै आएका यस्ता घटनाहरू हामीले यथार्थमा देख्दै/भोग्दै आएका पनि हौं । तिनबाट हुने ज्यादती भनेको नेपाली चेलीबेटीको बलात्कार, हुर्मत, सीमास्तम्भको सुरक्षाभन्दा पनि सीमा स्तम्भहरूकै उखेलन् र सीमा अतिक्रमण, सीमा क्षेत्रमा बसोबास गरिरहेका नेपाली सर्वसाधारणहरूलाई दैनिकीका कारण भारतीय सीमामा आवात जावत गर्नुपर्दा विभिन्न खाले दुःखकष्ट दिइनु, नेपाली भूमिमा हात हतियारसहित पसेर मानसिक त्रास फैलाउनु आदि हामीले यथार्थमै देख्दै/भोग्दै आएको घटना नै हो । यस्ता अतिक्रमणलाई साहित्यकारहरूले आफ्ना रचनामा बग्रेल्ती पस्केकै छन् । तर यस्तो अतिक्रमणको विषयमा नेपाली प्रशासन/कुटनीति भने ज्यादै निरीह रहेको आर्को यथार्थ पनि ज्यूँदै छ । तर, यस्तो अतिक्रमणका बारेमा लोकतान्त्रिक गणतन्त्र कालमा भने भलै नेपालका राजनैतिक दलहरूले देशभित्र जस्तोसुकै चर्को आवाज उठाउने गरे पनि यथार्थमा त्यसलाई दुईपक्षीय कुटनीतिभित्रको समाधानमा ल्याउने प्रयास भने भएको/गर्नसकेको देखिँदैन । न त त्यसलाई पीडित पक्षले अन्तर्राष्ट्रियकरण नै गर्न सकिरहेको अवस्था छ ।

नेपाली कुटनीतिको यस्तो निरीहपनालाई यस नाटकले परोक्ष रूपमा कसिलो व्यङ्य प्रहार त गरेकै छ अर्कातिर त्यसको समाधान *जस्तालाई तस्तै ढिँडालाई निस्तै* गरी *ईंटको जवाफ पत्थर*ले दिएर नाटकमा लिम्बुवान् भोलन्टियर्स (एलभी) को माध्यमबाट लिम्बुवान्को अस्तित्व र माटोप्रतिको राष्ट्रियतालाई प्रमुख स्थान दिइएको छ । नाटकको अन्त्यमा नेपाल-भारतको सीमा क्षेत्रमा आतङ्कजस्तै बनेर बसेका भारतीय **एसएसबी** (सीमा सुरक्षा बल) हरूलाई **एलभी** (लिक्बुवान् भोलण्न्यर्स) हरूले पराजयमात्र गरेका छैनन्, ज्यानकै बदला प्रतिशोध पनि लिएको देखाइएको छ । त्यसैले हत्या र प्रतिहत्याका दृश्यहरूले नाटकलाई निकै वीभत्समय पनि बनाएको छ । दुःखान्तक भैकन पनि अन्त्यमा एसएसबी मेजरलाई नेपाली राष्ट्रगानमाथि सलाम गर्न लगाइएर अतिक्रमित नेपाली भूभागमा नेपाल र लिम्बुवान्को झण्डा गाडेको दृश्य बुनौटले नाटकमा राष्ट्रियताको स्वरलाई बुलन्द पारिएको छ । तर, नाटककारले सो स्थानमा लिम्बुवानको झण्डा पनि गाडेको दृश्य त्यस प्रतियुद्धमा एलभीहरूको परिचालन गराएर गणतान्त्रिक नेपालमा लिम्बुवान् राज्यको उपस्थितिलाई प्रबल बनाउन खोजेका पनि देखिन्छन् ।

राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुपूर्व कायम रहेको त्यसबेलाकै लिम्बुवान्को उपस्थितिका लागि आवाज बुलन्द गर्दै आएको नेपालको हालको आन्तरिक राजनैतिक स्थितिमा सृजनशील लिम्बु स्रष्टाहरूले समेत त्यस मागलाई परोक्ष/प्रत्यक्षरूपमा साहित्यका माध्यम अपनाउन थालेको देखिन्छ । सङ्घीयताको कार्यान्वयनको सवालमा अहिले संविधान प्राप्तिपछि पनि अन्योल र आन्दोलनको स्थिति रहिरहेको हुँदा यो त्यति सजिलै समाधान हुने विषय त देखिएको छैन, तथापि विगतमा एकात्मक शासनले विभिन्न जातजाति र सम्प्रदाय खास गरेर सीमान्तकृत जातजातिहरूको कुनै सम्बोधन नभएका हुँदा यो विषय अहिले निकै कसिलो र पेचिलो बन्दै आएको देखिन्छ । यो नाट्यकृतिका माध्यमबाट नाटककार केरुङले लिम्बुवान्को तिनै राजनैतिक मागलाई साहित्यिकीकरण गर्न खोजेको पनि देखिन्छ । राजनैतिक व्यवस्थाका हिसाबले सङ्घीय राज्य प्रणालीमा गएको अवस्थामा अबको नेपाली साहित्य लेखनमा यसखाले अन्य सङ्घीय/प्रदेशका आवाजहरूलाई उजागर गर्ने प्रयत्न हुने सम्भावनालाई नकार्न सकिँदैन पनि । अहिले सीमान्तकृतका आवाजहरूलाई साहित्यका

माध्यमबाट पनि प्रस्तुत गर्ने कामहरू हुनथालेको देखिन्छ । यस नाटकका माध्यमबाट नाटककारले लिम्बुवान् राज्य वा प्रदेश वा कुनै स्वायत्त अस्तित्वका लागि आवाज उठाएकै छन् । अझ लिम्बुवान् भोलेन्टियर्सलाई नेपालका सीमारक्षक (उदाहरणका लागि सीमाचौकीका प्रहरीहरू भारतीय एसएसबीका सामू ज्यादै निरीह बनेका पनि देखाइएको छ) ले निर्वाह गर्न नसकेको कर्तव्य निभाउन दर्शकमाझ दृश्यित गराइएको देखिन्छ । जुन कुरा नाटकको अन्तिम दृष्यमा देख्न सकिन्छ ।

५. नाटककारले नाटकमा पात्रचयन गर्दा जातीयतालाई पनि आधार बनाएको देखिन्छ । तीन जना तामाङ पात्रको उल्लेखन बाहेक सबै नै लिम्बुजातका पात्रहरूको सक्रियता देखाइएको छ । लिम्बुवान्कै भूगोलको माग भए पनि त्यहाँ सङ्घीयताको आवाज उठाउनेहरूले गैर-लिम्बुवान्को उपस्थितिलाई नामेट गर्ने अभीष्ट त पक्कै पनि नराख्नुपर्ने हो र यस्तो अभीष्ट राखिनुहुन्न पनि । नेपालको राष्ट्रियता भनेकै सबै जातजाति/भाषाभाषीको समग्र एकात्मक उपस्थिति नै त हो । लिम्बुवान् क्षेत्रमै पनि गैर-लिम्बुहरूको उपस्थिति मनग्गे रहेको कुरालाई जनगणनाले पनि स्वीकारेकै छ । नाटकककारले पात्र विधानका हकमा यस पक्षलाई नजरअन्दाज गरेको हो कि भन्ने पाठक/ दर्शकबीच शङ्का गर्ने ठाउँ भने रहिरहेको नै देखिन्छ । नाटकमा लिम्बुवान् र तत्कालीन शाह राजाहरूबीचको सम्बन्धलाई उजागर गर्ने एउटा राजनैतिक विषयलाई पनि सेमिमा पात्र (जसलाई एसएसबीहरूले बलात्कारपछि हत्या गरेका छन्) का माध्यमबाट उठाइएको छ । नाटकमा बलात्कृत हुदै गरेकी सेमिमा एसएसबीको मेजरलाई यस्तरी ललकार्छे यथा,

'***यो लिम्बुवानी माटोले सराप्यो भने जुनसुकै जातिको पनि नष्ट हुन्छ । तिमीलाई थाहै होला, लिम्बुवानी माटोमाथि अन्याय अत्याचार गर्दा नेपालको शाहवंशको अन्त्य भएको इतिहास***।' भाग १३, पृठ ३४ ।

यही कुरालाई विगत केही वर्षदेखि नेपालको राजनीतिक वृत्तमा लिम्बुवान्को अलग्गै पहिचान हुनुपर्छ भन्ने सवालमा तिनका पक्षधरहरूले उठाइरहेकै पनि पाइन्छ । यस्तो राजनैतिक कुरा यस आलेखको चर्चाको विषय त होइन तर यस्ता प्रसङ्ग (एक हिसाबले मीथ नै भनौँ) लाई स्रष्टाले नाटकका प्रमुख पात्रका माध्यमबाट बोल्न लगाएर परोक्षरूपमा सीमान्तकृत जनताका आवाजलाई साहित्यिकीकरण गर्ने प्रयत्न भने भएको छ भन्नुपर्छ । तर, त्यहाँ भनेजस्तै लिम्बुवान्माथिको अत्याचार (शासकीय ?) कै कारण नेपालको शाहवंशको बिनास भएको कुरा भने पत्याइहाल्न सकिन्न । त्येसैगरी नाटकको भाग ९ मा मास्टर बाकै मुखबाट आदिवासीका बारेमा भनिएको कुरा '***संसारको सबै ज्ञानहरू लोप भएर केही हुँदैन । तर, आदिवासी जनजातिहरूको ज्ञान सिपहरू नष्ट भयो भने विश्व तहसनहस हुन्छ***। (पृष्ठ २४-२५) ले नाटककार एकपक्षीय भएको देखिएका छन् । त्यसलाई पत्याउने आधार छैन । साहित्यमा उठाइएको एउटा मीथसम्म होला । यस्ता कुराहरूको प्रयोग गर्नेले जातीय सद्भाव कायम गर्ने कुरामा भने ध्यान पुऱ्याउनै पर्छ । नाटककारले यस नाटकका मार्फत् लिम्बुवान्का संस्कार (उदाहरणार्थ लिम्बुजातिमा बन्दुकको सांस्कारिक महत्त्वलाई भाग ९ मा उल्लेख गरिएको छ) महत्त्व, रहनसहन, बसाउठ र उनीहरूमा आएको चेतनाको बलियो पक्ष जसलाई मास्टर बाको माध्यमबाट प्रस्तुत भएको छ, आदि थुप्रै राम्रा कुराहरूलाई पनि उठाएका छन् । आञ्चलिक भाषाको प्रयोग निकै सुहाएको छ । कतिपय अश्लील लाग्ने शब्द/वाक्यहरूलाई पनि तिनै संस्कार र स्थानीय बोलिचालीको हो भनी हामी दर्शक/पाठकले मनग्गे बुझ्छौँ पनि । तिनलाई साहित्यमा सीमान्तकृत पक्षहरूको प्रवेशका रूपमा लिन सकिन्छ । नाटक आफैमा एउटा तकनिकी आवश्यक पर्ने विधा हो भनेर अघि माथि भनियो । लेखनमा जेजस्तो पात्रहरूको उपस्थिति, तिनका परिवेशको चित्रण भए पनि

तिनलाई कलात्मकरूपले रङ्गमञ्चमा उतार्नुपर्ने काममा कला/सिपको नै आवश्यकता पर्छ। यसैले कलाकारहरूले प्रस्तुत गर्ने कलात्मक सिप र कुशलतामा पनि निर्भर रहेको हुन्छ, कुनै पनि नाटकको सफलता र असफलता भन्ने कुरा। नाटकमा दृश्य विधानको महत्त्व हुने हुँदा त्यसको उल्लेखीकरण र चित्रणमा निकै ध्यान पुऱ्याउनुपर्ने हुन्छ। नाटककारले यस्ता चित्राङ्कनमा आफ्नै प्रयोग पनि गरेका छन्। यहाँ नाटककारले 'दृश्य' नभनेर त्यसलाई 'भाग' (नाटक जम्मा २३ भागमा समाप्त भएको छ), भनेका छन्। नाटककारले चित्रित गरेजस्तै गरी भूगोललाई रङ्गमञ्चमा उतार्नु चुनौतीपूर्ण छँदै छ।

नाटककारले माओवादी द्वन्द्वको चपेटालाई पनि निकै कुशलतापूर्वक नाट्याङ्कन गरेका छन् भने पछिल्लो समयमा देखिएको नेपालको राजनीति र त्यसले ल्याएका विकृति र विडम्बनालाई पनि पात्रगत माध्यमबाट सफलतापूर्वक उतारेका छन्। खासगरेर द्वन्द्वरत समयबाट पार पाइसकेर पनि सीमान्तकृतहरूको आवाज जस्ताको तस्तै रहेको तथ्यलाई यस नाटकमा निकै राम्ररी नाट्याङ्कन गरिएको छ। राजनैतिक परिवर्तनले आम जनतामा ल्याउनुपर्ने उत्साह र उमङ्ग राजनीतिक दलहरूकै चरित्रका कारण निराशामा परिणत भइरहेको परिदृश्य यहाँ हेर्न सकिन्छ, जुन कटुयथार्थ पनि हो। चुनावका लागि निर्लज्ज राजनैतिक नेताहरू भोट माग्दै गाउँ पसेको परिवेशमा मास्टर बाको निम्न सम्वादले पनि ती कुराको विम्बीय रूपलाई छाम्न सघाउ पुगेको छ। यथा,

थुक्क पागल, तिमीहरूले मेरो छोरा सिकुमलाई पोलेर खाँदा पनि चित्त बुझेन ? मेरो छोराको नाममा आएको राहत पनि तिमीहरू पार्टीले, तिर्मेले नै खायौ। पासी भञ्ज्याङको मेरो अंशको सिमाना कायम गर्छौं भन्थ्यौं। त्यो पनि खुल्क्यायौं। अब के चाहन्छौं ? मबाट के चाहन्छौं ? मेरी छोरीलाई एसएसवीहरूले बलात्कार गरेर मार्दा तिमीहरूकै सरकार थियो। के गर्न सक्यौ तिर्मेले ?। भाग २०, पृष्ठ ४६-४७।

६. अन्त्यमा, **सागर केरुङ**को **पासी भञ्ज्याङ** नामक नवीन नाट्यकृति लिम्बुवान् क्षेत्रको सङ्घीय/प्रदेशीय अस्तित्व र जनजाति/आदिवासी र सीमान्तकृतको आवाजलाई बुलन्द गर्ने अभीष्टमा एउटा प्रयास हो भने यसले समानान्तर रूपमा नेपाली राष्ट्रियतालाई पनि बलियो गरी उठाएको छ। नाटकमा भारतको सीमा प्रशासन पनि तानिएको हुँदा स्रष्टाले त्यस्ता पक्षलाई सीधै नभनिदिएर प्रतीकात्मकरूपमा तिनका मुद्दा उठाएको भए यसको सौन्दर्य माथि उठ्थ्यो। भारतीय एसएसबीको ज्यादतीको मुद्दा र नेपाल भारतको सीमाको विषय यसमा विशेषगरी ठाडो रूपमा आएको हुँदा यस्ता कुराहरूको साहित्यमा ठाडो प्रयोगले दुई देशबीचको सांस्कृतिक सौहार्दतामा पनि प्रभाव पर्ने सम्भावनालाई नकार्न सकिन्न। यसैले ती कुराहरूको प्रतिकीकरण गर्दा स्रष्टाहरूले अलिक चनाखो भने हुनै पर्छ। नाटककारले उठाएको कुरा यथार्थ हो, तथापि त्यस्ता कुरालाई कलात्मक विम्बीयकरणले पनि उजागर गर्न सकिन्थ्यो। म आफू पनि पान्थरकै भएको नाताबाट मात्र होइन कि एक साहित्यकार भएको नाताले पनि पान्थरका यी उदीयमान नाटककारको यो प्रयासलाई पछिल्लो नाट्यलेखनमा एक उदीयमान नाटककारको प्रवेशको रूपमा मैले चाखका साथ लिएको छु। **सागर केरुङ** मा नेपाली नाटकको पछिल्लो कालखण्डमा सम्भावनाका धेरै किरिङमिरिङ रेखाहरू सरलीकृत रेखा हुनका लागि चल्बलाइरहेको देखेको छु। अस्तु।

मञ्जरी भिलेज, ईमाडोल, ललितपुर।

द्रष्टव्यः *यो लेख* ***पाँचथरको पोको*** *कै शृङ्खलाको पाँचौ भाग हो -लेख*

❖❖❖

व्यङ्ग्य

उपहारको प्रहार

■ नरेन्द्रराज पौडेल

यसो अलि अलि काला अक्षर लेख्ने पढ्ने र पोथी पात्रा देख्ने सुन्ने पनि हुनुहन्छ भने होस गर्नोस् ! तपाईंका आगामी दिन राहुकेतुको कालो छायाँमुनि पर्न सक्छन् । गुह्ये कुरो नलुकाई भन्ने हो भने हिजोआज तपाईंजस्ता परिश्रमी उच्च विचारक स्वनामधन्य लेखकमाथि बारम्बार घातक प्रहार हुन थालेका छन् । हुन त सोझो मान्छे, प्रहार भन्ने शब्द सुन्दै तपाईं सिरूपाते खुकुरी चुपी छुरी खुँडा आदि इत्यादि हतियारको धार सम्झिएर थर्किनुहोला, तर त्यसो नगरीहाल्दा बेश ! किन त भने यहाँ भन्न खोजिएको प्रहार भाला छुरी बन्दुक बमबाट निस्कने उपहार होइन, न त हो कुनै तन्त्रमन्त्र या नेताले देशको बिमारी निको पार्न गठन गर्ने संयन्त्रको प्रहार नै । अझै खुलस्त पाराले भन्ने हो भने आधुनिक अत्याधुनिक भनाउँदा शस्त्र अस्त्र, क्षेप्यास्त्र प्रक्षेप्यास्त्रको प्रहार नै पनि यो होइन । यति सुन्दैमा तपाईंभित्र झनै खुल्दुली जाग्न सक्छ । राजनीतिक छेडखानी वा संसदको बाह्रमासे दोहोरी र विधायन समितिका झ्याउरे गीतको कोटीतिरको झटारो पऱ्यो कि भन्नुहोला ! त्यो पनि होइन । खसोखासै होइन । क्याम्पस कलेजहुँदि गुरु चेलाबीच यदाकदा पुस्तक पात्राको शास्त्रार्थ चल्न सक्छ । परापूर्व कालदेखि नै चलिआएको कुरो पनि हो । ज्ञानगङ्गाको वारि परीबाट इँटपत्थरै पनि चलिदिन सक्छन् यदा कदा । अझ नाटक मन पराउने छात्रछात्राको लागि अग्निलीला नै पनि मञ्चन भैदिन्छ कहिले काहीँ । गुरुवरका कार्यालयरूपी आश्रमभित्र पसेर टेबिल दराज तोडफोड भाँचकुँच र गुरुका गाला करङको मसाज मर्मत पनि सामन्य बन्छ कुनै सिजन त । तर यो त्यो कित्ताको कुरो पनि परेन । ठ्याकै परेन । साँच्चै भनेको ।

कपीको पाना च्यातेर रकेट बनाउँदै अनि केटीसाथीका ठाउँ कुठाउँ ताकेर प्रक्षेपण गर्दै हुर्मत लिने काम त यो बिल्कुलै हैनभन्दा हुन्छ । अथवा बेलामौका पुलिस दाइले गर्ने लाठी चार्ज र उहिलेका मुक्केबाज दादा अथवा मसान घाटतिर डुली हिँड्ने अघोरी बाबा या दादा बनेका ट्याबेस्याबे केटाहरू बीचको मारपीट भन्ने पनि सोच्न न सकिने त होइन ! तर यो प्रहार त्योभन्दा पनि बेग्लै र अझ सशक्त खालको अनुभूत हुन्छ । अनि यसलाई कडामात्रै पनि होइन, इन्द्रको बज्रलाई नै बिर्साउने तगडा प्रहार भन्दा बल्ल्ल एकसरो लख काट्न सकिन्छ कि ।

हिजोआज मात्रैको कुरा ! नढाँटी भनौ भने तपाईंजस्ता विद्वन्त महानुभव कुनै साहित्यिक भेला मेला वा रँगेलामा समुपस्थित भैदिएर विमोचन भनाउँदो क्रिया कर्मको झमेलामा पर्नुभो भने बल्ल चाख्नुहुनेछ उपहारको कथा व्यथा । अनि देख्नुहुनेछ, त्यसले सिर्जना गरेको तिरिमिरी झ्याइँ ! त्यति बेर तपाईंको गौरवमय महान् उपस्थितिले धेरैथरि क्रियाकर्मको घुमाउरो बाटो फत्ते गर्नुपर्नेछ । जसको फेहरिस्त बताउँन ब्रह्मा बाबाकै फेर समातेर तातेताते गर्नुपर्नेछ । कुरा के त भन्दा, कार्यक्रमको शुरुदेखि नै सभामा प्रस्तुत भएका गीत गजल कविता आदिमा आइटमपिच्छे नै आँखा चिम्लिएर इमानदारीपूर्वक ताली पड्काउनुपर्छ । राम्रो नराम्रो या मनपर्ने नपर्ने

भन्न पाइन्न । कविता मुक्तक र गजल वाचन हुँदा त तालीले मात्र पुग्ने कुरै भएन, मन परे नपरे पनि वाःवाःगरेर भइँफुट्टा भाइबहिनीलाई मैमत्त मपाईंको काचो वायु चडाउँदै भैरव जगाउँने नाच देखाउने खुट्टा समेत लगाइदिनुपर्छ । उनीहरूका युगान्तकारी कालजयी आलुमयी सबैखाले महान् रचनाको बखान छाँट्दै प्रशंसाको रङ्गिचङ्गी बुट्टा पनि भरिदिनुपर्छ । अझ त्यतिले मात्र पनि पुग्दैन कि, कार्यक्रमको लगानी सार्थक बनाइदिन हप्तादिने साजी समोसा चपाउनुको साथै फ्रुटी, पेडा पनि ग्रहण गरिदिनुपर्छ । अझ म्याङ्गो फ्रूटी सुरूप्प पार्दै एक हातमा चौँठो लिएर सँगिनीको पाराले फनक्क नाचिदिँदाको फोटो सेसन अरू बेश !

अनि त्यतिमात्रैले पो कहाँ सुख पाउनुहोला र ? भर्खरै लोकार्पण भएको साढे छपन्न पृष्ठ लामो महान् ग्रन्थलाई चार सय मूल्य राखिएकोमा ताजूब पर्नुपर्ने हो, तर पर्नुहुन्न । पर्न पाइन्न । हजुरखाले विशिष्ट महानुभावले त्यो पर्न पनि मिल्दैन । उल्टो आफ्नै पहेँला बत्तिसी देखाएर आँग हल्लाउँदै फुरुक्क चाहिँ पर्नुहुन्छ । उता त्यही क्षणको लागिमात्र आधा मोलमा किताप पाइने सजाय घोषणा भएकोमा मख्ख पर्नु नपर्नु आआफ्नै कुरा हो । तर विशिष्ट हुनुको पीडा लुकाएर शिष्टाचारपूर्वक मजैले कृतज्ञ बन्नुहुन्छ । अनि त्यस आधामोल नामक प्रचार अभियान चलिरहेको गौरव गरिमायुक्त कौरव सभामा दुई सौ रुपैयाँमाथि हात लगाएर खल्तीको चीरहरण गर्नुहुन्छ । अझ त्यतिमात्रले पो कहाँ पुग्ला र ? सातादिन पनि उमेर नखाएको ताजानताजा समोसाले पेटमा प्रवेश गर्नेबित्तिकै गन्थन गरेको हुन सक्छ । तर त्यसको गन्थन सुनिरहने फुर्सद नमिल्न सक्छ । बरु यता भेटघाट हुने सहभोगी सहधर्मी सहकर्मीहरूबाट नानाभाँतीका थप पुस्तक, ग्रन्थहरूको उपहाररूपी झटारो भेट्नुहुनेछ । सित्तै उपहार मिलेकोमा समोसा जस्तैगरी ती ग्रन्थको पनि एकएक अनुहार चपाउने चटारोमा पर्नुहुनेछ । याने समोसा ग्रहणका सहभागीवृन्दले समीक्षा, समालोचना गरिदिनका लागि एक-एक ग्रन्थ तपाईंलाई उपहार दिएर झोला भरिदिनेछन् । झोला छैन भने पनि उपहारको कमी हुने छैन । सरकारी स्कुलमा कक्षा नौमा पढ्ने विद्यार्थीको पाराले चाङ पारेर अँगालो र काखीभरिको भारी च्याप्नुहुनेछ ।

यता ग्रन्थोपहार दिने महानुभावहरूले आ-आफ्ना किताबका विषयमा गहन समीक्षा समालोचना लेखिदिन अनुरोध गर्नेछन् । तपाईंजस्तो साधु विद्वन्त मनुवा भेटेपछि नगरुन् पनि किन ! परोपकार गर्नैको लागि तपाईंले यस धर्तीमा जनम लिनुभएको भन्ने जो उनीहरूको ठम्याइ छ । त्यतिबेर तपाईंले कितापी उपहार होइन, आफूमाथि ग्रन्थप्रहार चैँ भएको सम्झिनुहुन्छ । तर मर्का परेको कुरा भन्न सक्नुहुन्न । बरु हुन्छ हजुर, हस् हजुर, म ताबेदार हुँ, हजुर, यहाँजस्तो महान् लेखकबारे नलेखे अरू कसको बारे लेख्नु हजुर ! भन्दै भट्याएको भरमा गडबडीग्रस्त समोसा पचाउनुहुन्छ । अनि के चाहियो र ? यता किताबको झटारो उता बासी समोसाबाट पेटमा प्रहार । धन्य प्रमुख अतिथिज्यू, धन्य उपहार !

यसरी ग्रन्थको उपहार लिँदै जाँदा नेपालका राजनीतिक पार्टीजस्तै तपाईं पनि सबैको भलोमात्र गर्ने आम जनसेवी समीक्षकमा दरिनुहुन्छ । अनि एक दुई गर्दागर्दै दशौँ जनाको किताबको भारी बोकेर बाटा लाग्नुहुन्छ । तपाईंसँगको किताबको भारी देखेपछि माइक्रो-टेम्पो भाइले आफ्नो सुन्दर पुष्पकविमानमा चडाउन मान्दैनन् । भाइलाई फकाएर कथंकदाचित् चडिहाले पनि तीन जनाको ठाउँ तपाईं एक्लैले ओगट्नुभएकोमा टेम्पो भाइबाट सम्मानपूर्ण गालीको उपहार भेट्नुहुनेछ । अघिको ग्रन्थ उपहारमाथि अचार चटनीको रूपमा त्यो वाणी काम लाग्छ । सँगसँगै भविष्यका कर्णधार

तीनै टेम्पोभाइले तपाईंको उमेर, ओहदा र सिर्जन क्षमताअनुसार आफ्नो तर्फबाट थप शिष्टाचार सदाचारको ख्यालठट्टा पनि प्रस्तुत गर्नेछन् । हिजोआज त चेतनाका सम्वाहक पो भनिन्छ स्रष्टालाई पनि । अनि थप उमेरले समेत ज्येष्ठ नागरिक अनि वर्तमान र भूत कालका द्रष्टाउपर उनको वाक्पटुताको मालिसविरुद्ध कतै नालिस नलाग्ने सम्झिएर तपाईं आफ्नैजस्तो सुन्दर मुहार लिएर घरतिर फिर्नुहुन्छ । मनमा ग्लानि, कुण्ठा, तुष कौनै केही लिनुहुन्न । लिएर पनि त्यसबाट कुनै प्रकारको लछार्पाटो लगाउने ठेगानै बेठेगान पाउनु हुन्छ । टेम्पोभाइको त्यही सम्मानपूर्ण सुललित गालीरूपी चक्लेट चपाउँदै नवनिर्माण हुँदैगरेको सडकको हिलो धुलोसँग लाप्पा खेल्दै घरको बाटो अगि बढ्नुहुन्छ । अघिदेखि नै भारीको भारले यताउता भएका लुला खुट्टा फुटपाथमा दह्रोसँग टेक्न खोज्दै फटाफट चल्नुहुन्छ ।

केही दिनपछि त्यही खालको अर्को कार्यक्रममा भेट हुँदा तिनै उदारमना उपहारदाता हितकारी बहुरङ्गी मित्रजनहरूबाट झनै धारिलो चक्षुप्रहार भेट्नुहुनेछ । उहाँहरूले आआफ्ना महान् ग्रन्थबारे तपाईंका करकमलबाट केही न केही अवश्य लेखिने आशा गर्नुभएको थियो तर आशाले निरशाको सुख्खा पोखरीको खौलातिर राजमार्गमा चलेको उत्ताउलो बसझैं तीन बल्ड्याङ खान पुगेपछि धैर्य गर्ने ठाउँ पो कहाँ रह्यो र ? तपाईंको उर्वर कलमले लेख्नै पर्ने कुरा नलेखिदिएकोमा उपहारदाता लेखक जुँमा ऋषि दुर्वासामार्का रिसइवीको मूलै फुटेको देख्न बुझ्न खासै गाह्रो पर्दैन । कुनै ठाउँठहर मिले पौठेजोरीकै अभिनयमा तपाईंसँग फाइट गर्न तम्तयार रहेझैं देखिनुहुन्छ । कुनै मित्रजन भने कुद्ध च्यवन बाजेको हुवहु अनुकरणको शैलीमा फुट्या आँखाले देख्न नसक्ने अवस्थामा देखापर्नुहुन्छ । के ठेगान ! तिनै मित्रले सुकन्यालाई जस्तै श्रापको डढ्यौलो पो सल्काइदिने हुन् कि ! विषको सिस्नोले तपाईंको दैलो ढाकिदिन या त आहारिसको फलामे फालीले दिमागै जोतिदिन पो के बेर ! त्यसैले ठाउँठहर हेरेर मित्र बढाउनुहोस् । जहाँ जोसुकैबाट जथाभावी जेसुकै उपहार पाउँदैमा मख्ख नपर्नोस् । बरु होस गर्नुहोस्– दिनदशा बिग्रिएर त्यता हातलागि पो गर्दै हुनुहुन्छ कि ! सावधान विमोचन भनाउँदो बेथितिका प्रमुख अतिथिज्यूहरू !

सीपापोखरे ८, सिन्धुपाल्चोक

चार मुक्तक

■ **ज्ञान उदास**

मेरो कमजोरीलाई ठूलो पर्दामा नउतार
कमजोरी खेलाउँदै आफूलाई सर्ममा नपार
आँखै आँखाको डिलमा बाटो बनाइदिएको छु
बाटोमा हिँड्न नसक्दा मलाई नसराप ।

मेरो विश्वासलाई तिमी कतै आघात नपार
मुटुको कमजोर ढुकढुकी नशामा नउतार
भित्री मनको बस्तीमा महल बनाइदिएको छु
महलमा बास नपाउँदा मलाई गाली नगर ।

छिनछिनमा तिम्रो खबर लिइरहूँ जस्तो लाग्छ
आँखामा राखेर तिमीलाई पिइरहूँ जस्तो लाग्छ
तिमी भने किन हो मलाई पराई ठान्छौ
तिम्रो फाटेको मनलाई मायाले सिइरहूँ जस्तो लाग्छ ।

सपनीमा पनि तिमी आइदिएहुन्थ्यो जस्तो लाग्छ
बर्सिसकेको जीवनको गीत गाइदिएहुन्थ्यो जस्तो लाग्छ
मैले अति त सबै भुलिसकें भूत के होला कुन्नी !
बरु अहिल्यै इन्द्रेणीको हार लाइदिएहुन्थ्यो जस्तो लाग्छ ।

❖❖❖

निबन्ध

बोल बोल मछली मुखभरि पानी

■ श्रीधर पौडेल

'प्याज नखाने बाहुन पाइँदैनन्' भन्ने कुरा अब त शाश्वत सत्यजस्तै छ, त्यसमा पनि केही ब्राह्मणवर्ग त्यस परिभाषाभित्र आफू नपर्ने कुरा अभिव्यक्त गर्छन् । वास्तविकता के हो ? त्यो अनुसन्धानको विषय होजस्तो लाग्छ । सबै कपाल खौरनेहरू कटहरको तरकारी खाएकै हुन् भन्न सकिँदैन, त्यो खैरेको अनुभूति हो । कटहरको तरकारीको स्वाद पाएपछि आफैले कटहर काटेर नै तरकारी पकाउने चेष्टा गर्दा हातमा चोप चेप्टिएर पखाल्दा पनि नपखालिएपछि आफ्नै शिरमा पुछ्दा सबै कपाल चेप्टियो । त्यसैले शिर नै मुण्डन गर्नुपरेको अनुभूति खैरेलाई रहेछ । बाबुको क्रिया बसेका छोराहरूको कपाल मुण्डन देखेर तिमीले पनि कटहर काटेका हौ ? भनेर क्रियापुत्रीलाई सोध्नुमा त्यति युक्तिसङ्गत लाग्दैन । प्रतीकात्मक रूपमा त्यसको पनि केही उल्लेख्य कुरा होला ।

जो रक्षक उही नै भक्षक हुन गइरहेको हाम्रो समाजमा आमाको काख र बाबुको साख पाएपछि शिशुले असुरक्षित ठान्दछ र ? तर हाम्रो समाज त्यसबाट पनि अछुतो रहन सकेको छैन । अढाई वर्षका नानीहरूदेखि लिएर यौनाङ्ग विकसित नभएका शिशु र नाबालिकाहरू आफ्ना बन्धु, बान्धव र पितासमेतबाट बलात्कृत हुनुपरेपछि कसरी आफूलाई सुरक्षित ठान्ने ? 'अन्यायं कुरुते यदा क्षितिपतिः कस्तं निरोध्धुं क्षमः' भनेझैँ अरूले अन्याय गरेमा राजाले नै अन्याय गर्छ भने न्याय कसले गर्ने ? यो कुरा हाम्रो समाजमा टङ्कारो प्रश्न बनेको छ । साना नानीहरू बलात्कृत भएकी हौ कि ? भन्ने प्रश्न गर्नु अनुचित लागेर खैरेले कटहर काट्दाको परिणति र आफ्नो अनुभूति क्रियापुत्रीहरूलाई प्रतीक रूपमा सुनाएको होइन ? यौनाङ्ग विकसित नहुँदाको स्थितिमा साना नानीहरूलाई सम्भोग गर्नु भनेको त पशुवत् दुराचरण हो ।

यौनाङ्ग विकसित हुँदाको स्थितिमा पनि प्रत्येक युवा र पुरुषमा क्षणिक सुखानुभूति भए पनि सम्भोगपछि के पुरुष के महिला दुवैलाई पश्चातापले अन्त्यतः दुःखानुभूति हुन्छ । यो यस अर्थमा कि पुरुषलाई कहीँ आफ्नै कारणले यो स्त्री गर्भवती हुन्छे कि ? महिलालाई हुने भयमा कहीँ आफ्नो अनिच्छाबाट गर्भधारण गर्नुपर्ने पो हुन्छ कि ? यदि त्यसो भइदियो भने निल्नु न ओकल्नु हुन्छ । त्यतिमात्र होइन, बाबु-बाजेदेखि नै आर्जित इज्जत र प्रतिष्ठामा पनि आँच आउन सक्छ, आफन्तका सामु अनुहार छिपाएर बस्नुपर्ने पनि हुन सक्दछ । लेनदेन गर्दा गरिने कागज तमसुकजस्तो । पैसा दिनेलाई पनि बाधा, पैसा लिनेलाई पनि बाधा । त्यो यस कारणले कि पैसा दिनेको सोचमा पैसा फिर्ता आउला, नआउला भन्ने चिन्ता र पैसा लिनेको सोचमा कहीँ भनेको बेलामा फिर्ता गर्ने पैसा जुट्न सकेन भने चिन्ता दुवैलाई हुन्छ, लिनेलाई पनि, दिनेलाई पनि । शोक दुवैलाई हुन्छ । यही चिन्ता र शोकका कारण लिने र दिनेको स्वस्थ्य स्थिति दिनानुदिन बिग्रिँदै जान्छ र लेनदेन गर्दाको बेलाको जस्तो न त मुखमा हाँसो र खुसी हुन्छ, न त सुखद् भविष्यको कल्पना । यसैले दुवै थरी सुक्दै जान्छन्, ओइलाउँदै जान्छन् । यस्तो

कारोबार गरे बापत तँ पनि सुक्ने र म पनि सुक्ने भएकाले सायद त्यस्तो लिखतको नाम तमसुक राखेहोलान् अघिका पूर्वजहरूले ।

रोपे उम्रिन्छ, मलजल पाए बढ्छ, विकसित पनि हुन्छ । रोपिएको बीज चाहे त्यो खाद्यान्न अन्नबालीको होस् वा फलफूल, तरु आदिको । धरतीको गर्भमा बीजरोपण भएपछि चाहे त्यो विषवृक्ष नै किन नहोस्, त्यसको सट्टामा सञ्जीवनी उम्रदैन । धरतीको धर्म धारण गर्ने हो, स्वीकार गर्ने हो । यसले त्यसको नाम धरा भएको हो, धरणी भएको हो र धरत्री भएको हो । त्यसरी उब्जिएका अनिच्छुक झार, जङ्गल उखेलेर इच्छुक वनस्पतिको संरक्षण खेतबारीमा गरिन्छ र हालेको मलजलले इच्छुक वनस्पति, बिरुवालाई विकसित गरिन्छ ।

सार्थक धरतीको संज्ञा पाए पनि महिला धरतीझैँ सर्वसहा हुँदिनन्, 'क्षमा' हुँदिनन्, क्षमा हुँदैनन् । पृथिवीजस्तो इच्छुक,अनिच्छुक विषयमा निस्प्रयोजित हुँदिनन् तापनि गर्भस्य भ्रूणको क्रमागत विकास भइ नै रहन्छ । अनिच्छुक खेतबारीको झार उखेलेर फालेझैँ गर्भस्य भ्रूण पतन गराउन सक्दैनन्, भ्रूणको क्रमशः विकास हुन्छ र मास महिना पुगेपछि त्यसले जन्म लिन्छ ।

बीजरोपण कर्ता एउटा यात्री हुन्छ । ऊ हिँड्दा पार गर्न खाज्ने सरीसृप (गँड्यौलो) अनायास कुल्चिन्छ । सरीसृप आघातमा परेको, हिँड्न असमर्थ भएको आभाससम्म हुँदैन, यात्री अघि बढेको हुन्छ जब कि गँड्यौलो बेसहारा भई ठाउँको ठाउँमा मृत्युको प्रतीरक्षा गरी गुडुल्किएर बीच बाटोमा रहेको हुन्छ ।

हरियो माखो जहाँ बसे पनि औंसा पार्छ । यो उसको स्वभाव हुन्छ । आफूबाट सिर्जिएका जीवाणु औंसाको दुःस्थितिका बारेमा ऊ अनभिज्ञ हुन्छ । फोहोर रहेसम्म विकसित हुँदै जीवित रहने औंसाहरूको अवसान फोहोर वस्तुको अवसान सँगै हुन्छ । त्यसपछि ती औंसाहरूको स्थिति के हुने ? यसबारेमा त्यसको नियामक पनि मौन छ । यहाँ तँ कीट र कीटाणु जो जन्मजात अबोध छ, त्यसका बारेमा भन्नु छैन, कुरा छ विवेकशील प्राणी मनुष्यजातिको । इच्छा हो र के अनिच्छा हो, उसलाई पूर्णतः ज्ञान छ र पनि अनिच्छाको गर्भधारण गर्नु परिरहेछ । यस्तोमा नेकी पति र नेकी पत्नीका अतिरिक्त अन्यलाई यौन प्रक्रिया स्वाभाविक अवस्थाको उपज हो । किन भनिन्छ ? के नेकी पति र नेकी पत्नीका लागिमात्र यस्तो कार्यमा सहभागिता जनाउने अधिकार छ ? के अनधिकृतमा त्यस्तो कार्य गर्नबाट सर्वदा वञ्चित रहनुपर्ने हुन्छ ?

यौनकुण्ठाको पराकाष्ठा के हो ? नेकि पति र नेकी पत्नी हुन नसकेसम्म आफ्नो यौनकुण्ठालाई यथास्थितिमा राखिरहँदा त्यसबाट हुने क्रिया र प्रतिक्रियाको लागि कुनै सामाजिक वा कानुनी व्यवस्था जिम्मेदार हुन्छ कि ! यदि त भने त्यस्तो यौनकुण्ठा निवारण गर्ने उपाय के हुन्छ ? छैन, हुँदैन भने उत्कण्ठित अधिकांश स्त्री, पुरुषको स्थिति के हुने ? प्रश्नहरू सबै आफैमा अनुत्तरित छन् ।

मनुष्य सामाजिक प्राणी भएकोले समाजदेखि पृथक् रहन सक्दैन । सामाजिक यावत् संरचना चाहे त्यो रहनसहनसित गाँसिएको होस् वा रीतिस्थितिसित, सबै समानका परिपोषक तत्त्व हुन्, परन्तु यो सबैलाई चाहिन्छ नै । बलात्कार जस्ता जघन्य अपराधबाहेक राजीखुसीसित एक अर्को विपरीत लिङ्गीसित हुने गर्ने यौनतृप्तिबाट विकसित परिस्थितिमा समाजको अवधारणा के हुन सक्छ ? के ती सामाजिक बहिष्कारमा पर्छन् ? के ती अपराधीमा गनिन्छन् ?

यौन चाहना कसलाई हुँदैन ? पृथ्वीका यावत् जीवजगत्मा यौनाङ्गको विकासका साथै यौनेच्छा पनि सबैमा हुन्छ । मनुष्यका अतिरिक्त यावत् प्राणी जलचर, नभचर र स्थलचर एवम् कीट, पतङ्ग पनि जागृत यौनइच्छाको सजातिवर्गबाट

सन्तुष्टि लिन्छन् । आफ्ना सजातीय प्राणीदेखि अन्यमा तिनको न त कामेच्छा हुन्छ अनुगमन नै । विवेक त तिनमा पनि हुन्छ अन्यथा जान्यन्तरमा तिनको पनि दृष्टिगोचर हुने थियो । तिनको पवित्र समाज छ, चेष्टा छ, तर आफ्नै सजातिवर्गमा भए गरेका कुनै त्यस्ता व्यथित अपराधले उनीहरू कहीँ सामाजिक बहिष्कार वा तिरस्कारमा परेको के कहीँ उदाहरण छन् ?

जीवनमा आनन्दनुभूति गरिने समय भनेकै किशोरावस्थादेखि प्रौढावस्थासम्म हो । प्रत्येकले आत्मसन्तुष्टि लिने समय पनि त्यही हो । त्यसलाई सामाजिक परिवेश र सामाजिक नियन्त्रणमा राख्ने हो भने सीमा उलङ्घन हुन गई मान्छे किंकर्तव्य विमूढ हुन जान्छ । उर्लेर आएको नदीको बेगलाई थुनेर नदीको बेगलाई नियन्त्रणमा ल्याउन सकिँदैन, बरु असम्भव नै हुन्छ, कहीँ कतै ठाउँ पायो भने विपरीत गतितिर नदी सोझिन पनि सक्छ । त्यसैले यौनकुण्ठालाई रोक्नु वा नियन्त्रण गर्नु भनेको व्यक्तिको लागि मानसिक पीडाबोध गराउनु हो, जसको परिणाम भयावह हुन्छ र व्यक्ति किंकर्तव्य विमूढ भई कृत्याकृत्यको ख्याल नराख्ने हुन सक्छ र मस्तिष्क रोगी बनी मस्तिष्कघातबाट पीडित पनि हुन्छ ।

यौनकुण्ठा त वृद्धत्व बेलामा पनि हुन्छ । तर त्यस बेलामात्र मन सक्रिय हुन्छ । यौनेन्द्रिय वा जनेन्द्रिय निस्क्रिय वा निस्तेज हुन्छ, यद्यपि यौनकुण्ठाबाट वृद्धत्व पनि उत्सुकताले दृष्टि दौडाइरहन्छ ।

तसर्थ यौनकुण्ठालाई लोक, समाजको रीति र मर्यादाको कसीमा घोटिराख्ने हो भने परिकल्पित सुन्दर समाजको संरचनामा आघात पुग्छ भन्ने कुरामा दुई मत छैन । यसका लागि यौन मनोविज्ञानको अनुसरण गर्नु समयोचित हुन्छ, अन्यथा यौनप्रक्रिया स्वाभाविक अवस्थाको उपज हो, सर्वउपभोग्य हुनुपर्छ भन्ने सिद्धान्त सिद्धान्तमा नै सीमित हुन जान्छ ।– इति अलम्–

त्रिभुवन नपा, मसिना, दाङ

नकुल सिलवालप्रति....

■ **शङ्कर शाह**

एक दिन मर्नु छँदै छ निश्चित रे
मृत्युलाई जितेर मानिस सबैले
चाहन्छन् सहज सुतेजस्तो मरण
हुँदैन किमार्थ यस्तो इच्छा पूरण
अनि के आफ्नो स्वेच्छ्याले
आफ्नो हत्या गर्ने आफैले ?
दुःखसागरबाट पार पाउन
उम्मिदमा मानिसहरु बाँच्दछन्
तर दशाको पिरलो फुटेपछि
अभिलाषा भरोसा टुटेपछि
जीवन हुँदोरहेछ तिक्त
विषादयुक्त औ विषयुक्त
आफन्तहरूको सहारा नपाएर
मर्दोरहेछ भित्र मन गुम्सिएर
जिउने रहर मन मरेकालाई
मन लाग्ने निधन वरण गर्नलाई
होला मनोवेगको हिसाबले यस्ता कुरा
समाधान परन्तु हुँदै होइन आत्महत्या
दुःख भेलसित जुध्न नसक्ने लाछी नादान
धिक्कार ! उद्वेग यो खुस्केको सनकीपन
तिमीप्रति नाराजी छ मेरो गुनासोभरि
दिलभित्र रहिरहन्छ कि जिन्दगीभरि ।

(२०७३ जेठ १६ रविवार, आत्महत्या गरेको दिन)

संस्मरण

मन मिले पो मित हुनु !

■ मोहन चापागाई

एउटा गजबको पुरानो प्रसङ्ग पस्कँदै छु पाठकहरू ! तपाईंहरूको प्रसन्नताका लागि, प्रतिलाभका लागि र प्रपीडन बिस्मरणका लागि । हो, मानिसको मस्तिष्क पनि आश्चर्यजनक वस्तु हो । जिन्दगीमा घटेका कैयौं घटनाहरू विस्मृतिको भासमा हराएर जान्छन् भने कैयन् घटनाहरू नकोट्याउँदा पनि आफ्नो चिनारीबाट फुत्त निस्केर साक्षात्कार गर्न सवीनय आग्रह गर्दछन् । मस्तिष्क पनि सम्झूँ भन्छ– यदाकदा सम्झिन असमर्थ रहन्छ । बिर्सूं भन्छ मस्तिष्क तर कदापि ती घटनाहरूलाई बिर्सन सक्दैन ।

त, यो घटना त्यस्तै २०३४/०३५ सालतिरको हो । करिब करिब चार दशकअघिको घटना । मैले यो घटनालाई बिर्सन अनेक चेष्टा गरें । अहँ, सक्तै सकिनँ । मेरो मनले मानेन, हृदयले स्वीकारेन र मस्तिष्कले झनै मङ्गलध्वनिका साथ बल्झाएर ल्यायो । मेरो कलमको टुँडो यही घटनालाई उजागर गर्न उद्यत रह्यो । परिणामतः म आज यो घटनालाई अगाडि ल्याउन बल्ल कस्सिएको छु ।

मेरो जन्मकुण्डली लेखिएको ठाउँ दोलखाको मेलुङ हो । यहीँ मेरी महतारीले भटमासको काउसोमा सुरक्षित तबरले खसालिन् । मेरो सालनाल जोडिएको र छोडिएको ठाउँ त्यही पुरानो पूर्व २ नं. मेलुङ हो । मेरो माटो, मेरो मुटु, मेरो मेलुङ ।

त्यही पुरानो ऐतिहासिक विरासत र धरोहर बोकेको मेलुङको त्रिभुवन माध्यमिक विद्यालय (२००७ वि.सं.) बाटै मैले प्रवेशिका परीक्षा उत्तीर्ण गरें । मेरो शैक्षिक योग्यताको शुरुवात वास्तवमा त्यहींबाटै भएथ्यो ।

हो, पढाइको डिग्री हात पार्नुमात्रै परम पुरुषार्थ होइन रहेछ । रोजगारी पाउनु, कुनै ईलमसँग गाँसिनु र कुनै पेशा अँगाल्नु पो अर्को ठूलो कार्य रहेछ । रोजगारी नपाउँदाको त्यो क्षण सम्झन्छु झलझली । त्यो राग, त्यो रोग र त्यो रुग्णता सम्झँदा आज पनि तीन छक्क पर्छु म ।

"पढेर मात्रै के गर्नु ? कामै पाईंदैन ।" फलानाको छोराले पढेर के गर्नु र ? जागिरै नपाएर जोकरजस्तो पो भएर बस्या छ । बहर गोरु जोत्तिएजस्तै घरको काममा जोत्तिएको छ । भरदिन 'भक्कुको राँगो' भएर बरालिएर हिँडेको छ ।

गाउँलेका यस्तै टिका-टिप्पणी, पधेँरे गफ, चियापसलको चिया चर्चा र खेदोखनाइले म जिल्लिन्थे, पिल्लिइन्थेँ र चाउरिन्थेँ-मरिचको गेडा चाउरिएजस्तै ।

हो त नि ! 'मनको बह कसैलाई न कह' भनिन्छ । सबै मनका कुरा सबैलाई सधैँ भन्न सजिलो हुँदैन । भित्रको घाउ बेमतलब देखाएर सम्भव हुँदैन ।

के गर्नु ? योग्य त भइएछ तर योग्य सावित गर्नु कसरी ? जागिरै नखाई अनुभव कहाँबाट कसरी प्राप्त गर्न सकिन्छ ? कि प्रमोशनको लागि बिहारको सर्टिफिकेट ल्याएजस्तो ल्याउनुपर्‍यो । प्रत्येक युवा पिढीको यो पीडा, पीर र नजानिदो पिरलो पनि हो ।

यसरी म स्वयं पिल्सिइरहेको बेला, जागिरका खातिर म्याराथुन दौड चलिरहेका बेला र निरन्तर लागिपरिरहेको बेला मलाई मास्टरीको नोकरी

मिल्यो । दोलखाको उत्तरी भेगको दुर्गम गाविस छेसाखोर प्राथमिक विद्यालयमा प्रथमपटक खटाइएँ म । मेरो मच्काई अब भने केही मत्थर भयो । दोलखा भीमेश्वरको ठूलै कृपा ममाथि भएको अलौकिक अनुभूति गरेँ । जिन्दगीमा ठूलै जँघार तरेँ, जाउलोको जोहो गरेँ भन्ने सोच्यो यो लिखुरे ज्यानले । म खुशी खुशीले चुलिएँ, आह्लादित र अत्यन्तै आनन्दित भएँ ।

हेर्नोस् त मित्रहरू ! यही जागिर प्राप्तिका लागि अग्रज शिक्षक हरि काकासँग कतिपटक सदरमुकाम चरिकोट धाएँ । खोयाबिर्के स्वाट्ट पारेपछि हरिकाका म सबैथोक सक्छु, मिलाउँछु, धन्दा नमान भतिज भन्थे । नखाएका बेला भने जिल्ला शिक्षा कार्यालय कर्मचारीसँग बोल्न पनि काँप्थे, लर्बराउँथे र धर्मराउँथे ।

चरङ्गेको उकालो खुई.....खुई..... गर्दै कति चढियो कति । बर्खे भेलमा बढेको बाढी र मक्किइसकेका काठे साँघुहरू डराई डराई कत्ति तरियो कत्ति । लड्के खोला र फड्के खोलाले सोहोरेर तामाकोशीतिर झन्डै बगाएका थिए । यी दृश्य परिदृश्यहरू एकपछि अर्को गरी नाच्न थाल्छन् आँखा वरिपरि ।

सम्झनाका ती पानाहरू पल्टाउँदै जाँदा मज्जा पनि लाग्छ । कष्टपूर्ण र कहालिलाग्दा ती अलच्छिना दिनहरू सम्झिदा कामज्वरो पनि आउँछ ।

हेर्नोस् त, नयाँ जागिर कति महँगो ? नयाँ स्कुल, नयाँ शिक्षक । नयाँ व्यवस्थापन, नयाँ व्यवस्थापन समिति । म नयाँ केटो घरको भात खाएर बसेको अनि कहीँ कतै बाहिर ननिस्केको बबुरोलाई पर्नुसम्मको पीर परेको थियो । बाआमालाई घुर्की लगाई बसेको मलाई 'बल्ल परिस् फेला' भने झैँ भएको थियो ।

फेरि मेरो वरिपरिका अग्ला डाँडाहरूले मेरो घर कता पर्छ ? छुट्याउनै गाह्रो थियो । घरको बारम्बार सम्झनाले मनै तम्तम्याइलो हुन्थ्यो । आफ्नो गाउँको बाटो, छिमेकी, बिसौनी, बन्धु-बान्धव, पढेको विद्यालय, दौँतरीहरू, बालखै रहेका भाइहरूको यादले थला नै पार्थ्यो ।

तर नियति, नियति नै हो । नियम, नियमै हो । समय बलवान् शिक्षक हो । समयलाई पछ्याउन सकिएन भने पछाडि नै परिन्छ । जसले समयको दिशा र गति सँगै सँगै दौडिन जान्यो, उसैले वर्तमानमा बाजी मार्‍यो । हिँड्नेले बाटो काट्छ, बस्ने जहीँको तहीँ हुन्छ । त्यसैले त भन्ने गरिन्छ– 'हिँडे छेउ लाग्छ, बसे लेउ लाग्छ ।'

मलाई जिन्दगीको लामो बाटो एक्लै हिँड्नुथियो । प्रगतिको शिखरतिर यात्रारम्भ गर्नुथियो । त्यसैले मैले अगाडि मात्रे हेरेँ, वर्तमानलाई मात्रै हेरेँ र क्रमशः बढाएँ, आफ्ना अल्छी पाइलाहरूलाई ।

घरबाट कस्सिएर हिँडे पनि ठ्याक्कै लाग्थ्यो– दुई दिन छेसाखारे पुग्न । तर ममा कोही नभए पनि साहस र आशा थियो । ठूलो पुरुषार्थ गर्न नसके पनि 'परिश्रमले नै परिणति ल्याउँछ' भन्ने उर्जा र उम्मेद उत्पातै थियो । जहाँ जहाँ, जसरी जसरी, जुन जुन बेला म पुगेँ, यिनै सामलतुमल बोकेरै पुगेँ, थकाइ बिर्सेर प्रत्येक नयाँ जोशका साथ पुगेँ ।

जङ्गलको बाटो, मनभरि डर, त्रास र सङ्कोच बोकेर म आफ्नो यात्रा पूरा गर्थेँ । एकान्तमा अनेक सपनाहरू बुर्कुसी मार्दै आउँथे तर मान्छेका सामु मेरो बोली नै फुट्दैनथ्यो, वाक्य बन्द हुन्थ्यो । भित्रको तेज भए पनि बाहिर निस्तेज भएपछि मान्छे बेकामको हुँदो रहेछ ।

त्यसबेला सञ्चारको संसारै थिएन । न फोन न वार्ता, न बाटो न घाटो, न समन्वय न सम्पर्क । घाटै-घाटै बाटो, घाटै-घाटैको व्यवसाय र घाँसै घाँसैको जङ्गलमा म अर्को घाँस भएथेँ ।

त, त्यहाँ एक जना विद्यालय व्यवस्थापन सामितिका अध्यक्ष थिए– नीरबहादुर श्रेष्ठ । सबैले उनलाई 'लफाङ्गे बुवा' भन्थे । यही नामबाट सर्वत्र

परिचित थिए । तर मलाई चाहिँ 'लफङ्गा बूढा' भन्नै रमाइलो लाग्थ्यो ।

उनलाई देखेपछि मेरो रिसको पारो चढ्थ्यो । शान्त तलाउजस्तो मन पनि सशङ्कित र भयभीत बन्थ्यो । 'लाटो देशमा गाँडो तन्नेरी' भने झैँ उनी आफूलाई त्यस ठाउँको प्रतिष्ठित र माननीय व्यक्तित्व हुँ भन्ने खालका थिए ।

त्यस गाउँका सोझा गाउँलेलाई अनेक त्रास देखाई त्राही त्राही पार्थे । उनको शोषक, घोचक र झोसक प्रवृत्तिबाट मलाई सदैव डर लाग्दथ्यो ।

अन्ततः स्वयं व्यवस्थापन र स्वयं नियन्त्रण गर्नु जीवनको सफलताको सूत्र हो । आफूले आफैलाई व्यवस्थापन मैले गर्नै पर्थ्यो । 'देश अनुसारको भेष' मैले बदल्नै पर्थ्यो । त्यहाँका स्थानीय सबैसँग घुलमिलको वातावरण र घमाइलो परिवेश मैले बसाल्नै पर्थ्यो । बसालेँ, जगाएँ, जोडेँ र सन्निकटता कायम गरेँ । आफू खुनी भइएन भने गुणी हुन सकिँदो रहेछ । खुराफात जानिएन भने मान्छेको जातलाई अघाउँजी खुशी तुल्याउन सकिँदो रहेछ– यो शिक्षा मैले त्यहीँबाट सिकेँ, व्यवहारमा उतारेँ र सफलताको बाटोतिर लम्किइरहेँ ।

चुनौतीहरू त चारै दिशाहरूमा थिए । कुरा काट्नेहरू र खुट्टा तान्नेहरू त सर्वत्र थिए । 'फलानाको छोराले जागिर छाडिदिए हुन्थ्यो" भनेर जपना तपना गर्नेहरू अधिक थिए । तर कसैका कुरा सुनिएन, काम मात्रै गरियो । किनकि काम नै नाम हो, प्रतिष्ठा हो, अमरता हो र शक्ति सञ्चय हो । यही मूल मन्त्र मानेको थिएँ मैले ।

हो, हिम्मत हारिनँ मैले हैसियत बढाएँ । आफ्नो निमकको सोझो गरेँ 'कमजोर' को उपनाम गुथिनँ मैले । कसैलाई बिझाउने काम गरिनँ । शाहस, समझदारी, सत्प्रेरणा, सल्लाह, सत्मार्ग, सदाचार र शालीनताले त्यो ठाउँलाई र शिष्यहरूलाई बिस्तारै उठाएँ मैले ।

अँ त, दुई वर्ष दुःखले बिताएपछि मेरो सरुवा भयो । मलाई सोही जिल्लाको वराङ गाविसमा जानुपर्ने भयो । तर त्यहाँका मानिसहरूले नियास्रो र नरमाइलो माने । गुनासो र गथासो गर्न थाले । 'म नभए राज्य नै चल्दैन किजस्तो गर्न थाले ।

मैले यसरी सम्झाएँ– 'सरुवा त एक नियमित सिलसिला हो, प्रकृया हो । हाम्रो त एक दिन यस धर्तीबाट अर्को स्थानमा सरुवा हुन्छ ।' त्यसबेला पछि रमाना लिउँला, मेरो घर व्यवहार मिलाएर मात्रै जाउँला भन्न पाइन्न । त्यसैले नियमित सरुवा हो । मभन्दा राम्रो मान्छे पनि आउन सक्नुहुन्छ र हिजोभन्दा अझै राम्रो गर्न सक्नुहुन्छ । तसर्थ चिन्ता व्यर्थ छ, नगर्नुहोस् ।

अन्ततः मेरो हिँड्ने दिन आउनै लाग्यो । म पनि भावविह्वल भएँ । बिदाइको अघिल्लो दिन म बसेको घरमा एकाएक अर्कै चहलपहल शुरु भयो । अर्कै उत्सव आइरहेको जस्तो, कुनै शुभ कार्यको चटारो भएजस्तो ।

विविध परिकारहरू पनि तयार हुँदै छन् । शङ्कैशङ्कामा "किन, केको चहलपहल हो ?" मैले आफ्नो जिज्ञासा फुक्याएँ ।

यत्तिकैमा हेर्नोस् घरपेटी आमैले पनि कुरोको चुरो यसरी उक्काइन्– 'बाबु ! तपाईं साह्रै असल मान्छे । यहाँबाट जान लाग्नुभयो । जाने बेलामा हामीलाई एउटा अटुट सम्बन्ध गाँस्न मन लागेको छ । त्यसैले बाबुले यामबहादुर सँग अर्थात् मेरो छोरासँग मित लगाइदिनुपर्‍यो ।

म त छाँगाबाट खसेजस्तै भएँ । मेले त यस्तो कदापि सोचेकै थिइनँ । आफ्नै शिष्यसँग शिक्षकले कसरी लगाउनु मित ? आफ्नै हृदयले नस्वीकारेको कुरालाई कसरी आत्मसात गर्नु ? आफ्नो ब्रह्मलाई बन्धक बनाएर म कसरी नचाहिँदो काम गरुँ ? मैले अन्तर्मनले विश्लेषण गरेँ ।

मैले भनेँ– "हेर्नोस् आमा ! 'मन चंगा त लोह्यमा गङ्गा' भनिन्छ । आफ्नो आत्मा शुद्ध र

पवित्र भएपछि देउताको बास यहीँ आत्मामा हुन्छ। संसारमा सबैभन्दा गाह्रो काम भनेको आफूले आफूलाई नै चिन्नु हो। के शिक्षक र शिष्यबीचको सम्बन्ध एउटा मित-मितको सम्बन्धभन्दा कम्तिको छ र ? मितको साइनो गाँस्दैनमा त्यो सम्बन्ध दिगो, दरिलो र प्रगाढ नै हुन्छ भन्ने ग्यारेन्टी छ र ?" तर उनीहरूको अनुहार वर्षाको कालो बादल जस्तो भयो। उनीहरू त सुक्क सुक्क रुन पो थाले। अर्थात् घरका मानिसहरू शोक पो गर्न थाले।

हे भवसागर ! आज यो के सुन्दैछु र के भएको हो ? मितभन्दा पनि चित्त ठूलो हो। शरीरको मोटाइ भन्दा पनि सोचाइको विस्तृतीकरण बढी महत्त्वको हो।

तर उनीहरू एक रत्ति टसमस भएनन्। उनीहरूको अचेतना, अशिक्षा, अपरिपक्वता र आलोकाँचोपनप्रति मलाई टीठ लाग्यो, सहानुभूति जाग्यो। एकोहोरो ढिपी र प्रलापका सामु मलाई लम्पसार हुन करै लाग्यो। मैले हारेँ, उनीहरूले जिते। म एउटा घनचक्करमा फसेँ। भड्खारोमा भसक्कै भाँसिए। मैले उनीहरूको चित्त दुःखाउन चाहिनँ।

मैले यामबहादुरसँग मित गाँस्नैपर्ने भयो, गाँसे। मित लगाउनै पर्ने भयो, लगाएँ मित। सम्भवतः मेरो जिन्दगीभरि यामबहादुर नै "M" को पहिलो र अन्तिम मित हुनेछन् ।

त्यहाँ एउटा चाडबाड जस्तै भयो। जाँडका सिसीहरू खोलिए, तोड्बाका ठेकीहरू भरिए, मासु र मिष्ठान्नका परिकारहरू भाग लगाइए। यो बिदाइभोज होइन, मितेरी भोज हो। यो कुनै विवाहोत्सवको बडाभोज होइन। मित लगाउँदाको भोज हो। भित्री हृदयले नस्वीकार्दा नस्वीकार्दै कस्सिएको मित मितको भव्य भोज हो।

आज समयले धेरै नेटो काटिसक्यो। मेरो कलिलो काय अब बुढ्यौलीको सँघारमा छिर्न थालिसक्यो। मन नमिली, चित्त नबुझी लगाइएको मेरो मित यामबहादुर जिन्दगीको यात्रामा कहाँ पुगे ? म कता हराएँ, उनी कता हराए ?

सत्य सत्य धरोधर्म, मेरा एउटै ती मितसँग न भेटघाट न भलाकुसारी छ। न सम्पर्क न चिठीपत्र अनि खैखबर छ। हो त नि ! आज पनि यो एउटा घटना सम्झन्छु, स्वयं आश्चर्यचकित हुन्छु, आत्मविस्मित हुन्छु। भन्छु– 'मन मिले पो मित हुनु ? मन नमिलेका पछि केको मित ? भेउ मैले पाएँ, भार उनीहरूले नै खेपुन्। संस्मरण मैले लिपिबद्ध गरेँ, सद्भाव र सम्झना उनीहरूले नै गरून्। बस।

मेलुङ-५, दोलखा

लघुकथा

सृष्टिका चारयुग

■ **मुकुन्द न्यौपाने**

सृष्टिको सबैभन्दा सुरु युग हो सत्ययुग ! त्यस समय राजा र प्रजाहरू सबै सुखी रहन्थे । सबै दयालु दाता-स्वभावका हुन्थे। उनीहरू केही दिएपछि सबै कुरा भुल्दथे।

दोस्रो युग हो त्रेतायुग ! त्यस समय दिएपछि कहिले काहीँ सम्झना हुन्थ्यो, मैले फलानोलाई यो कुरा दिएको छु।

तेस्रो युग हो द्वापरयुग ! त्यस समय साहूले जति दिन्थे, उति पूरापुर आसामीहरूबाट लिन्थे।

आखिरमा आयो कलियुग ! जुन युग सत्यको ठीक विपरीत छ । यस युगमा लिएको ऋण तिर्नुपर्छ भन्ने कुरा मानिसले भुल्छ। आजभोलि म यही इतिहास देखिरहेछु।

लाजिम्पाट, काठमाडौं

समालोचना

रमेश विकलको 'अब तिमी नरोऊ किरण' बालनाटकलाई सिंहावलोकन गर्दा

■ खुमबहादुर खड्का

१. विषयप्रवेश

◆ साहित्य जीवन जगत्का विषयवस्तुलाई लिएर भाषाका माध्यमबाट गरिने भावात्मक ललित अभिव्यक्ति हो । बालसाहित्य साहित्यकै एउटा प्रयोजनपरक भेद हो । बालबालिकाहरूलाई मनोरञ्जन तथा शिक्षा दिने उद्देश्यले लेखिएको साहित्यलाई बालसाहित्य भनिन्छ । यसका बालकविता, बालआख्यान, बालनिबन्ध र बालनाटक गरी प्रमुख चार विधाहरू रहेका छन् । यी मध्ये बालनाटक पनि एक प्रमुख विधा हो । यो विधामा जीवन् जगत्का जुनसुकै विषयलाई रङ्गमञ्चमा अभिनय गरेर प्रस्तुत गर्न सकिने गरी पात्रहरूका संवाद मनोवाद मार्फत् विभिन्न अङ्क र दृश्यमा व्यवस्थित गरी प्रस्तुत गरिएको हुन्छ । यो एकाङ्की र पूर्णाङ्की गरी दुई किसिमको हुन्छ । नेपाली बालसाहित्यका क्षेत्रमा प्रशस्त्र मात्रामा बालनाटकहरू लेखिएका छन् । ती मध्य बालनाटक लेखेर प्रसिद्धि प्राप्त गरेका बाल नाटककार रमेश विकल हुन् । उनको 'अब तिमी नरोऊ किरण' नामक बालएकाङ्की नाटक निकै चर्चित रहेको छ । यसमा अपाङ्ग बालबालिका शिक्षाको पहुँचबाट टाढा रहेको यथार्थको मार्मिक चित्रण गरिएको छ । यसको विशिष्ट समीक्षा, समालोचना तथा अनुसन्धान नभएकाले प्रस्तुत लेखमा शीर्षक २ मा बाल नाटककार रमेश विकलको परिचय र नाट्यप्रवृत्ति, शीर्षक ३ मा अब तिमी नरोऊ किरण बालनाटकको विश्लेषण र शीर्षक ४ मा निष्कर्ष राखेर अध्ययन विश्लेषण गरिएको छ । यसबाट सामान्य रूपमा भए पनि बालसाहित्यका पाठक, बालसाहित्य शिक्षण गर्ने शिक्षक तथा विद्यार्थीहरूलाई सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

२. बाल नाटककार रमेश विकलको परिचय र प्रवृत्ति

रमेश विकल नेपाली साहित्यका बहुमुखी प्रतिभा सम्पन्न प्रसिद्ध साहित्यकार हुन् । यिनको जन्म वि.सं. १९८५ कार्तिक २९ काठमाडौं जिल्लाको गोकर्णस्थित आरूबारी भन्ने ठाउँमा भएको हो । यिनको वास्तविक नाम रामेश्वरप्रसाद चालिसे भएपनि नेपाली साहित्यमा यिनी रमेश विकलका नामले परिचित छन् । वि.सं. २००६ सालमा शारदा पत्रिकामा 'गरीब' कथा प्रकाशित गरेर साहित्य यात्रा प्रारम्भ गरेका विकलले कथा, उपन्यास, नाटक, बालकथा र बालनाटकका क्षेत्रमा समेत कलम चलाएका छन् । प्रस्तुत सन्दर्भमा बाल नाटकका सापेक्षतामा उनका नाट्य प्रवृत्तिहरूको मात्र खोजी गरिने भएकाले बालनाटकहरूको मात्र नाम उल्लेख गरिएको छ । उनका बालनाटक सङ्ग्रहहरू सात थुङ्गा (२०३७), अब तिमी नरोऊ किरण (२०५९), र हराएको चिठी (२०६३) गरी तीनवटा रहेका छन् ।

रमेश विकलको पहिलो नाटकसङ्ग्रह सात थुङ्गा (२०७३) मा शम्भु दाइ निर्दोष छ, किसान र बाघ, देवदूतको मद्दत, गीता भेट्टिई, ऊ हाम्रो साथी हो, सिद्धार्थको करूणा र नदेखिने दान गरी सातवटा एकाङ्की नाटक सङ्कलित रहेका छन् ।

यी एकाङ्कीहरूलाई हेर्दा विषयगत विविधता उनको एउटा प्रमुख प्रवृत्ति रहेको देखिन्छ । किसान र बाघ लोककथामा आधारित छ । सिद्धार्थको करूणा पौराणिक विषयवस्तुमा आधारित छ । अन्य एकाङ्कीहरू सामाजिक विषयवस्तुमा आधारित छन् । नाटकहरूमा चोर्ने बानी गर्नु हुँदैन, परेको बेला साथीलाई सहयोग गर्नुपर्छ, साथीबीच धनी र गरिबको भेदभाव गर्नु हुँदैन, मिलेर काम गरे फत्ते हुन्छ र साहसी हुनुपर्छ भन्ने सन्देश प्रस्तुत गरिएका छन् ।

अब तिमी नरोऊ किरण (२०५९) शीर्षकको नाटकसङ्ग्रह विकलको दोस्रो सङ्ग्रह हो । यसमा आमा मेरी आमा, अब तिमी नरोऊ किरण, माया दी मलाई पनि स्कुल लैजानोस् है, हराएका आमा बाबु र राजा बाबु गरी पाँचवटा बालनाटक सङ्कलन गरिएका छन् । 'आमा मेरी आमा' शीर्षकको नाटक सामाजिक विषयवस्तुमा आधारित रहेको छ । यसमा बाबु बितेपछि विधुवा आमा र अपाङ्ग भाइप्रति जेठा छोरा बुहारीले गरेको दुर्व्यवहारको चित्रण गरिएको छ । पछि विधवा आमाले दुःख गरेर अपाङ्ग छोरालाई पढाएको र ऊ सफल पनि हुँदै गएको घटनाको कलात्मक प्रस्तुति गरिएको छ । यसबाट अपाङ्गहरूलाई हेला गर्नुहुँदैन । अवसर पाए भने उनीहरू पनि सफल बन्न सक्छन् भन्ने सन्देश दिइएको छ । 'अब तिमी नरोऊ किरण' शीर्षकको नाटकमा किरण नाम गरेकी अपाङ्ग बालिका शिक्षाबाट बञ्चित रहेको मार्मिक चित्रण गरी अपाङ्गलाई सद्व्यवहार गर्नुपर्छ र पढ्ने वातावरण मिलाई दिनुपर्छ भन्ने सन्देश दिइएको छ । 'माया दी मलाई पनि स्कुल लैजानोस् है' शीर्षकको नाटकमा छोरीलाई पनि छोरा सरह पढाउनुपर्छ भन्ने सन्देश दिइएको छ । 'हराएका आमाबाबु' शीर्षकको बाल नाटकमा आमाबाबुको उचित हेरचाह बिना बालबालिकाले कुलतको बाटो लिने कुराको चित्रण गरिएको छ । यसै गरी 'राजाबाबु' शीर्षकको बालनाटकमा बाल मनोविज्ञान र उनीहरूको जिद्दी स्वभावको चित्रण गरिएको छ । बालबालिकाको जिद्दी स्वभावलाई पिटेर होइन सकारात्मक र रचनात्मक तरिकाले परिवर्तन गर्न सक्नुपर्छ भन्ने सन्देश दिइएको छ ।

हराएको चिठी (२०६३) विकलको तेस्रो बालनाटक सङ्ग्रह हो । यसमा एउटा कुरा नि, हजुरआमा भन्नुहुन्थ्यो, हराएको चिठी आदि शीर्षकका नाटकहरू सङ्कलित छन् । यी नाटकहरूमा लोक, पौराणिक र सामाजिक विषयवस्तुहरू रहेका छन् । 'एउटा कुरा नि' शीर्षकको बाल नाटकमा बालबालिकाहरूलाई फकाएर पढाउनुपर्छ भन्ने सन्देश दिइएको छ । 'के ल्याऊ हजुर' मा बालबालिकाहरूलाई होटलमा श्रमिकको रूपमा काम गराइएको र उनीहरू शिक्षाबाट बञ्चित रहेको सजीव चित्रण गरिएको छ । 'हराएको चिठी' शीर्षकको नाटकमा राजपरिवार भित्रको चलखेल र अपराधी पत्ता लगाउने तरिकालाई मुख्य रूपमा चित्रण गरिएको छ ।

यी तीनवटै बालनाटक सङ्ग्रह भित्रका नाटकहरूलाई सिंहावलोकन गर्दा संरचना आयामका दृष्टिले यिनका नाटकहरू सङ्क्षिप्त छन् । पात्रहरू आठदेखि दश जनासम्म प्रयोग गरिएको छ । मञ्चनका दृष्टिले उनका नाटकहरू केही स्थानीय सरसमानको प्रयोग गरेर सहजै मञ्चन गर्न सकिने खालका छन् । संवाद सरल, सङ्क्षिप्त र बालसुलभ रहेका छन् । यसरी हेर्दा सामाजिक, मनोवैज्ञानिक, शैक्षिक, पौराणिक र लोक कथात्मक विषयवस्तु (विषयवस्तुगत विविधता), सीमित पात्रहरूको सोद्देश्यपूर्ण प्रयोग, सरल एवम् सङ्क्षिप्त संवाद, सङ्क्षिप्त आयाम, सहज मञ्चीयता, नैतिक, शैक्षिक, सामाजिक र व्यवहारिक सन्देश रमेश विकलका बालनाट्य प्रवृत्ति हुन् ।

३. 'अब तिमी नरोऊ किरण' बाल नाटकको विश्लेषण

'अब तिमी नरोऊ किरण' रमेश विकलद्वारा लेखिएको उत्कृष्ट बालएकाङ्की नाटक हो । यो 'अब तिमी नरोऊ किरण (२०५९) शीर्षकको नाटकसङ्ग्रह भित्र सङ्कलित रहेको छ । यही एकाङ्कीको नामबाट सङ्ग्रहकै नामसमेत राखिएको छ । यसमा अपाङ्ग र शिक्षालाई अन्तर्वस्तु बनाएर हाम्रो देशमा धेरै अपाङ्गहरू शिक्षाको पहुँचबाट वञ्चित रहेको मार्मिक चित्रण गरिएको छ । यहाँ विवेच्य बालनाटकको विश्लेषण ३.१ मा कथावस्तु ३.२ मा पात्र वा चरित्र, ३.३ मा भाषाशैली तथा संवाद, ३.४ मा उद्देश्य, ३.५ मा मञ्चीयता र ३.६ मा चित्र तथा अन्य शीर्षकहरू राखी निम्नानुसार गरिएको छ :

३.१ कथावस्तु

प्रस्तुत बालएकाङ्की नाटकको कथावस्तु शैक्षिक तथा सामाजिक अन्तर्वस्तुमा आधारित रहेको छ । एकाङ्कीमा कथावस्तु विद्यालयको खाजा खाने छुट्टि भएको वर्णनबाट थालिएको छ । केटाकेटीहरू खाजा खाने छुट्टि भएपछि रमाउदै कक्षाबाट निस्केर चौरमा खेल्न थाल्छन् । माया, विक्रम, अमर र गीताको टोली चौरको एकातिर गएर बसेका हुन्छन् । अर्कोतिर श्याम, हरि, चम्पा र गोपीको टोली कपर्दी खेल्न थाल्छन् । त्यसै बेला किरण बैसाखी टेकेर नजिकैको गाउँबाट त्यहाँ आएर चम्पाहरूको कपर्दी खेल हेर्न थालेकी हुन्छिन् । यत्तिकैमा चम्पाले आफ्नो साथी श्याम, हरि आदिसँग यो लङ्गडी सधैं हामीले खेलेको हेर्न आउँछे । त्यस्ताले हेऱ्यो भने अलच्छिन लाग्छ भन्छे । उनीहरूले किरणको बैसाखी खोसेर अनेक अपशब्दले समेत अपमान गर्छन् । उनी लडेर रून थाल्छिन् । यो कुरा नियालिरहेका मायाको टोली त्यहाँ आएर किरणप्रति सहानुभूति देखाउँदै उनको पक्षमा बोल्छन् । श्याम, हरि, चम्पाको टोलीलाई हपार्दै आगामी दिनमा किरणलाई दुर्व्यवहार नगर्नू भनी सम्झाउँछन् ।

मायाले किरणलाई आमाबुवा र पढाइका बारेमा सोधेपछि किरणले पढ्ने इच्छा भएको तर बुवा लाहुरतिरै मरेको, आमा सुवेदार्नीकहाँ भाँडा माझ्ने गरेको यथार्थ बताउँछिन् । मायाको टोलीले उनको समस्या प्रधानअध्यापक र निरीक्षकसँग राखेपछि प्रधानअध्यापकले निशुल्क पढ्ने व्यवस्था गरिदिने सल्लाह गर्छन् । स्कुल छुट्टिपछि किरणकी आमालाई पनि मनाउन जाने बाचा गरी उनीहरू कक्षाकोठामा गएसँगै कथावस्तु अन्त्य भएको छ । यसरी कथावस्तु शैक्षिक विषयमा आधारित हुनुको साथै सङ्क्षिप्त र सोझो रैखिक ढाँचामा उनिएको छ ।

३.२ पात्र वा चरित्र

प्रस्तुत एकाङ्कीमा जम्मा १५ जना पात्रहरू रहेका छन् । ती मध्ये बाह्र जना बालबालिकाहरूका (९ वर्षदेखि १६ वर्षसम्मका), दुई जना प्रौढ पात्र प्रधानाध्यापक र निरीक्षक रहेका छन् । यी बाहेक एउटा टीके नामको कुकुरलाई मानवेतर पात्रका रूपमा उपयोग गरिएको छ । यी पात्रहरू मध्ये एकातिर गीता, प्रतिमा, अमर, विक्रम र मायाको टोली छ । अर्कोतिर श्याम, हरि, गोपी, चम्पा आदिको टोली छ । मायाको टोली असल, मिलनसार, दयालु, सहयोगी हुनुको साथै पढाइमा पनि तेज छन् । चम्पाको टोली खराब, झगडालु, र असत् स्वभावका छन् । यस एकाङ्कीको प्रमुख पात्र किरण हुन् । उनी अपाङ्ग हुनुको साथै गरिबीका कारण शिक्षाबाट बञ्चित रहेकी छिन् । उनकै समस्यालाई केन्द्रमा राखेर यो एकाङ्की रचिएको र शीर्षकको नामकरणमा पनि उनकै नाम समेटिएकाले उनी एकाङ्कीको प्रमुख पात्रका रूपमा रहेकी छिन् । यस एकाङ्कीमा पात्रहरूको

चयन विषयवस्तुअनुसार उद्देश्यपूर्ण तरिकाले गरिएको छ ।

३.३ भाषाशैली तथा संवाद

प्रस्तुत बालएकाङ्की नाटकमा पात्र अनुसारको भाषाको प्रयोग गरिएको छ । यो सरल, सहज, बोधगम्य हुनुको साथै संवाद र अभिनयका लागि उपयुक्त रहेको छ । केही प्रचलित तत्सम शब्द, अत्याधिक तद्भव शब्द र बालकुराकानीका सामान्य शब्दहरूको प्रयोगले भाषा बालसुलभ बन्न पुगेको छ । शैली मूलत: नाटकीय-संवादात्मक अंशत: वर्णनात्मक किसिमको रहेको छ ।

संवाद सरल, सङ्क्षिप्त र स्वाभाविक रहेको छ । खासगरी ९ देखि १६ वर्षका बाल-बालिकाहरूको स्वभाव र भाषिक क्षमता अनुसारको संवादको प्रयोग गरिएको छ । यसै गरी प्रधान अध्यापक र निरीक्षकको स्तरलाई पनि ध्यानमा राखेर संवादको प्रयोग भएको छ । संवादहरू अभिनयका माध्यमबाट सहजै प्रस्तुत गर्न सकिने खालका छन् । संवादमा एक ठाउँमा त्रुटि देखिएको छ । पृष्ठ ११ मा हरिले किरणको बैसाखी खोसेर फालेको कुरा आएको छ तर पृष्ठ १३ मा गोपीले हरिका आदेशमा आफूले फालेको संवाद बोलेको देखिएको छ । यसले संवादात्मक अभिनय गर्दा समस्या हुने देखिन्छ । यसै गरी संवादमा 'साले' र 'डुमिनी' जस्ता अपशब्दको प्रयोग पनि गरिएकाले त्यसलाई हटाउनुपर्ने देखिन्छ । समग्रमा एक दुई कसर बाहेक भाषाशैली र संवाद उपयुक्त रहेको छ ।

३.४ उद्देश्य

प्रस्तुत एकाङ्कीमा एकातिर अपाङ्गहरूलाई गरिने दुर्व्यवहारको मार्मिक चित्रण गरिएको छ । अर्कोतिर उनीहरू शिक्षाको पहारिलो घामबाट वञ्चित रहेको कुराको चित्रण गरिएको छ । यी दुई यथार्थको चित्रण गर्दै अपाङ्गहरूलाई माया, सद्व्यवहार र सहयोग गर्नुपर्छ अनि उनीहरूलाई पढ्ने वातावरण मिलाई दिनुपर्छ भन्ने कुराको सन्देश दिनु यस एकाङ्कीको मूल उद्देश्य हो । यसका साथै पढाइमा अब्बल, अनुशासित र सहयोगी विद्यार्थीहरू गुरुहरूका प्रिय हुने भएकाले बालबालिकाहरूलाई त्यस्तै बन्नुपर्छ भन्ने सन्देश दिनु भन्ने पनि यसको उद्देश्य रहेको छ ।

३.५ मञ्चीयता

मञ्चनका आधारमा हेर्दा प्रस्तुत एकाङ्की नाटक छोटो समयमा बिना कुनै ठूलो तयारी सहजै मञ्चन गर्न सकिने खालको छ । एउटा कक्षा कोठा, केही विद्यार्थी, एउटा घण्टी, केही झोला र एउटा बैसाखी भन्न मिल्ने काठजस्तो सामान्य सामग्री भए पुग्ने देखिन्छ । सबै पात्रहरूको भूमिका निर्वाह गर्न बालकहरूलाई कुनै अप्ठेरो हुने देखिदैन । यो एक अङ्क र एक दृश्यमै सीमित सङ्क्षिप्त आयामको भएकाले छोटो समयमा मञ्चन गर्न सकिने खालको रहेको छ ।

३.६ चित्र तथा अन्य

प्रस्तुत बालएकाङ्की नाटकमा एउटा मात्र श्यामश्वेत चित्रको प्रयोग गरिएको छ । चित्र पर्याप्त ठूलो आकारको हुनुको साथै विषयवस्तु सम्प्रेषणमा उपयोगी रहेको छ । यसमा चित्र एउटा मात्र रहेकाले विषयवस्तु अनुरूप हुने गरी दुई वटासम्म चित्रको प्रयोग गर्दा अझ उपयुक्त हुने देखिन्छ । यसमा मानवेतर पात्रका रूपमा टीके नामको कुकुरलाई प्रयोग गरिएको छ । यसको मानवीकरण नगरिएको भए पनि अपाङ्ग किरणलाई दु:ख दिने हरिको टोलीतिर हाउँभाउँ गरी भुकेको, निरीक्षकसँग भाउँभाउँ गरी कुरा गर्न खोजेका र किरणले पढ्न पाउने भएपछि उनीतिर खुसीले भाउँभाउँ गरी भुकेको सन्दर्भले मानिसका कुरा बुझ्ने र असलको साथ दिने गरी यसको रमाइलो प्रयोग गरिएको छ । यसै गरी यसको छपाइ, किनारा छोडाइ, अक्षराकार र पृष्ठाङ्कन पनि उपयुक्त रहेको छ ।

४. निष्कर्ष

बालसाहित्य बालबालिकाका उमेर, रूचि र मनोवैज्ञानिक विकासलाई दृष्टिगत गरी शिक्षा तथा मनोरञ्जन दिने उद्देश्यले लेखिने साहित्य हो । बालसाहित्यका विभिन्न विधा मध्य बालनाटकका क्षेत्रमा कलम चलाउनेहरूमा रमेश विकल सुप्रसिद्ध छन् । उनका सात थुङ्गा (२०३७), अब तिमी नरोऊ किरण (२०५९) र हराएको चिठी (२०६३) गरी तीनवटा बालनाटक सङ्ग्रह प्रकाशित छन् । सामाजिक, शैक्षिक, पौराणिक, मनोवैज्ञानिक र लोककथात्मक विषयवस्तु, सीमित पात्रहरूको सोद्देश्यपूर्ण प्रयोग, सरल एवम् सङ्क्षिप्त संवाद, सहज मञ्चीयता, सङ्क्षिप्तता, नैतिक, शैक्षिक, सामाजिक तथा व्यवहारिक सन्देश उनका बालनाट्य प्रवृत्ति हुन् । उनको अब तिमी नरोऊ किरण नाटक शैक्षिक विषयवस्तुमा आधारित बालएकाङ्की नाटक हो । यसको कथावस्तु सरल रैखिक ढाँचामा उनिएको छ । यसमा बाह्र जना बालपात्र, दुई जना प्रौढ पात्र र एउटा मानवेतर पात्रको सोद्देश्यपूर्ण प्रयोग गरिएको छ । बालपत्रहरू नौदेखि सोह्र वर्षसम्मका रहेकाले सोही उमेर समूहका लागि यो नाटक लेखिएको देखिन्छ । भाषा सरल, सहज, बोधगम्य, बालसुलभ हुनुका साथै संवाद र अभिनयका लागि उपयुक्त रहेको छ । शैली मूलतः नाटकीय-संवादात्मक र अंशतः वर्णनात्मक रहेको छ । संवाद एक दुई कसरमसर बाहेक सरल, सङ्क्षिप्त र स्वाभाविक रहेको छ । यसमा अपाङ्गहरूलाई माया, सद्व्यवहार र सहयोग गर्नुपर्छ । उनीहरूलाई पढ्ने वातावरण मिलाई दिनुपर्छ भन्ने सन्देश दिइएको छ । मञ्चनका दृष्टिले यो छोटो समयमा ठूलो तयारीबिना नै सहजरूपले मञ्चन गर्न सकिने खालको रहेको छ । यसरी यो प्रेरणादायी, रमाइलो र उत्कृष्ट बालएकाङ्की नाटक बनेकोले बालसाहित्यको विशिष्ट प्राप्ति ठहर्छ ।

सन्दर्भ ग्रन्थसूची

अवस्थी, महादेव (२०६५), *बालसाहित्यका विधा र तिनको लेखन प्रक्रिया,* काठमाडौं : एकता बुक्स ।

पराजुली, रञ्जुश्री (२०६८), *नेपाली बालसाहित्यको नालीबेली,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

प्रधान, प्रमोद (२०६९), *नेपाली बालसाहित्यको इतिहास (तेस्रो संस्क.),* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

प्रधान, भिक्टर (सम्पा., इ.सं. २००७), *नेपाली बालसाहित्यको सय वर्ष,* काठमाडौं : नेपाल बालसाहित्य समाज ।

विकल, रमेश (२०५९), *अब तिमी नरोऊ किरण,* ललितपुर : साझा प्रकाशन ।

उपप्राध्यापक

म.प.वि., सुर्खेत ।

अस्तित्व

■ **शीतल गिरी**

स्मृति र विस्मृति
चेतन र अचेतन
मनका दुई वृत्ति
विस्मृति शून्य होइन
न त असत्य हो
विस्मृति चेतनाको ऐना हो
विस्मृति स्मृतिको अस्तित्व हो
एक अर्काका पूरक र प्रेरक पनि ।

❖❖❖

कथा

पन्ध्रौं तला

■ इन्दु पन्त

अनिल अफिसबाट भरखर के घरभित्र पसेको थियो, आरतीले आत्तिदै भन्न थालिन्– 'लौन हजुर ! आश्मा अझ स्कुलबाट आइपुगेकी छैन, के गर्ने होला ? स्कुलमा कोचिङ क्लास चलिरहेछ आउन अलि ढिलो हुन्छ त भन्थी तर यति ढिलो त कहिले पनि गरेकी थिइन ।'

'आउँदै होली ! त्यसको कतै जाने बानी त थिएन । एसएलसी आइरहेछ त्यसैले ढिलोसम्म पढाइ भयो होला नि ! भरखर साँझको ६ बज्यो । किन त्यसै आत्तिएकी ? स्कुलमा फोन गरिनौ ?' सहजभावमा अनिलले भने । 'गर्दा गर्दा कायल भएँ । फोनै लाग्दैन, कहिले फोन जान्छ घण्टी पूरा सिद्धिउन्जेलसम्म कसैले उठाउँदैन । के गरुँ ?'– आरतीले भनिन् ।

'पख एकपल्ट म कोशिस गरेर हेर्छु होइन भने स्कुलमै जाऔंला हामी दुवै जना ।'– अनिलले भने ।

अनिलले फोन गरे । शायद फोन उठेछ क्यार ! अनिलको अनुहार पनि आत्तिए झैं देखियो – 'केरे .....! दिउँसै गएकी रे ! कसरी जान दिनुभएको त तपाईंहरूले घरमा खबरै नगरी ? यस्तो लापरवाही पनि गर्ने हो ? त्यसरी जो पायो त्यसको साथमा आफ्नो विद्यार्थीलाई पठाउने हो ? म तपाईंहरूलाई कारवाही गर्छु ।' रिसाउँदै फोन राखे । अनि आफ्नो टाउको समाउदै मेचमा थचक्क बसे ।

'के भयो रे ? कसको साथमा हाम्री छोरीलाई कहाँ पठाको रे ?' एकै पटक थुप्रै प्रश्नहरू पतिमाथि खन्याइन् आरतीले ।

'तिम्रो बैनीको घरमा बस्ने केटाले बोलाउन आ'को थियो रे ! सानीमा सिकिस्त हुनुहुन्छ सबै जना उता पुगिसके भनेछ अनि हाफछुट्टी दिएर पठाइदिएछन् । बिरामीको त्यस्तो खबर सुनेपछि टिचरहरूले पनि होला भनेर पठाएछन् ।'– अनिलले भने ।

'त्यस्तो भा'को भए त मलाई पो फोन गर्नुपर्ने ! त्यो केटाकेटीलाई बोलाएर त्यसले के गर्ने ! झन् आत्तिन्छे मात्र । बैनी क्यान्सरले गलेकी त धेरै भयो । हिजोसम्म म जाँदा आजै त्यस्तो सिकिस्त होलीजस्तो त देखिन्न थिई ! तर रोग कडा लागिसकेको भएर भन्न त सकिन्न । न हाम्रो फोन लागेनछ कि !' आरती फतफताउदै बैनीको घरमा फोन गर्छे । फोनको कुराकानीबाट थाहा हुन्छ कि आश्मा त्यहाँ पुगेकी नै छैन र त्यहाँबाट उसलाई कसैले बोलाउन पठाएकै छैन । बरु त्यो केटो पनि ऐलेसम्म आरतीको बैनीको घर पुगेको पनि छैन ।

पन्ध्र वर्ष पुगेकी आफ्नी एकमात्र प्यारी छोरी यसरी स्कुलबाटै वेपत्ता हुँदा अनिल र आरती अत्यन्त दुःखी भए । आरतीको त भोक प्यास सबै हरायो । अनिल पनि कैयौं दिनसम्म अफिस जान सकेनन् । ठाउँ ठाउँमा छोरीको खोज तलासमा भौतारिरह्यो । प्रहरी अनुसन्धान पनि शुरु भैसकेको थियो ।

अनिल पन्ध्र दिनपछि बल्ल अफिस जान शुरु गरे । अफिसबाट पनि उनी ढिलो ढिलो आउँथे । आउनेबित्तिकै केही नबोली, केही नखाई ओढनी ओडेर सुति हाल्थे । उनको उदास अनुहार र यस्तो व्यवहार देखेर आरती झन् तडपिन्थिन् । उनी पनि कलेज पढाउन जान सकेकी थिइनन् । आजकाल अनिल बीच बीचमा अफिसको काम

लिएर काठमाडौँ बाहिर जान थालेका छन् । पहिले बाहिर जान भनेपछि उनलाई गाह्रो लाग्थ्यो । आरती सोच्दथिइन्– छोरीको बिछोडले होला अनिललाई घर नरमाइलो लागेर बाहिरतिर जान थालेको । बिचरा अनिल, म आमा तर ऊ बाबुकी प्यारी छोरी थिई । छोरीलाई कत्ति माया गर्थ्यो । आश्मा दिनभरि स्कुलमा के के भयो सबै बेलुकी बाबु अफिसबाट आएपछि सुनाउँथी । पढाइ बाहेक अरू कुरामा आश्मालाई मतलब नै थिएन । केवल पढाइ र भविष्यमा कस्तो विषय लिएर आफ्नो करियर बनाउने भन्ने विषयमा बाबुछोरी छलफल गरिरहन्थे । आरती बीच बीचमा आफ्नो राय पनि दिन्थिन् । सुत्ने बेला भयो कति गफ गरेको भनेर बाबुछोरीलाई आरतीले सम्झाउनु पर्थ्यो । आश्मामा कुनै किसिमको उच्छृङ्खलपना थिएन । स्कुल, आफन्त बीचमा एक सुशील र सभ्य केटीमा गनिन्थी आश्मा । यस्तो सुखी परिवारमा कसको आँखा लागेको होला यसरी । कति डरलाग्दो आँधी आयो सबै सुखशान्ति भताभुङ्ग भए । समय बित्दै गयो महिना अनि वर्ष पनि बित्यो । तर आश्माको पत्तो अझै लाग्न सकेको छैन । आरती दिन पर दिन दुब्लाउँदै गइन् । आँखाहरू धस्सिदै गए, ओठ सधैँ कलेटी पर्न थाले । निराश मन भए पनि नमी टल्किएका आँखाका नानीहरू छोरीको खोज गर्दै यता उता भट्किरहन्थे । उनलाई सम्झाउन आउने जानेहरू पनि अब थाकेर आउन छोडदै गए ।

एक दिन प्रहरी अनुसन्धानका केही व्यक्तिहरू आरतीको घरमा आएर सोधे– 'अनिलजी कहाँ हुनुहुन्छ ?'

'उहाँ अफिसियल कामले बाहिर जानुभएको छ, पर्सीतिर आइपुग्नुहुन्छ ।'– आरती भन्थिन् ।

'तपाईंको छोरीको पत्ता लाग्यो नि !' एक महिला प्रहरीले भनिन् । 'कहाँ छे त मेरी छोरी ?' एकाएक आरती डाको छोडेर रुन थालिन् ।

मम्मी ! आश्माले अचानक आएर आरतीलाई अँगालो मारी । आमा र छोरी घुँक्क घुँक्क गर्दै एक अर्कालाई माया गर्न थाले । आरतीले आश्मालाई यस्तरी अँगालोमा कसिन् कि मानौँ अब आफ्नी छोरीलाई केही गरे पनि कतै फुत्किन दिन्न झैँ गरी । उनमा अचानक कसैले सञ्जीवनी बुटी दिए झैँ चम्किली देखिइन् । यो वियोगपछिको मिलनमा भैरहेको विलाप देखेर त्यहाँ उपस्थित प्रहरी टोलीका आँखा पनि रसाए । केहीबेरसम्म कसैले बोल्न सकेनन् ।

आमाछोरी केही शान्त भएपछि महिला इन्स्पेक्टर रविनाले भनिन्– 'नानी आश्मा ! तिमी कसरी हरायौ र कसरी फेला पऱ्यौ ? सबै कुरा आफ्नी आमालाई सुनाऊ अब ।'

आरतीले भनिन् – 'पख पख तिम्रो बाबालाई पहिले छिट्टै आउनु भनेर फोन गरिहाल्छु । तिमी हराएदेखि तिम्रो बाबाको गति कस्तो भएको छ । अब तिमीले देख्नेछौ । तिमी भेटिएको कुराले कति खुशी हुनुहोला वहाँ । आरतीले मोबाइल थिचिन् तर सम्पर्क हुन सकेन भन्नेमात्र आइरह्यो ।

भैगो मम्मी ऐले छोडिदिनोस् पछि लाग्ला नि फोन पहिले मेरो कुरा सुन्नुस् । आश्माले कहानी शुरु गरिन्– 'त्यस दिन म म्याथको क्लासमा थिएँ । अचानक सानीमा साह्रै हुनुहुन्छ तुरुन्त आश्मालाई लिएर आउनु भनेर विकासलाई पठाएकोरहेछ । मेरा टिचरहरूले मलाई झट्टै विकाससँग पठाइदिए । हाफ बिदा लिएर म आत्तिदै विकासको पछि लागेँ । विकासले बाटोमा भनेको थियो, सबै जना आइसके, तिमीमात्र बाँकी सानोबुबाले तिमीलाई पनि लिएर आउनु छिटो भन्नुभयो, अनि म आको । तिमी पुगुन्जेल केही भैसक्ने हो कि छिटो हिँड भन्दै पर अडिएको पर्दावाल गाडीभित्र मलाई छिरायो । म गाडीभित्र पसेँ । गाडीभित्र एउटा दाह्रीवाल मान्छे थियो । उसलाई देखेर एकछिन म तर्सिएँ । उसले भन्यो– नडराऊ म तिम्रो सानीमा कहाँबाट आएको हुँ । त्यसपछि म चुप लागेर बसेँ । विकास गाडीमा चढेन । मैँले भने– 'विकास आउँदै छ उसलाई पनि आउन दिनोस् न त्यतिकैमा उसले के

सुघाँइदियो र गाडी घुइँक्यायो । म बेहोस भएँ । ब्युँझिदा कुनै एउटा अग्लो अपार्टमेन्टको पन्ध्रौं तलामा रहेँछु । मेरा हात र खुट्टाहरू सिक्रीमा बाँधिएका थिए । मेरा अगाडि एउटा टेबल थियो जहाँ चाउचाउ, फलफूल, मिठाइका डब्बा जुस, पानी थुप्रै खानेकुराहरू राखिएका थिए । त्यही दाह्रीवाल अलि पर उभिएर मुसुमुसु हाँसिरहेको थियो । म आत्तिएँ डर त्रासले मेरो शरीर काँप्न थाल्यो । मेरो बोली दब्दै गयो ओठ तालु सबै सुके । त्यो दाह्रीवालले नम्र भएर भन्यो– 'नडराऊ म तिमीलाई केही गर्दिनँ, चुपचाप लागेर यहाँ भएका खानेकुराहरू खाऊ म केही दिनपछि आउँछु । तर चिच्याउने कराउने र भाग्ने कोशिस गऱ्यौ भने तिम्रा बाबाआमालाई मारिदिन्छु ।' त्यसपछि ऊ कोठाबाट बाहिर गयो ।

म चिच्याएँ कराएँ तर मेरो आवाज भित्ताहरूमा ठक्कर खाइ फर्किए । मेरो चीत्कार कसैले सुनेन । रुँदा रुँदा थाकेँ निदाएँ फेरि उठेँ । एक दुई दिन त केही खाइनँ तर भोकले अति सताउन थाल्यो, नखाई सुखै पाइनँ । आठ दिनपछि फेरि त्यो दाह्रीवाल आयो अनि लगातार मलाई बलात्कार गर्दै गयो । कहिले दुई तीन दिन त्यहीँ बस्थ्यो । कहिले एक दुई दिन बिराएर आउँथ्यो । कहिले दिनदिनै आउँथ्यो । म विवश उसको शिकार बन्दै गएँ । आउँदा सधैँ थरिथरीका खानेकुराहरू लिएर आउँथ्यो । मेरो हृदयमा प्रतिशोधको ज्वाला दन्किरहेको थियो । कसरी त्यहाँबाट उम्किऊँ र त्यसलाई दण्ड दिऊँ ? तर म सारै असमर्थ थिएँ । मेरा हातहरू र खुट्टाहरू फलामे सिक्रीमा बेरिएका थिए । केवल बाथरुमसम्म जान मिल्थ्यो ओछ्यान त्यही भैमा थियो । कहिलेकाहीँ म पागल सरी सिक्री चुडाल्ने कोशिस गर्थें । त्यस्तो बेला उसले मलाई खोई के ट्याबलेट मुखमा हालिदिन्थ्यो म फेरि बेहोश हुन्थेँ । एक दिन अचानक मेरो कोठाको ढोका खोली यी दिदी र दाइ आइपुग्नुभयो ।' आश्मा बोल्न नसकी फेरि डाँको छोडेर रुन थाली ।'

इन्स्पेक्टर र रविनाले भनिन् - 'अब बाँकी कथा यिनीबाट सुन्नुस् । उनले पन्ध्रौं तले अपार्टमेन्टका सुरक्षा गार्डलाई औल्याइन् । गार्डले भन्न शुरु गऱ्यो– 'झन्डै वर्ष दिन अघिदेखि पन्ध्रौं तलाको फ्ल्याट किन्ने मान्छे लगातार आउन थालेको थियो । उसले आफै त्यहाँ बस्न थालेको रहेछ क्यार ! त्यसैले केही वास्तै भएन । सधैँ आउने मान्छे भनेर केही याद गरिएन । त्यो मान्छे आउनासाथ सधैँ गार्डको बाथरुमभित्र छिर्थ्यो अनि बाहिर निस्केको थाहा नै हुँदैनथ्यो । बाथरुमबाट दाह्रीवाल मान्छे निस्केर अपार्टमेन्टतर्फ जान्थ्यो । त्यति ठूलो अपार्टमेन्टमा कुन कोठामा कुन मान्छेको दाह्री छ हेरेर के साध्य । अपार्टमेन्टको मेनगेटबाट निस्केको पसेको देखिएको थिएन । नत्र अपरिचित मान्छेलाई सोधपुछ नगरी भित्र पठाइन्नथ्यो । दाह्री नभएको मान्छे, बाथरुम भित्र पस्ने । निस्कदा अर्कै अनुहारको दाह्रीवाल हुने, सधैँ देख्दा त कता कता शङ्का उठ्न थाल्यो । एक दिन त लिफ्ट सफा गर्ने हाम्रो अपार्टमेन्टकै सान्नानी भन्ने स्टाफले त्यो दाह्रीवाललाई पन्ध्रौ तलामा लिफ्टबाट ओर्लिएको देखिछन् । सधैँ देखेको मान्छे भनेर पहिले त वास्ता गरिनन् तर जब उसले यता उता हेरेर त्यो दाह्री भएको आफ्नो मुखको मास्क झिकेर चिलाएछ र फेरि त्यो मास्क लगाएर पन्ध्रौ तले फ्ल्याटभित्र छिरेछ । साननानी अचम्म मान्दै आत्तिएर मलाई त्यो कुरा सुनाई । मलाई पनि अलिअलि पहिले नै शङ्का लागिसकेको थियो । म पनि छक्क परेँ अनि म र सान्नानी त्यो दाह्रीवाल तल ओर्लने प्रतीक्षा गरिरह्यौँ । तर त्यो ओर्लेन । त्यसपछि मैले पुलिसलाई खबर गरिदिएँ । साधा पोसाकमा प्रहरी जवानहरू अपार्टमेन्टमा छिरे कोही सर्भोलेन्स क्यामराबाट भित्र आउने र जानेको गतिविधि हेर्दै उत्सुक भएर एकटकले दाह्रीवालको आगमनको प्रतीक्षा गरिरहे । कोही पन्ध्रौं तलामा पुगेर लुकिरहे । धेरै बेरपछि पन्ध्रौं तलाको ढोका खुल्यो । दाह्रीवाल बाहिर निस्कियो र लिफ्टबाट तल ग्राउन्डफ्लोरमा पुग्ने बटन थिच्यो । त्यति नै

बेला प्रहरीहरूले उसलाई समाते । एउटाले उसको खल्तीबाट साँचो झिक्यो, अनि त्यो फ्ल्याटको ढोका खोल्यो । फ्ल्याटभित्र यी नानी सिक्रीमा बाँधिएकी रहिछन् । यिनको सिक्री फुकालिदियौं । अनि यिनकै अगाडि त्यो दाह्रीवालको मास्क बल्ल बल्ल झिक्यौं किनकि उसले त्यो मास्क झिक्न नदिन धेरै सङ्घर्ष गरिरहेको थियो । दाह्रीवालको वास्तविक रूप देखेर हामी सबै छक्क पर्‍यौं । यी नानीको त होसै उड्यो ।

'को त्यै विकास रहेछ, होइन ? मलाई त शङ्का लागेको थियो, त्यस दिनदेखि त्यो पनि बेपत्ता छ ।' आरतीले बीचैमा बोलिन् । 'होइन आरती दिदी । तिनी तपाईंकै पति अनिल, आश्माको बाबु रहेछन् ।'– रवीनाले रहस्य खोलिन् ।

कसरी आफ्नै छोरीलाई अपहरण गरेर त्यसरी वासनाको शिकार बनाउन सकेका ! कल्पना गर्दा पनि पाप लाग्ने । जेल चलान गरिसकेका छौं तिनलाई के तपाईं त्यस्ताको मुख हेर्न सक्नुहुन्छ र ? फूलजस्ती यस्ती छोरीलाई त्यस्तो गर्न सक्ने पापी । अकल्पनीय यस घटनाका कुरा सुनेर आरतीलाई मानौं उनको छातीमा कसैले बज्रप्रहार गरे झैं लाग्यो । उनी बेहोश भइन् । मम्मी भन्दै आश्मा उनको छातीमा टासिदै भक्कानिएर रुन थाली ।

त्यहाँ भएका सबैले आफ्ना आफ्ना आँखा पुछ्दै आश्मा र आरतीलाई सम्हाल्न थाले ।

indupant1958@gmail.com

गीत

■ **जनार्दन अधिकारी 'धड्कन'**

बत्तीको उज्यालो भन्दा पारौं मन उज्यालो,
देशको निर्माण गर्ने अब हो हाम्रै पालो ।

दुःखमा धैर्य गरी गराऊ मन स्थिर,
सगरमाथा जस्तै अटल राखौं यो शिर,
एकताले फाल्दै जाऊ, विभेदको जालो,
यो देशको निर्माण गर्ने, अब हो हाम्रै पालो ।

परायाको धाक धम्की, सीमानामा छ आँखा,
एकताको हाम्रो बलले लगाउनुपर्छ पाखा,
छातीभरी देश फुलाउँ फालौं मनको कालो,
यो देशको निर्माण गर्ने अब हो हाम्रै पालो ।

बत्तीको उज्यालो भन्दा पारौं मन उज्यालो ।
देशको निर्माण गर्ने अब हो हाम्रै पालो ।

नैकाप काठमाडौं

चौथो अङ्ग

■ **विश्व सिग्देल**

पश्चिम
एउटा हातमा अध्यात्म
बोकी अर्कोमा पोर्नोग्राफी
बल्छी थापेर बजार

भेडाबाखा, धपाइरहन्छ हामी
हाम्रो भोको सपनाको चिहान
चौथो अङ्गको निबमुनि
काला अक्षरहरूले पुरिएको

ती अक्षरहरू
जो गाइरहन्छन्,
उसकै गीता !

❖❖❖

सुन्दर शान्त विशाल, मेरो देश नेपाल

■ केशवराज पन्त

सदियौँदेखि हाम्रा पुर्खाले पराधीन हुनबाट जोगाएको
बुद्ध, जनक, सीता, भृकुटी र अर्नानको जन्माएको
लुम्बिनी, जनकपुर र सगरमाथाले विश्व चिनाएको
कोशी, गण्डकी, कर्णालीजस्तै सयौँ खोला बगाएको
छ कति सुन्दर शान्त विशाल, मेरो देश नेपाल ।

उत्तर हिमालय शृङ्खला त दक्षिण अन्नभण्डार
पहाड, चुरे, महाभारतका हरियाली ती वन हजार
उकाली, ओराली, देउराली, भञ्ज्याङ अनि चौतारी
पसिना पुछ्दै घाँसका भारी अनि डोको बिसाएको
कति छ सुन्दर शान्त विशाल, मेरो देश नेपाल ।

मेचीदेखि महाकाली, हिमालदेखि तराई सीमासम्म
एक सय पच्चीस जात र एक सय तेइस भाषाभाषी
धागोमा उनिएका रङ्गिचङ्गी फूलका माला हामी नेपाली
पुस्तौँदेखि आत्मीय सद्भाव र मेलमिलापमा मुस्काएका
दुःखसुख आपसमा साटासाट गर्ने जनताको देश नेपाल ।

ऐतिहासिक, सांस्कृतिक धरोहरको रुपमा चिनिएको
विश्व सम्पदाका पशुपतिनाथ, स्वयम्भू, चाँगुनारायण
अनि पुरातात्विक दरबारहरूले सुशोभित मेरो देश
प्राकृतिक साधन श्रोतले प्रचूर धनी र सम्पन्नशाली
विश्वकै पुरानो सनातन धर्म र संस्कृतिको देश नेपाल ।

जनाधिकारका लागि सात दशकभन्दा अघिदेखि
स्वतन्त्रता, मानवाधिकार, न्याय र समृद्धिका लागि
देशमा लोकतन्त्र र गणतन्त्र स्थापित गराउन
बलिदान दिएका स्वतन्त्रताका प्रतीक ती शहीद
बीर सपूत विभूतिहरूको स्वाभिमान मेरो देश नेपाल ।

❖❖❖

लघुकथा

आफ्नै लास जलेको हेर्दा

■ विजयध्वज थापा

मेरो शरीर चितामा सजाइएको थियो । धेरै धेरै आफन्तहरू, परिवार, अरू सधैँ ईर्ष्या र डाहा गर्नेहरू पनि आज त वरिपरि झुम्मिएका थिए । कोही अँधेरो मुख लाएर निहुरिरहेका, कोही हात बाँधेर उभिएका, कोही यताउता गर्दै त कोही सुँक्क सुँक्क गर्दै रोइरहेका ।

एकै छिनमा आगोको लप्काले शरीर ढाक्न थाल्यो । हेर्दाहेर्दै कुरूप भयो । धुवाँले कुहिरिमण्डल भइरहेको थियो । मासुका डल्लाडल्ला छाला सबै आगोको ज्वालाले निलिसकेको थियो । नसाहरू डल्लो परेर सम्पूर्ण शरीर कक्र्याकक्रुक भए छ । ढालजस्तो छाती मैन झैँ परिलएको थियो । खम्बाजस्ता तिघ्रा डढेर सिन्का भैसकेका थिए । फलामजस्ता हातपाखुरा कपासको धागो झैँ छिनेका थिए । बज्रजस्तो टाउको सिसाजस्तै पड्किएको थियो । सिंह झैँ गर्जने आवाज खै कता हराएका थिए । अलिअलि गर्दै आगो झन्झन् दन्कन थाल्यो तर मलाई अलिकति पनि दुखेको थिएन । दन्दन आगो बलिरहे पनि पोलेको दुखाइ महसुस भएन । आगो अझ दन्कँदै गयो । फोक्सो, मुटु, कलेजो रातो रातो देखिँदै तप्पतप्प पानी रसाएजस्तो हुँदै अनि कालो भएर डढेर पटटट पटटट पड्कँदै डढ्न थाल्यो । बोसो परलेर बगिरहेको थियो । जति परलन्छ, उति आगो दनदनाई बल्थ्यो । सबै हाडहरू पनि बल्दै गए । बेलाबेलामा सुकेको बाँस पड्केजस्तो पडकन्थे । हात खुट्टा, ढाड, टाउको, केही रहेन । करोडौँ करोड बैंकमा त्यसै थन्केको थियो । सुन चाँदीका डल्लाडल्ला ढुकुटीमा असरल्ल थिए । तर पराल र काठले मात्र सल्किरहेको थियो । बेलाबेलामा खटाई खटाई अलिअलि घ्यु हालिटोपल्थे– आगो निभ्न खोजेमा ती महाब्राह्मणहरूले । कसको विवेकले हो ठूलो अनुग्रह गरेर अलिकता श्रीखण्ड जुटाइदिएछन्, त्यो पनि सक्कली नक्कली खै के थियो ! जे होस् आगो सल्कन मद्दत पुगेकै थियो । आगो लपलपाउँदै दन्किरहेको थियो ।

एकछिनमा आगो मधुरो हुँदै गयो । भुङ्ग्रो बन्दै खरानीमा परिणत भयो । महाब्राह्मणले कत्ति माया नगरेर बाँसले ठोक्दैठोक्दै भष्म बनाए । खरानी केही हावामा उड्यो, केही बालुवामा मिल्यो, केही खोलामा बग्यो । रुन्चेहरूको आँसु थामियो । सबै मलामीहरू यताउता बाँडिए । कोही कोही धेरै भोकाएकाहरू रेष्टुराँतर्फ लागे । सधैँ झैँ महफिल सुरु गरे । कोही घरतर्फ लागे । कोही कता कोही कता सबै छिन्न भिन्न भए । एकैछिनमा सन्नाटा छायो । म झल्याँस्स भएँ । आफूले आफैलाई चिमोटेँ, यतिखेर मलाई दुख्यो, म झसङ्ग भएँ । त्यहाँ कोही थिएनन्, बैंक व्यालेन्स पनि थिएन । अघिको सुन चाँदी केही थिएन, केवल म थिएँ । त्यो मेरो सपना थियो ।

❖❖❖

प्रत्येक शब्द, विचार र कर्मले तिम्रो भाग्यको निर्माण गर्दछ– **विवेकानन्द ।**

भरिएको मेघ चुपचाप बर्सन्छ, खाली मेघ गर्जन्छ – **आचार्य भर्तृहरि ।**

कथा

दुर्भाग्य रहेछ !

■ लक्ष्मी पौडेल

दुर्भाग्य आमा मर्नुभयो रे ! म दुई महिनाकी हुँदा मलाई केही थाहा छैन उतिबेलाको । आमालाई टाइफइड भएको थियो रे ! म सम्झिन्छु, अली ठूली भएदेखि सौतिनी आमाको अत्याचार । म व्यक्त गर्न सक्दिनँ, मैले के केमात्र सहेँ भन्ने कुरा । म रुन्थेँ रात दिन, हे भगवान् ! मलाई यो बाघको मुखबाट लैजाऊ भनेर ।

मेरा जीउभरी सौतिनी आमाले कुटेका नीला डामाहरू हुन्थे । नाडीभरी अगुल्टाले हानेर पोलेका घाउहरू हुन्थे । जे पायो त्यसैले जहाँ पायो, उहीँ हान्थिन् तिनले । म जति बेला'नि तर्सिरहन्थेँ । सौतिनी आमाले कराइरहेको गाली गरिरहेको जगल्ट्याइरहेको गाला च्यातिरहेका दृश्यहरू मात्र मेरा वरिपरि घुमिरहेन्थे । अगुल्टाले हान्दा पोलेका घाउका टाटाहरू अझै पनि मेरा नाडीहरूमा छन् ।

मेरा साथीहरू साह्रै खुसी भएर हिँड्थे । म सधैँ रोइरहेकी तर्सिरहेकी पीर मानिरहेकी हुन्थेँ । यो संसारमा मेरो भन्ने माया गर्ने कोही थिएन । बा-आमाको पक्ष लिनुहुन्थ्यो र मलाई नै गाली गर्नुहुन्थ्यो । भएभरका सबैका फोहोर लुगाहरू धुने, जुठा भाँडाहरू माझ्ने, छतदेखि आगनसम्म दिनदिनै बढार्ने, घाँस काट्ने, गोबर फाल्ने, मेरा दैनिकी हुन्थे । अर्काकामा पर्म लाउन पनि जानुपर्थ्यो र साँझ फर्कंदा घाँस दाउराको भारी लिएर रुज्दै आउनुपर्थ्यो ।

म घरभित्र पस्न पाएकी हुन्नथेँ, सौतिनी आमा गाली गर्न थालिहाल्थिन् । वर्ष दिनको तीजको दरखाने दिन पनि मलाई गाली नगरी खान दिन्नथिन् । दिनदिनै जे पायो उसैले, जहाँ पायो उहीँ हान्थिन् । जेजे मुखमा आयो, त्यही भनेर गाली गर्थिन् । म खाना खान जाँदा निस्तो ढिँडो सेलाइरहेको हुन्थ्यो । कहिले काहीँ त्यही पनि हुन्थेन । भोकै बस्नुपर्थ्यो । म खाँदै हुन्थेँ, सौतिनी आमा मलाई माथिबाट जगल्टयाँउदै गाली गर्दै हुन्थिन् । कचौरा थालभरी आँसुका धारा बस्थे । बलिन्द्र धारा आँसु खस्थे । छिमेकीले सुन्लान् भनेर म आवाज निकालेर रुन पनि सक्दिनथेँ । जे गरे पनि जति कुटे पनि जे भने पनि सहिरहन्थेँ ।

म मर्न सकिनँ, मलाई आत्महत्या गर्नुहुँदैन पाप लाग्छ भन्ने थाहा थियो । मैले पुराणहरूमा सुनेकी थिएँ । म त्यसो गर्न पनि सक्दिनथेँ । दिनदिनै जति पनि धेरै अत्याचार सहने बाहेक मेरो अर्को विकल्प थिएन । गाउँका साथीहरू स्कुल गएको देखेर रहरले उनीहरूसँग म पनि भागेर स्कुल जान्थेँ । म स्कुल गएकोमा बाबा आमा झन् रिसाउनुहुन्थ्यो । भाइबहिनी हेर्ने जङ्गलबाट दाउरा ल्याउने बिहान बेलुका घरधन्दा गर्नेमा नै सीमित राख्न खोज्नुहुन्थ्यो । उहाँहरू मैले भागेरै चार कक्षा पास गरेँ । त्यसपछि मलाई पढ्न दिएनन् । घरमा म पढ्न जान्छु भन्ने निहुँमा रात दिन रडाको मच्चिन्थ्यो ।

मलाई जीवनभरी कति धेरै दुःख सहन लेखेको रहेछ र म सौतिनी आमाको कुटाइ चुटाइ खाँदा पनि पुक्लुक्क मरिनँ । बिहानै उठ्नु कसेर लाउनु भकारा फाल्नु घाँस दाउरा गर्नु साना भाइबहिनीलाई हेर्नु र सौतिनी आमाको सहनै नसकिने कुटाइ चुटाइ अनि अत्याचार सहनु मेरो दैनिकी थियो । मेरो जाने ठाउँ पनि कहीँ थिएन । वल्लोपल्लो घर नाता नपर्नेका थिए । उनीहरूका घरमा जाने कुरा हुँदैनथ्यो । आफ्ना दाजुभाइहरूका घरहरू टाढा गाउँमा थिए । मलाई त्यहाँसम्म जाने फुर्सदै हुँदैनथ्यो । लाग्थ्यो गाडीमा दुई घण्टाजति त्यहाँसम्म जानलाई ।

म पन्ध्र वर्षमा चल्दै थिएँ । मेरो विवाह दोस्रो विवाहित सौता भएको मान्छेसँग गरिदिने कुरा भयो । यसो गर्दा दाइजो पनि दिन पर्दैनथ्यो । यसैलाई दिने भनेर सौतिनी आमाले पण्डित बोलाइन् । म भने यही कुटाइ चुटाइ हेपाइ जे पनि सहेर आत्तिरहेकी थिएँ । अब अर्काको घरमा पनि सौतिनी सासु सौता भएको ठाउँमा गएर कसरी सहने भनेर मलाई पीर परिरहेको थियो । मेरो कुरा सुनिदिने कोही भएन । म सौतामाथि विवाह गर्दिनँ भन्दा सौतिनी आमाले जुत्तैजुत्ताले हानेको सम्झन्छु ।

बिहा गरेर घर गएपछि सौता थिइन् बाघजस्ती । उनका दुईवटा छोरीहरू थिए । छोरा चाहिएर मलाई बिहा गरेको भन्ने सुन्थेँ । लोग्ने थिए टन्न जाँडरक्सी खाने, तास खेल्ने, गाउँमा रोदी गाउन हिँड्ने । वेश्यावृत्ति गर्ने र घरमा आएर झगडा गर्ने । स्वास्नी छोरीहरूलाई कुट्ने ।

दुई वर्षपछि सुत्केरी बेथा सहन नसकेर सौता पनि मरी । अब मलाई सौताका छोरीहरू हेर्ने जिम्मा पनि बढ्यो । सौतिनी सासुको हर्कत सहेर रात दिन बस्नुपर्थ्यो । लोग्ने आफ्ना थिएनन् । माइतमा सौतिनी आमा जानै पर्दैनथ्यो ।

मैले पनि दुई पटकसम्म छोरी नै पाएँ । अनि त लोग्ने झन् रक्सी बढी खाने जुवा तास खेल्ने रोदी जाने क्रम झन् बढ्न लाग्यो । कहिले घर आउने कहिले नआउने गर्न थाले । रोदी जाँदा जाँदा एउटी गुरुङसेनीसित हिमचिम बढेछ । गुरुङसेनीको लोग्ने पल्टनको लाहुरे रहेछ । लोग्ने विदेशमा बस्ने स्वास्नी घरमा एक्लै बस्ने । रात दिन रोदी गएको फल त्यही मिल्यो मेरो लोग्नेलाई । गुरुङसेनीको लोग्ने दुई तीन वर्षमा एकचोटी आउथ्यो । अरुबेला एक्लै हुन्थी । मेरो लोग्नेको बास जति बेला'नि त्यहीँ हुन थाल्यो ।

अनि त लोग्नेले मलाई खपिसक्नु गरेनन् । रक्सी खाएर दिनदिनै कुट्ने चुट्ने गर्न थाले । तैँले छोरीमात्रै पाउन जानेकिछस् भन्दै पेटी पेटीले हानेको सम्झन्छु । अनि त घर आउन पनि छोडे । सौतिनी सासु यो देखेर झन् अत्याचार गर्थिन् । उनका छोराछोरीहरू असल राम्रा पढेका चरित्रवान् थिए । उनी मेरो लोग्नेको दोष पनि मलाई नै थोपर्थिन् र जति बेला'नि घोचपेच गरिरहन्थिन् । माइतमा सौतिनी आमाको अत्याचारले घरघरी रुँदै हिँडेकी मलाई बिहे गरेपछि पनि लोग्नेले घरघरी रुवाएर रुदै हिँड्नुपरेको छ । म भन्थेँ– "जाँडरक्सी खान छोडिदेऊ बेश्याकहाँ जान छोडिद्यौ" तर उनी छोरी छोरी पाइस् भन्ने निहुँमा रात दिन झगडा गर्ने कुट्ने चुट्ने गर्थे ।

म भन्थेँ, अर्काकी एक्ली स्वास्नी भएको घरमा रात दिन नजाऊ । म तिमीलाई धेरै माया गर्छु भनेर रुन्थेँ । उनी मलाई लात्तैलात्ताले जहाँ पायो त्यहीँ हान्थे र फेरि वेश्याकहाँ गइहाल्थे । म सहन नसकेर 'मेरी आमा ! मेरो त यो संसारमा हजुरबाहेक कोही पनि रहेन छ भनेर म दुई महिनाकी हुँदा बितेकी आमालाई सम्झदै रोइरहन्थेँ ।

दिन बित्न कति बेर, मेरो बिहा गरेको पनि पच्चीस वर्ष भएछ । फेरि म रुँदै हिँड्ने गरैको पनि त्यति नै वर्ष भएछ । कहिलेसम्म रुन पर्ने हो । लोग्नेभन्दा मै पहिला मर्न पाम् । भगवान्सँग मेरो यही प्रार्थना छ । अब भए पनि मलाई कसैले दुःख नदिई मैले पनि कसैलाई दुख नदिई हात गोडा चल्दै भगवान्को भक्ति गरेर मर्न पाम् । छोरीहरूको पनि मलाई ठूलो पीर छ । सौताका छोरीहरूको पनि मेरै जिम्मा छ । लोग्नेको बानी राम्रो छैन । आफूलाई सौतिनी आमा र लोग्ने जति पनि धेरै अत्याचार अन्याय गरेको सहेकी हुनाले कसैलाई नराम्रो गर्न पनि सक्दिनँ ।

अहिले म सोच्छु, चारवटै छोरीहरूको राम्रो देखेर मर्न पाए हुन्थ्यो । यिनीहरूले मलाई शान्ति दिऊन् सन्तोष दिऊन् । मलाई यिनीहरूको केही चाहिएन, यिनीहरूको राम्रो सुखी होस् । संसारको जुनसुकै ठाउँमा भए पनि यिनीहरूले धेरै सुखी हुन पाऊन् । मैलेजस्तो अन्याय अत्याचार यिनीहरूले खान नपरोस् । धेरै असल धेरै ट्यालेन्ट विद्वान्, धेरै बुद्धिमान् धेरै परोपकारी चरित्रवान् धनधान्यशाली भाग्यशाली निरोगी दीर्घायु भएका धेरै माया गर्ने श्रीमान्हरू पाऊन् । मेरो प्रार्थना भगवान्ले सुनिदिऊन् ।

❖❖❖

नाटक

देशको दशौं

■ विमल खनाल

दृश्य एक

(बाहिरबाट रमाइलो सङ्गीत बजिरहेको छ । एक हूल बच्चाहरू खुट्टामा बेलुन बाँधेर एकले अर्कोको बेलुन फुटाउने खेल खेलिरहेका छन् । फरक फरक पहिरहनमा सजिएका केटाकेटीहरूको यो खेल एकदमै सुन्दर देखिन्छ । एक छिनपछि विद्यालयको घण्टी लामो समयसम्म बज्छ । सबै केटाकेटीहरू जो जहाँ छन्, त्यहीँ स्थिर हुन्छन् । मञ्चमा एक जना मानिसको प्रवेश हुन्छ । उसको पहिरन, सबै फरक किसिमको छ । ऊ मञ्चको बीचमा आउँछ, सीधा उभिन्छ, अनि जोडले सिठी फुक्छ । स्थिर भएका सबै बच्चाहरू आ-आफ्नो लाइनमा उभिन्छन् ।)

शिक्षक: *(बिग्रिएको लाइनतिर हेर्दै)* ल ल के गरेको तिमीले ? लाइनमा पनि यसरी बस्छन् त ?

संयम : सर मलाई त्यसरी बस्न त आउँदैन ।

शिक्षक : तिमीलाई कसरी बस्न आउँछ त ?

संयम : *(आफ्नो कपाल चिलाउँदै)* खै कसरी कसरी ?

शिक्षक : ल भन कसलाई आउँछ, लाइनमा कसरी बस्ने ?

अवानी : सर मलाई आउँछ । यी यसरी *(भुइँमा पलेटी मारेर बस्छिन् । सबै जना हाँसेपछि उनलाई असहज महसुस हुन्छ । शिक्षक त्यहीँ पुग्छन्)*

शिक्षक : *(सम्झाउँदै)* किन सबै जना हाँसेको ? यसरी हाँस्दा साथीलाई हेपेको जस्तो हुँदैन ? आफूलाई थाहा भएको कुरा साथीलाई सिकाउनु पो पर्छ । हामीले आफ्ना साथीहरूलाई माया र आदर गर्नुपर्छ । *(विद्यार्थीतिर फर्किएर)* यसरी हैन कक्षामा बस्दा सधैं यसरी बस्ने गर्नुपर्छ ।

अवानी : टाउको हल्लाउँदै । हुन्छ सर ।

शिक्षक : ल हेर त सबै जना साथीहरू यसरी मिलेर बस्दा कति सुन्दर देखिने रहेछ । ल आज हामी कक्षामा हाम्रो देश नेपालको बारेमा पढ्ने हुन्छ ? तर त्योभन्दा पहिला सबै जनाले हिजो भनेजस्तै आ आफ्नो संस्कृति झल्कने विषयमा जसलाई जे आउँछ देखाउने ।

सबै विद्यार्थीहरू : हुन्छ, सर । *(सङ्गीत सुरु हुन्छ, आ आफ्नो पहिरनमा सजिएका बच्चाहरूले पालैपालो आ-आफ्नो संस्कृति देखाउँछन्, शिक्षक एक ठाउँमा उभिएर आनन्द मानिरहेका छन् ।)*

पहिलो एक जोडी विद्यार्थी अगाडि जान्छन् र भन्छन् : टाँसिदेले ! हामी बुद्धिष्ट । यो बुद्धिष्टले लगाउने पहिरन हो । हामी बुद्ध धर्म मान्छौं तर हामी नेपाली हौं । बुद्ध नेपालमा जन्मेका हुन् ।

दोस्रो जोडी विद्यार्थी अगाडि जान्छन् र भन्छन् : सलाम वालिकुम ! हामी मुस्लिम । यो हाम्रो मुस्लिम

पहिरन हो । हामी मुस्लिम धर्म मान्छौँ तर हामी नेपाली हौँ ।

तेस्रो जोडी विद्यार्थी अगाडि जान्छन् र भन्छन् : हाइ ! हामी क्रिश्चियन । यो हाम्रो क्रिश्चियन पहिरन हो । हामी क्रिश्चियन धर्म मान्छौँ तर हामी नेपाली हौँ ।

चौथो जोडी विद्यार्थी अगाडि जान्छन् र भन्छन् : नमस्कार ! हामी हिन्दु । *(जनै र धोती देखाउँदै)* यो हाम्रो हिन्दु पहिरन हो । हामी हिन्दू धर्म मान्छौँ तर हामी नेपाली हौँ ।

(यसरी सबै विद्यार्थीले देखाखाइसकेपछि एकदमै प्रसन्न मुद्रामा शिक्षक अगाडि आउँछन् र सबैलाई एउटै लाइनमा राखेर भन्छन्)

शिक्षक : आहा कस्तो राम्रो । *(एकछिन सोचेर)* म एकदमै खुसी भएँ । अब यसो गर यस वर्षको दशैँ पनि नजिकै आइसकयो । अब सबै जना मिलेर दशैँको बारेमा एउटा राम्रो नाटक तयार पार्ने हुन्छ ?

सबै विद्यार्थीहरू : हुन्छ, सर ।

दृश्य दुई

(विद्यार्थी नाटक तयार पार्दै)

(मञ्चमा राजनीतिको प्रवेश हुन्छ । 'रा' एकातिरबाट उडेर आउँछ । 'ज' अर्कोतिरबाट 'नी' अर्कोतिरबाट र 'ति' अर्कोतिरबाट आउँछ । त्यहाँ राजनीति बन्दछ । एक जना नेता मञ्चमा प्रवेश गर्छ । हेर्दा पनि अचम्म लाग्ने पहिरन र ठाँटबाँठका साथ आएको उसले जनतालाई विभिन्न आश्वासन बाँड्न थाल्छ ।)

नेता : आदरणीय साथीहरू ! म तपाईंलाई ऊ दिन्छु । ऊ पाएपछि तपाईंहरूको जीवनमा ऊ हुन्छ । हामीले तपाईंहरूलाई ऊ दिनको लागि थोरै ऊ गरेका छैनौँ । हाम्रो सारा जीवन ऊ गर्न मै बित्यो र बल्ल आज देशले ऊ पायो । अब यसको सुरक्षा गर्नको लागि आउनुहोस् तपाईं हामी एक भएर अगाडि बढौँ ।

(बिस्तारै मानिसहरू त्यहाँ आउँछन्, केही भट्दैनन् निरास भएर फर्किन्छन् । नेता अर्को ठाउँमा गएर उभिन्छ फेरि भाषण तर फरक तरिकाले दिन्छ । फेरि केही मानिसहरू आउँछन् निरास भएर फर्कन्छन् । अर्को ठाउँमा गएर फेरि चिच्याई चिच्याई भाषण दिन थाल्छ । फेरि केही मानिस आउँछन् निरास भएर फर्किन्छन् । त्यसपछि ऊ कुदेर पहिलेकै ठाउँमा जान्छ र भन्छ ।)

नेता : मैले तपाईंलाई दिन खोजेको मुख्य कुरो ऊ यो हो । यो तपाईंहरूको लागि हो । सबैले एक पटक राम्ररी पढ्नुहोस् र आफ्नो अमूल्य सुझाव दिनुहोस् । *(एक-एकवटा पाना बाँड्छ ।)*

(सबैले लिन्छन्, पढ्छन् । अनि बिस्तारै त्यहाँ जातजाति, सीमाङ्कन, राजधानी, धर्मजस्ता विषयमा झगडा सुरु हुन्छ । मानिसहरू धेरै रिसाएपछि त्यही रिसको झोँकमा नेता भएको ठाउँमा जान्छन् । उसको जिउको लुगा एक एक गर्दै तान्छन्, र खुसी हुदै आफ्नो आफ्नो घर लाग्छन् । नेता नाङ्गै हुन्छ । दुई जना केटी आउँछन् । उनीहरूलाई देखेर नेता लजाउँछ ।)

नेता : धत् ! यस्तो काम पनि कोही गर्छ । मलाई त नाङ्गै पो गराए ।

नैरिती र हाङ्छुमा : राजनीति त ठूलो कुरा हो नि, यसमा हामीले दुःख नगरौँ भनेको होइन । तिमी त हो नि ! खुचिङ्ग ! अब जे गर्छौ गर । हामी लाग्यौँ ।

नेता : लौ अब के गर्ने । अब घर यत्तिकै जानु ? घरमा त मार्छे । *(ऊ बाहिर जान्छ)*

दृश्य तीन

(मानिसहरूमा निराशा छाउँछ । उनीहरू थकित हुन्छन् । मञ्चमा एक जना मानिस चिच्याउँदै प्रवेश गर्छन् ।)

आकिफा : साथीहरू हो ! मेरो दिमागमा नाटकको लागि एउटा विषय फुऱ्यो । त्यही विषयमा गरौँ, रमाइलो हुन्छ ।

इशानी : *(दौड्दै आएर)* ए हो ! कुन विषयमा गर्ने भन न भन ।

मारूफ : कुन विषयमा मलाई पनि भन न भन ।

आकिफा : कति हतार भ'को तिमीलाई ? भनिहाल्छु नि साथीहरूलाई आउन देऊ न ।

भायलेट : (क्याटवाक गर्दै आउँछिन्) चाहिँ यो नाटकको हिरोइन हो है, मैले त भन्दिएको छु ।

इशानी : तँलाई हिरोइन बन्नुपर्ने । कथासथा केही छैन अहिलेसम्म । हिरोइन ?

मारूफ : कथा त यसलाई फुऱ्यो रे नि त पखन एकछिन । ए भन न भन कुन विषय फुऱ्यो ?

सायन : धर्मको विषयमा गरौँ न ।

इशानी र मारूफ : धर्म ! के हो नि यो फेरि ? कसरी गर्ने यो विषयमा ? हामीलाई त केही पनि थाहा छैन ।

आकिफा : अहिले देशमा भएजस्तो के । एक जना धर्मसापेक्ष भन्दै आइरहेको हुन्छ । अर्को फेरि निरपेक्ष भन्दै आउँछ । उनीहरूको बीचमा विवाद भइरहेको हुन्छ । उताबाट हिन्दूराष्ट्र हिन्दूराष्ट्र भन्दै अर्को आउँछ । उनीहरूको बीचमा ठूलो झगडा पर्छ ।

भायलेट : यो कथामा हिरोइन कहाँ छ त खोइ ? छ्या मलाई त मन परेन ।

इशानी : ओइ ! यो सापेक्ष, निरपेक्ष, हिन्दूराष्ट्र भनेको के हो ?

आकिफा : मलाई के थाहा ? मैले पनि टिभीमा त हेरेको त हो नि !

मारूफ : तँलाई फटाहा आफूलाई थाहा नभएको विषयमा यति धेरै समय बरबाद पारिस् है । थुक्क !

आकिफा: कि तराईमा मानिसहरू खुब मरिरहेकाछन् त्यसै विषयमा गरौँ न हुँदैन ?

मारूफ : भष्टाचारको विषयमा गरौँ न ।

हाङ्छुमा : महङ्गीको बारेमा गरौँ न ।

शरद : *(ठूलो स्वरमा चिच्याउँदै आउँछ)* साथी हो साथी हो फुऱ्यो फुऱ्यो फुऱ्यो ।

आकिफा : ओइ तलाई के फुऱ्यो ?

शरद : विषय फुऱ्यो । अब हामी नाटक भूकम्मको विषयका गरौँ । त्यो भयो भने राम्रो हुन्छ ।

मारूफ : विषय त ठीक हो त कसरी देखाउने त ?

शरद : म सिकाइहाल्छु नि *(ऊ सबै जनालाई लाइनमा राख्छ)* सबैले ध्यान दिएर सुन है ! अब म यहाँबाट भन्दै जान्छु, तिमीहरूले अभिनय गर्दै जानुपर्छ ?

सबै जना : हुन्छ ।

शरद : एकादेशमा एउटा देश थियो । त्यो देश एकदमै सुन्दर थियो । त्यहाँ सुन्दर हिमाल थिए । सबै मानिसहरू मिलेर बस्थे । एक दिन त्यहाँ ठूलो भूकम्प आयो । भूकम्पले गर्दा त्यहाँ धेरै क्षति भयो । धेरै मानिसहरू घरबार विहीन भए । पीडितलाई सहयोग गर्छौं भनेर कसैले चामलमा बाइवल पनि पठाए । कसैले कुहिएको चामल पनि दिए । कोही कोही

नेताहरू सहयोगमा आएका त्रिपालहरू पनि चोरेर लगे । तर सहयोगमा आउने सबै नराम्रा मात्र थिएनन् । धेरै राम्रा पनि थिए । उनीहरूले भत्किएका घरहरूमा खोजतलास गरे । धेरैको उद्घार पनि गरे । मरेका मानिसहरू, क्षतविक्षत भएका केटाकेटी, बूढाबूढी घरभित्र च्यापिएका । *(सबै रुन थाल्छन्)* आमा नि कस्तो डरलाग्दो दृश्य ! नाई यो विषयमा नाटक तयार पार्न सकिँदैनजस्तो भो म त हिडें । *(ऊ आँसु पुछ्दै बाहिर जान्छ । अरू सबै चिच्याएर रुन थाल्छन् ।)*

दृश्य चार

(मानिसहरू निरास छन् । ठूलो पीडामा छन् । रोइरहेका छन्, चिच्याएका छन् । पीडा सहिनसक्नुको छ । उनीहरूको चिच्याहट सुनेर पुनः शिक्षक आत्तिएर मञ्चमा आउँछ । सबै मानिसहरू रुँदै गरेको देखेर छक्क पर्छ बोल्न खोज्छ त्यहाँको हल्लाले उसको बोली केही सुनिँदैन । जति ऊ बोल्छ त्यति मानिसहरू कराएको स्वर बढ्दै जान्छ । त्यो क्रम एक छिनसम्म चल्छ जति गर्दा पनि केही नलागेपछि ऊ दौडेर मञ्चको अग्लो ठाउँमा जान्छ र जोडले सिटी फुक्छ । सबै एकै पटक चुप लाग्छन् । ऊ लामो श्वास लिन्छ, यताउति हेर्छ, पसिना पुच्छ । हातले इशारा गर्दै दुई पटक सिठी फुक्छ । सबै जना पहिलेजस्तै लाइनमा बस्छन् ।)

शिक्षक : मैले तिमीहरूलाई रुनु भनेको थिएँ कि दशैंको बारेमा नाटक तयार पार्नु भनेको थिएँ ?

(सबै जना चुप लाग्छन् । मञ्चमा पुनः शून्यता छाउँछ ।)

आकिफा: सर नाटक त तयार पार्नै सकिएन ।

शिक्षक : किन ? *(एकले अर्कोलाई आरोप लगाउँदै एकैपटक बोल्न थाल्छन् । ठूलो होहल्ला हुन्छ । शिक्षक पुनः सिठी फुक्छ । सबै सर्तक भएर चुपचाप उभिन्छन् ।)*

आकिफा: सर हामीले दशैंको नाटक भनेपछि धर्मबाट सुरु गर्न खोजेका थियौं । के भो के भो सबै रुन पो थालेछौं । तयार पार्नै सकेनौं ।

इशानी: दशै भनेपछि हामीले भूकम्पबाट सुरु गरेको सर झन्डै वरबाद भयो नि !

मारूफ: हामी त राहात उद्धार भन्दाभन्दै कहाँ पुगेछौं पुगेछौं ।

हाङ्छुमा: सर सविधानमै धर्मको विषयमा के गर्ने भनेर मानिसहरू यति धेरै झगडा गरिरहेका छन् । हाम्रो नाटक यही विषयमा गरौं भनेको हामीले त मेसै पाएनौं ।

आयुष्मान : *(नेताजस्तै गरी)* आदरणीय साथीहरू संविधान भनेको देशको मूल कानुन हो । यो नबनी नाटक कसरी तयार पार्ने ? (एक्कासि रुन्छ) हामीले तयार पार्न सकेनौं सर । *(ऊ रुदैं घुँडा टेक्छ र बस्छ ।)*

शिक्षक : (भावविभोर हुँदै) हेर बाबु हो ! तिमीहरूले यति धेरै कुरा किन सोचेको ? संविधान, धर्म, भूकम्प यो सबै ठूला मानिसहरूले सोच्ने कुरा हुन् । धत् ! के गरेको नरोऊ ।

शरद : *(रुँदै)* आखिर सर अहिले हामी साना छौं भनेर मात्रै के गर्ने ? ती सबै कुराहरू भविष्यमा हामीले नै त भोग्नुपर्ने त हो नि । (रुँदै) सर सर ! हामी त साना मान्छे कसैलाई भेट्न सक्दैनौं । ती ठूला मानिसहरूलाई तपाईंले कतै भेट्नुभयो भने हामी बच्चाहरूको भविष्य वरबाद नपारिदिन भन्दिनुहोस् है ।

(मञ्चको वातावरण पूरै परिवर्तन हुन्छ । शिक्षक बच्चाहरूलाई हेर्छ । ऊ पनि भावविभोर हुन्छ । अनि सम्झाउँदै ।)

शिक्षक : हेर भाइबहिनीहरू हो ! तिमीहरूले भनेका सबै कुरा ठीक हुन् । मैले आजसम्म तिमीहरूलाई सधैँ बच्चाको आँखाले मात्र हेरे त्यो मेरो ठूलो भुल रहेछ । हो देशमा जति नियम कानुन बन्छन्, ती सबैको पालना हामी सबैले गर्नै पर्छ, तर हामीले पालना गर्ने कानुन कसले बनाउँछ ? हामीलाई कहिल्यै थाहा हुँदैन । *(अलि ठूलो कुरा गरेँ कि झैँ महशुस गर्छ र अलि समालिन्छ र भन्छ ।)* नानी बाबु हो ! तिमीहरूले त यस वर्षको दशैँलाई खल्लो बनायौ । गएको साल तिमीहरूले कस्तो राम्रो दशैँ नाटक देखाएका थियौ । सबै अभिभावकहरूलाई कस्तो मन परेको थियो । यो वर्ष त के भो भो । अब के गर्ने हाला ?

यसो गर अब नाटक नभए पनि ठिकै छ फेरि अर्को वर्ष गरौँला । अब दशैँ मुखमा आएको छ । सबैले हाँसिखेली दशैँ मनाऊँ । ठूलाबडाको हातबाट टीका थाप्ने आशीर्वाद लिने, आफूभन्दा सानालाई आशीर्वाद दिने, मीठो मीठो खानेकुराहरू खाने, चोर्नुचाहिँ हुँदैन नि फेरि । अनि हामी सबै दशैँपछि स्कुल खुल्नासाथ फेरि भेट्ने । *(एक जना विद्यार्थी बिस्तारै मञ्चको अर्को कुनामा गएर रुन थाल्छ ।)*

शिक्षक : *(उसको नजिक गएर)* के भयो तिमीलाई किन रोएको ?

भायलेटः सर हामी त मुस्लिम टीका लगाउन नै पाउँदैनम् ।

शिक्षकः ल यति सानो कुरामा पनि रुने हो त ? हिन्दूहरूको महान् चाड दशैँ भएजस्तै तिमीहरूको महान् चाड ईद हो । अब केही महिनापछि इद आउँछ, अनि केही महिनामै त्यसैगरी क्रिसमस आउँछ । जुन क्रिस्चियनहरूको महान् चाड हो । ती चाड आउनासाथ हामी यसैगरी रमाइलो गरी मनाउने हुँदैन ?

भायलेटः हुन्छ सर ।

(बच्चाहरू पनि खुशी हुन्छन्, शिक्षक पनि रमाउँछन् । बच्चाहरू कोही चितवन जाने, कोही गुल्मी जाने, कोही पोखरा त कोही झापा र धनगढी भनेर चिच्याउँदै बाहिरिन्छन् । शिक्षक पनि रमाउँदै रमाउँदै बाहिरिन्छन् ।)

दृश्य पाँच

(दशैँको सङ्गीत बज्छ, मञ्चमा लिङ्गेपिङ आउँछ । कोही पिङमा रमाइरहेका हुन्छन् त कोही चङ्गा उडाउनमा व्यस्त हुन्छन् । फेरि सिठी बज्छ । बूढीआमा लौरो टेक्दै आफ्नो घरको ढोका बाहिर हातमा टीकाको थाली लिएर निस्कन्छिन् ।)

बूढीआमा:*(आफैँसँग एक्लै कुरा गर्दै)* टीका लगाउने समय भैसक्यो बच्चाहरू त यहीँ पो खेलिरहेका रहेछन् । *(बच्चाहरूसँग)* सुन त अब टीका लगाउने समय भैसक्यो जाऊ । सबै आ आफ्नो घर जाऊ । टीका लगाइसकेपछि मात्र खेल्ने अब । जाऊ जाऊ । *(हातमा टीकाको थाली लिएकी उनी दर्शकतिर फर्किएर गहभरी आँसु पारेर भन्छिन् ।)* यसपालिको दशैँमा पनि म बूढी एक्लै हुने भएँ । हुन त म बूढीको लागि को आओस् । बूढालाई वनकाले खाए । जेठो छोरोलाई सरकारले खाइदियो भन्छन् । सानोलाई अरबको तातो घामले खाइदियो । माइँलाका जाहान त बाँकी थिए त्यही पनि

पोहोरसालको भुईंचालोले एकै चिहान बनाइदियो । दशैँ आउँछ मन पोलेर आउँछ । *(अलि सम्मालिदैँ)* हुन त म बूढीले भनेको कसले सुन्छ र ! एउटा कुरा भन्छु बाबु ! एउटा धर्म मान्नेले अर्को धर्म मान्ने मानिसलाई नराम्रो हो भन्नु पाप लाग्ने कुरा हो है ! यस्तो कसैले गर्न हुँदैन । सबै धर्म राम्रै छन् । अरू हामी मान्छे पो राम्रो पो हुनुपर्‍यो ।

(मञ्चमा एक जना मान्छेको प्रवेश हुन्छ ।)

तत्सत : लौ हजुरआमा कहाँ हुनुहुन्छ भनेको त यहाँ बारीको डिलमा आएर एक्लै टोलाएर पो बस्नुभएको रहेछ । मैले घरमा कति खोजें । सबैले टीका लगाइसके । मलाई पनि टीका लगाइदिनुहोस् ।

बूढीआमा: आइजा बाबु आइजा ! उनी निधारमा हात पुर्‍याउँछिन् । *(दर्शकतिर फर्किएर)* ठूली छोरीको एक्लो छोरो, नाति ।

तत्सत :खै हजुरआमा ढोगौँ । *(नाति झुक्छ । बूढीआमाले हात टाउकोमा राखेर आशीर्वाद दिन्छिन्) दुवै जना स्थिर हुन्छन् ।*

❖❖❖

कालो इतिहास

■ **बैगुनी नेपाल**

कहाँ हराए खै सहमति र सहकार्यका कुरा ?
कता पुगे शान्ति र समृद्धिका कुरा ?

बिर्सियौँ वाचा,
र, देखाइरहेछौ तमासा ।
जारी छ, आफ्नै दुनो भर्ने दाउ
र, आफ्नाकै भलो गर्ने क्रम,
कुर्सी हत्याउने
र, कुर्सीबाट गलहत्याउने शृङ्खला ।
एकपछि अर्को स्वार्थ,
एकपछि अर्को नाटक,
अन्यायको पराकाष्ठा
केवल रमिते भयौँ हामी ।
के यही हो लोकतन्त्र ?
यही हो गणतन्त्रको परिभाषा ?
सम्झ आफ्ना बाचा
र, समय छँदै सोच
अन्यथा, गलहत्याउने छ तिमीलाई समयले,
लाग्नेछ निधारमा कलङ्कको टीका
र, लेखिनेछ तिम्रो कालो इतिहास ।

२०७३।०९।१४

काठमाडौंमा 'दायित्व' उपलब्ध हुने स्थान

पाठ्य सामग्री पसल

जामे मार्केट, रत्नपार्क काठमाडौं,
फोन नं. ४२४३१५०

पाँच मुक्तक

■ मिलन समीर

पीडितको पीडा देखेर त्यो मन रुन्छ कि रुँदैन ?
पीडादायी चित्कारले मुटु छुन्छ कि छुँदैन ?
आफ्नो स्वार्थ पूरा गर्न राजनीतिको आवरणमा
जुनुसुकै हर्कत गर्नेलाई कारबाही हुन्छ कि हुँदैन ?

देशले रगत माग्दै गर्दा हामी कहिल्यै मरियो त ?
एकताको सन्देश बोकी तराई, मधेश झरियो त ?
छातीमा हात राखेर सोधौँ पहिले आफैलाई,
देशको लागि अहिलेसम्म हामीले चाहिँ के गरियो त ?

मुसल बनी निस्किनलाई सियो भई छिरेका छन्
नेपाल र नेपालीलाई पिर्नुसम्म परेका छन्
विगतदेखि वर्तमानसम्म सिंहदरबारमा,
जुनै जोगी आए पनि दुवै कान चिरिएका छन् ।

मिर्मिरे बिहानीमा के भो साँच्चै झन् रात भो
फक्रिएला फूलभन्दा के भो कुन्नि ? झन् पात भो
एउटा सरकार ढलेसँगै अर्को बन्नु हाम्रो लागि
कागलाई बेल पाक्यो हर्ष न विस्मात भो ।

समुद्रमा माछाभन्दा बल्छी धेरै भएपछि
पृथ्वीमा पठारभन्दा गल्छी धेरै भएपछि
कुरा बाहेक कामको नाममा सिन्को उठाउँदैनन्,
अल्छी भन्दा अझै महाअल्छी धेरै भएपछि ।

करादीखोला, स्याङ्जा

दुर्भाग्य !

■ बी.पी. शाही

आजभोलि
किन हो किन,
न त कविता कोर्नै मन लाग्छ
न त कथा नै लेख्न मन लाग्छ
न कुनै साहित्य सिर्जना गर्न नै मन लाग्छ
विषयवस्तु नभएर पनि होइन
मभित्रको ऊर्जाले साथ नदिएर पनि होइन
तर किन हो किन ?
मन लागिरहेको छैन साहित्य सृजना गर्न
गम्भीर भएर सोच्छु,
यहाँ लेख्ने मानिस थुप्रै छन्
लेखेका पनि छन्
लेखिरहेका पनि छन्
पुस्तक पत्रपत्रिकाहरूमा
दिनदिनै जस्तो छापिएका पनि छन्
राजनीतिक विषयवस्तु बनाए कसैले
सामाजिक विषयवस्तु बनाए कसैले
आर्थिक विषयवस्तु बनाए कसैले
जातजाति र धर्मका विषयवस्तु बनाए कसैले
खै कसले पढेर राम्रा कुरा परिवर्तन गरे त ?
यहाँ लेख्नकै लागि लेख्ने हो भने
किन लेख्ने त दिमाग खियाएर ?
यो एक्काइसौँ शदाब्दीमा पनि
मार्गदर्शकहरूको मार्गलाई
सरोकारवालाहरूले बेवास्ता गर्छन् भने
किन लेख्ने त कलमजीवीहरूले ?
यसैले भन्नुपर्ने हुन्छ,
यो मेरो दुर्भाग्य !
हाम्रो दुर्भाग्य !!
हामी सबै नेपालीको दुर्भाग्य !!!

❖❖❖

बिरालो

■ राधिका पन्त

धेरै मुसाहरूको बध गर्दै
भकारीको कुनाकाप्चा चहार्दै
मकैको कुनियो कुनियो सुम्सुम्याउँदै
छिमेकीको समेत
निगरानी गर्छु भन्दै हिँड्ने
ढाडे बिरालो
घरको धुरीमा भने
एक्कैछिन टिक्न सकेन
छिँडीमा आफैले बालेको आगोले
पुत्याइँलो धुवाँको रूप लिँदै थियो
भ्याल भ्याल चहार्दै
बारदली र बरन्डा उक्लदै
बुइँगल माथि उफ्रियो
दूध घिउ र मिष्ठान्न सबै लटपट्यायो
ढाडे बिरालो देख्दा
गाउँभरिका बालबच्चा सबै तर्सिए
ठूलालाई पनि बाघकै सन्तान होजस्तो
लाग्यो
उसकै अनुहारको अर्को भेट्दा
चूक घोप्ट्याएको जस्तो मुख पार्दै
कराएरै शान्ति भङ्ग पार्थ्यो
साराको निद्रा खलबल्याउँथ्यो
तर
त्यो शान क्षणभरमै भङ्ग भयो
धूवाँका कारण उसका आँखा पीरा भए
आँसु र च्याल धरधरी चुहिए
पीडा सहन नसक्दा
दाह्रा कटकटी किटिरह्यो
कयौँ रात ऊ
धुरीमाथि नै छटपटिरह्यो
बरबराइरह्यो
चिच्याइरह्यो
निकै करायो
हार गुहार मागिरह्यो
कसैको साथ पाएन
उसका सन्तानहरू
लाखापाखा लागिसकेका थिए
हिजोको जस्तो शान थिएन
उमेर ढल्किसकेको थियो
छिमेकीले पनि हर्कत देखिसकेका थिए
उसलाई देख्दा आज
ती मारिएका मुसाहरूले जिस्काइरहेछन्
छुचुन्द्राहरूले तर्साइरहेछन्
भ्यागुताहरू उफ्रिरहेछन्
मुर्कट्टाहरू हाँसिरहेछन्
ढाडे बिरालो भने
भुइँमा जिल्ल परिरहेछ ।
घरको धुरी हेर्दै
निन्याउरो मुखलगाएर ।

मध्यपुर ठिमी

http://www.nepalipublisher.com
अब हाम्रो वेब साइडमा 'दायित्व' र 'वैजयन्ती'का सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है !

समीक्षा

भावका आधारमा 'हतार छैन हतार छ' निबन्धसङ्ग्रह

■ मीरादेवी धिताल

१. यथार्थवादी भाव

मानवजीवनमा घट्ने यथार्थ कुराको चित्रण यथार्थवादी साहित्यमा हुन्छ। निबन्धकार भीष्म उप्रेतीले आफ्नो जीवन भोगाइको मार्मिक अनुभव, आफ्ना सेरोफेरोको वातावरणको ऐतिहासिक, मनोवैज्ञानिक, राजनैतिक, शैक्षिक, आर्थिक पक्षमा भएका यथार्थ कुराको चित्रण आफ्नो निबन्धात्मक कृति 'हतार छैन हतार छ' मा गरेका छन्, जसलाई निम्न बुँदामा वर्गीकरण गरी प्रस्तुत गरिएको छ।

(क) ऐतिहासिक यथार्थ

सोलुखुम्बुको सल्लेरी बजारमा केही वर्षअघि भएको जनयुद्धले त्यहाँका मानिसहरूमा ल्याएको सन्त्रस्त मानसिकता र बाँच्ने जिजीविषाले बोलेका सुस्केराहरू निबन्धकारसँग यसरी अभिव्यक्ति भएको छ :

गाउँमा बाँच्न नदिने भए। क गर्नु र ! त्यत्तिकै अनाहकमा मर्न पनि सकिएन। त्यसैले भएको सबै जेथो त्यत्तिकै छोडेर यहाँ आएका छौँ। अबचाहिँ बाँचिन्छ कि ! (विचारको भुमरी, पृष्ठ २९)

कुनै चिया पसलमा अथवा चौतारीमा बसेर पल्लो घरको छिमेकीलाई सराप्नदेखि देशको राजनीति हुँदै अन्तर्राष्ट्रिय मामिलाहरूमा धाराप्रवाह बोलिरहन्छौँ। (हतार छैन हतार छ, पृष्ठ ४१)

(ख) मनोवैज्ञानिक यथार्थ

बाल्यकालको घटना र आफ्ना अज्रग जिजुबा) हरूको छाप मानव मनमा कसरी रहिरहेको हुन्छ भन्ने यथार्थ भाव यसरी देखाइएको छ :

मेरो बालमस्तिष्कमा भरिएको त्यो सौन्दर्यको अमिट छाप अझै पनि जिउँदै छ। (हिँड्दै गर्दा, पृष्ठ १)

नौलो वातावरणमा समायोजन हुन मानिसलाई गाह्रो हुन्छ भन्ने कुरा यसरी प्रस्तुत गरिएको छ–

उक्त वाणीले झ्वाम्मै समात्यो मलाई र अनुभूति, विचार र एउटा औडाहको प्रदेशभित्र धकेलेर छाडिदियो। (रात पर्दै गइरहेको, पृष्ठ २१)

यो मन साह्रै एब्स्ट्रयाक्ट भएकैले शायद मान्छे पनि साह्रै जटिल भएको हो। (रात पर्दै गइरहेको, पृष्ठ २२)

मान्छेमा भएको अहंले सही बाटो समात्न नसकेमा जीवन सुखमय हुनुको सट्टामा दुःखी बन्न सक्ने र बनिरहेको यथार्थलाई निबन्धकार यसरी प्रस्तुत गर्दछन्–

अहम्को पर्खालले खुशीका उज्याला इन्द्रेणी रङहरूलाई हामीसम्म आउनबाट रोकिदिएपछि हामी जीवनको असीम आनन्दबाट बञ्चित हुन पुग्छौँ। (सम्बन्धको सौन्दर्य, पृष्ठ १०६)

अहम् र असहिष्णुताले हाम्रो आँखा र मस्तिष्कमा बास गर्न पायो भने बिस्तारै त्यो चट्टाने पहाड बन्न थाल्छ। यसले उज्यालो र सौन्दर्यका सबै आकर्षणलाई छोप्ने र छेक्ने गर्दछ। आँखामा, मनमा, मानसमा सर्वत्र अँध्यारो बढेपछि त्यसले सबैभन्दा पहिला विवेकलाई सिध्याउँछ,

त्यसपछि दृष्टिकोणलाई अनि भावना र अनुभूतिलाई खरानी बनाउँछ । (सम्बन्धको सौन्दर्य, पृ. १०७)

(ग) राजनीतिक यथार्थ

राजनीतिक क्षेत्रमा देखिएको विसङ्गतिलाई हतार छैन हतार छ निबन्धसङ्ग्रहमा यसरी प्रस्तुत गरिएको छ–

त्यसैले सर्वत्र कालो अराजकता छ नाचिरहेको । (दृश्यचित्र, पृ. ५६)

नयाँहरूलाई अवसर दिएर के गर्नु ? यो देशलाई बनाउने कसैले होइन, यति त देखिएकै छ । सबैले बिगार्ने नै हो भने नयाँहरूलाई मौका किन दिने ? हामीसँग त देशलाई भत्काएको र बिगारेको बाह्र वर्षको अनुभव छ । भत्काउनु नै पर्दा पनि हामी अनुभवीहरू देशलाई मिलाएर भत्काउँछौँ धेरै नदुखाइकन । (दृश्यचित्र, पृ. ५९)

राजनीतिक क्षेत्रमा देखिएका विसङ्गतिलाई सुधार्नतिर लाग्यौँ भने हामीले हाम्रो जीवनमा खुशी र जीवनका उज्याला रमाइला क्षणहरू देख्न सकिने दृढ सङ्कल्प र आदर्श चिन्तनलाई यसरी अभिव्यक्त गरिएको छ –

जब हाम्रा कर्मका सानाठूला सबै प्रयत्नबाट हासिल भएको यथार्थलाई आफ्नो आनन्द र खुशीको मूल हो भनेर मान्दछौँ, तब जीवन त्यसै त्यसै उज्यालिन थालेको पाउनेछौँ । हामीले बनाएका हाम्रा सम्बन्धहरूबाट अपूर्व सौन्दर्य प्रस्फुटन हुन थाल्नेछ र त्यसैको सुवासले सुवासिन थाल्नेछौँ । त्यही प्राप्तिको आलोकमा हामी आफ्ना अनुहारलाई देख्नेछौँ, आफ्नो आकारलाई भेट्नेछौँ र तमाम दुर्गन्धहरूभन्दा माथि उठेर जीवनलाई सरल बनाउँदै सुरक्षित पनि हुनेछौँ । (सम्बन्धको सौन्दर्य, पृ. ११०)

हाम्रो राजनीति भुमरीमा फँसेको छ, समाज विग्रह र विघटनको बाटोतिर ओरालो झर्दैछ, मान्छेले सबैभन्दा धेरै मान्छेसँग डराउनुपर्ने भएको छ । (सम्बन्धको सौन्दर्य, पृ. १०९)

(घ) शैक्षिक यथार्थ

बेलाइतको ब्लिन स्कुलमा छ बर्से छोरी लुमनासँगै ग्रिन कक्षामा बसेर एक हप्ता पढ्दा त्यहाँको शिक्षा प्रणालीसँग सन्तुष्ट हुँदै निबन्धकार आफ्नो अनुभव यसरी अभिव्यक्त गर्दछन् : यी कलिला बालबालिकासँग बसेर रमाउने, सहयोग गर्ने र मिलेर बस्नेजस्ता ससानाजस्ता लाग्ने तर ज्यादै महत्त्वपूर्ण जुन कुराहरू सिकेँ मैले, अन्त कहाँ गएर यत्तिकै प्रभावशाली एवं सम्प्रेषणीय रूपले सिकुँला र फेरिफेरि ! (ब्लिन स्कुलको एक साता, पृ. २०)

नेपालको सुदूर दुर्गम (सोलुखुम्बु) गाउँहरूमा समेत विदेशी भाषाको प्रभावले अङ्ग्रेजी शब्दहरूको प्रयोग गरेको सुनेर, सडक, शिक्षा, सञ्चार, स्वास्थ्यजस्ता पक्षको विकास नभई विदेशी संस्कार भित्रिएकोमा यसरी चिन्ता गर्छन् – उनीहरू आमा हराएर ममी भइसकेको अँध्यारोभित्र कस्तो शानले बाँचिरहेको भ्रममा रहेछन् । (विचारको भुमरी, पृ. ३०)

जनयुद्ध पश्चात् सोलुखुम्बुको सल्लेरी बजारको सन्त्रस्त मानसिकताको पस्तुति यसरी गरिएको छ : डर पनि नपरुन्जेल मात्र लाग्दोरहेछ बाबू । (विचारको भुमरी, पृ. ३१)

शिक्षाको भोक लागेर केही गरेमा जीवनमा लागेका अरू भोक मेटिएर गए पनि अक्षरहरू रहिरहने विश्वास निबन्धकार यसरी अभिव्यक्त गर्दछन्– घर, जागिर, परिवार, त्यसरी नै अनेकौँ अभाव र आवश्यकताको तनावबाट मुक्त त्यो छोटो अवधि जीवनको नयाँ अध्याय भएर लेखियो स्मृतिमा र अक्षरहरूमा पनि । स्मृति त कुनै दिन भोक सकिँदा मेटिएर जाला तर अक्षरहरू रहलान् बाँकी । (भोक, पृ. ७८)

मौनता जीवनको अनिवार्य पक्ष हो, जुनबिना केही गर्न सकिँदैन भन्ने भाव यसरी प्रस्तुत गरिएको छ– मौनता जीवनको अनिवार्य पक्ष हो । केही बोल्नलाई केही सुन्नुपर्छ, केही पढ्नुपर्छ र विचार गर्नुपर्छ । (सम्बन्धको सौन्दर्य, पृ. १०८)

मौनता एउटा भाषा हो । अर्थ भएपछि मात्र अक्षर वा शब्दले पनि पूर्णता पाउँछ र त्यो भाषा बन्दछ । (सम्बन्धको सौन्दर्य, पृ. १०८)

(ङ) वातावरणीय शिक्षाको आवश्यकता बोध

अहमदावादको इन्डोर नेचर पार्कको ग्रिन हाउस, प्रकृति शिक्षालय र नेपालको युवा वातावरण समूहको क्रियाकलाप र उपलब्धिको बारेमा छलफल गर्दा त्यहाँको प्रकृति शिक्षासँग लोभिएर निबन्धकारका मनमा जन्मिएका प्रश्नहरू यस्ता छन् –

यति धेरै निकुञ्ज र वन्यजन्तु आरक्षहरू भएको नेपालमा पनि यस्तै किसिमले प्रकृति शिक्षालयहरूको स्थापना गर्न सकिँदैन र ? जुनसुकै कुरा पनि सिक्न र अध्ययन गर्न युरोप र अमेरिकातिरै दौड्ने मानसिकतालाई फ्याँकेर आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक इत्यादि धेरै कुराले हामीभन्दा अघि पुगिसकेको र धेरै कुरामा अझै समानता समेत रहेको छिमेकी मुलुक भारतबाटै सर्वप्रथम राम्रा, उपयोगी र आवश्यक कुराहरू सिक्ने र व्यवहारमा उतार्ने गर्नुपर्ने होइन र नेपालले ? (समय चिप्लिँदै गइरहन्छ, पृ. १३)

(च) कलाको अवस्थामा ह्रासको स्थिति

काला छायाँहरूलाई हेर्नुपरेपछि स्वाभाविक हो दृश्यचित्र हेर्ने मेरो शोख पीडादायी एवं उराठलाग्दो बाध्यता बनेको छ । म बाध्यताहरूको चेपुवामा फँसेको छु यतिबेला नराम्रोसित । र, हेरिरहेको छु दृश्यचित्रका उत्ताउला भङ्गिमाहरू । (दृश्यचित्र, पृ. ५६)

२. आदर्श/आस्थाको भाव

प्रस्तुत निबन्धसङ्ग्रहमा आदर्शको प्रस्तुति पाइन्छ । आफ्नो समाजको वा आफ्नो धर्म संस्कृतिको संस्कारको पालना गरेमा, आदरभाव पछ्याई स्वतन्त्रताको सदुपयोग गरेमा, मान्छेलाई मान्छेको रूपमा स्थापित गरेमा, शान्तिलाई खलल नपुऱ्याई प्रजातन्त्र उपभोग गरेमा धैर्यता र एकतालाई अवलम्बन गरी आशावादी भएर कर्मक्षेत्रमा लागेमा अवश्य पनि सुखद भविष्यको कल्पना गर्न सकिन्छ भन्ने आशावादी भाव निबन्धमा व्यक्तिएको छ । यसको उदाहरण निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ –

(क) परम्परागत विश्वासको भाव : आफू बाँचेको क्षेत्र पूर्वीय दर्शनको रसले छपक्कै भिजेको थियो कुनै बेला । त्यस रसको अलिअलि छिटो त अझै पनि बाँकी रहेकाले त्यसले पनि छोइन्छु कुनैकुनै बेलामा । त्यही दर्शनले भनेको सम्झन्छु– सत्य भित्र सारमा हुन्छ र भ्रम भनेको सत्यको बाहिरी आवरण मात्र हो । (सत्य र भ्रमहरू, पृ. ९१)

(ख) आशावादी भाव : संयोगले म रूखलाई, माटोलाई, हावालाई, सूर्यचन्द्रलाई, खोलालाई, नदीलाई पूजा गर्ने संस्कृतिमा जन्मेर हुर्केको छु । यो जन्मजात नदी पुज्ने संस्कृतिले मेरो स्वभावलाई पनि केही हदसम्म नदीजस्तो बनाएको हुनुपर्छ । (फर्केर हेर्दा, पृ. ५२/५२)

दिनभरि चारतिर कुदेर शून्य उपलब्धि हात पार्दै लखतरान ओछ्यानमा पल्टनेले समेत भोलिपल्ट बिहान हेर्ने र त्यसले उसको यात्रालाई नयाँ बिन्दुबाट अघि बढाएर सफल पार्ने आशाले भरिएको हुन्छ । (रात पर्दै गइरहेको, पृ. २२)

उसलाई काखमा राखेर म्वाइँ खाएपछि र छातीमा टाँसेपछि म मान्छेको भविष्यप्रति केही आशावादी बनेको थिएँ । (रात पर्दै गइरहेको, पृ. २५)

(ग) मानवीय स्वभाव : समय उल्टो घुमेको यस बेथितिपूर्ण परिस्थितिमा आस्था विघटनको आलो घाउले दुखेको छ मेरो मान्छे । (रात पर्दै गइरहेको, पृ. २४)

(घ) कर्तव्यबोधको भाव : मैले उठ्नुपर्छ र अझ उकालो चढ्नुपर्छ अथवा बग्नुपर्छ पानी भएर ओरालैओरालो र अरूको तिर्खा मेटाउनुपर्छ । (रात पर्दै गइरहेको, पृ. ४९)

(ङ) आदर भाव : लेखक कवि भनेपछि मभित्र एक किसिमको सम्मानको भावना बन्छ, एक किसिमको आकर्षण हुन्छ कवि-लेखकमा मेरा लागि । (१८ किडस्ट्रिटको पहेँलो ढोका, पृ. ९३)

(च) अग्रजप्रतिको श्रद्धाभाव : गाउँभरिका सबैले भक्ति सर भनेर आदर गर्ने मान्छे । मेरो बुबा मेरो आदर्श पात्र बन्नु अत्यन्त स्वाभाविक थियो । (कविताको भर्नाकुलर, पृ. १०१)

सबै बालबालिकाका लागि बाबुआमा आदर्श पात्र हुन्छन्– सबभन्दा राम्रा, सबभन्दा असल । (कविताको भर्नाकुलर, पृ. १००)

सुधारको चाहनाको लागि व्यङ्ग्य गरिएको आस्थाभाव : हामीसँग प्रविधिका कुनै खुट्टाहरू छैनन् र कल्पनासंवेग एवं भावनाका सार्थक पङ्खहरू पनि छैनन् । हामीलाई हतार छैन । (हतार छैन हतार छ, पृ. ४०)

सहरियाहरूको दिनचर्या : बिदाको दिन त तासका पत्तीहरूमा जीवनका लयहरू साट्न पायौँ भने रातदिनको हेक्का नै नगरी महान् बन्न तँछाडमछाडमा लागिहाल्छौँ ।" (हतार छैन हतार छ, पृ. ४१)

गाउँलेहरूको दिनचर्या : कुनै चियापसलमा अथवा चौतारोमा बसेर पल्लो घरको छिमेकीलाई सराप्नेदेखि देशको राजनीति हुँदै अन्तर्राष्ट्रिय मामिलाहरूमा धाराप्रवाह बोलिरहन्छौँ । (हतार छैन हतार छ, पृ. ४१)

लेखकीय दृष्टिकोण : हामी विश्वको एउटा सानो कुनामा बसेर एकोहोरो लेखिरहेका छौँ । बाँकी विश्वका अरूले हाम्रो लेखाइलाई कसरी हेर्छन्, हामीलाई थाहै छैन वास्तवमा । (१८ किडस्ट्रिटको पहेँलो ढोका, पृ. ९५)

निराशाको भाव : के यो मेरो सभ्यता र भविष्यमा रात पर्दै गएको होइन ? त्यो नाङ्गो बालक अँध्यारोतिर गइरहेको छ र केही दिनपछि भ्याप्प निभ्नेछ । (रात पर्दै गइरहेको, पृ. २६)

सुधारको चाहनाको लागि व्यङ्ग्य गरिएको भाव : हाम्रो जीवनपद्धतिमा त्यसैले अतिकति सुधारको खाँचो छ । (सम्बन्धको सौन्दर्य, पृ. ११०)

(छ) अस्तित्वको भाव : यो संसारमा वास्तवमा सम्बन्धभन्दा बाहेक अरू केही छैन । हामी जे छौँ सबै सम्बन्धहरूकै कारणबाट छौँ । (सम्बन्धको सौन्दर्य, पृ. १०७)

३. सन्देश/विचारको भाव :

मानव मनमा विचारहरू, सभ्यता, मूल्य र मान्यता, नैतिकता र आचरणहरू भत्किँदै गइरहेकोले कालो अराजकता सर्वत्र नाचिरहने हुनाले त्यसलाई हटाउन आफ्नो आफ्नो क्षेत्रबाट सक्दो प्रयास गर्नुपर्ने सन्देश दिनको लागि निबन्धकार आफ्नो विचार यसरी प्रकट गर्दछन् :

(क) वितृष्णाको भाव : म यी सबै भत्कनुहरूको बीचमा सग्लो उभिन कसरी सक्छु ? म पनि भत्किरहेको छु - दाहिनेतिरबाट पनि र देब्रेतिरबाट पनि । (रात पर्दै गइरहेको, पृ. २४)

(ख) श्रमप्रतिको आस्था भाव : म पूर्ण सन्तोष चाहन्नँ जीवनमा । पूर्ण सन्तोष पूर्णविराम पनि हो । (फर्केर हेर्दा, पृ. ४८)

(ग) प्रतिबद्धताको भाव : मभित्रको नदी सुकेको दिन मेरो विचारको मुहान पनि सुक्नेछ र विचार मर्नेछ । - फर्केर हेर्दा, पृ. ५२)

(घ) आदर्शवादी भाव : "प्राप्त भएको सन्तोष पनि होस् जीवनमा, तर त्यो सधैँ अपूर्ण होस्, पर्खाल भएर बाटो छेक्दै कहिल्यै नउठोस् । (फर्केर हेर्दा, पृ. ५३)

समस्या हामीभित्रै छ । हाम्रो जीवनपद्धतिमा त्यसैले अलिकति सुधारको खाँचो छ । हाम्रो व्यवहारमा हामी सुवासले सुवासिन थाल्नेछौँ । त्यही प्राप्तिको आलोकमा हामी आफ्ना अनुहारलाई देख्नेछौँ, आफ्नो आकारलाई भेट्नेछौँ र तमाम दुर्गन्धहरूभन्दा माथि उठेर जीवनलाई सरल बनाउँदै सुरक्षित पनि हुनेछौँ । (सम्बन्धको सौन्दर्य, पृ. ११०)

(ङ) हीनतावोधको भाव : यो छटपटी, यो अन्तर्द्वन्द्व र यो बढ्दो निराशाको सामना कसरी गरूँ ! -दृश्यचित्र, पृ. ५९)

(च) कलाको अवस्थामा ह्रासको स्थितिको भाव : यो गतिहीनता, अराजकता र मनपरीतन्त्रको बीचबाट आफूलाई जोगाउँदै पर्खदै छु– फेरि फैलनेछ उज्यालो सर्वत्र बाटो, गन्तव्य र भविष्यको स्पष्ट रङ र चित्रहरू देखाउँदै । (दृश्यचित्र, पृ. ६३)

(छ) नारीवादी चिन्तन : प्रदुषणको बाक्लो साम्राज्यमा बिचरा त्यो बालक रोइरहेको थियो र त्यसैको आडमा दुईचार पैसाका लागि त्यो आइमाई हात पसारिरहेकी थिई । (रात पर्दै गइरहेको, पृ. २५)

४. अभाव र शङ्काको भाव :

अभाव र शङ्काले मानिसलाई कति विचलित बनाउँछ भन्ने निबन्धकारको भावलाई निम्नलिखित बुँदामा वर्गीकरण गरेर प्रस्तुत गरिएको छ :

(क) अपूर्णताको भाव : जीवन सधैँ नपुग र अभावग्रस्त हुँदोरहेछ । (हिँड्दै गर्दा, पृ. २)

(ख) शङ्काको भाव : के यो मेरो सभ्यता र भविष्यमा रात पर्दै गइरहेको होइन ? (रात पर्दै गइरहेको, पृ. २६)

के मैले दिएको केही रूपैयाँले यो बालकको भविष्य सुरक्षित छ ? मैले दर्साएको संवेदनाले के यो बालक यी तमाम बेथितिहरूबीचको अँध्यारोलाई चिरेर उठ्न सक्छ ? (रात पर्दै गइरहेको, पृ. २६)

५. व्यक्तिगत जीवनको निजी अनुभूति :

निबन्धकार भीष्म उप्रेतीले यस निबन्धसङ्ग्रहभरिका निबन्धहरूमा आफ्नो व्यक्तिगत जीवनको निजी अनुभूति प्रस्तुत गरेका छन् । निजी अनुभूति व्यक्त गर्ने क्रममा सन्तान/प्रेम, पारिवारिक मेलमिलाप, स्पष्टवादी, धैर्य र एकतामा विश्वास राख्नुपर्ने, अग्रजहरूप्रति श्रद्धाभाव व्यक्त गर्नुपर्ने, सक्दो सबैलाई सहयोग गर्नुपर्ने, राम्रा कार्य गर्नेहरूलाई स्मरण गर्नुपर्ने, नराम्रो काम गरेमा पश्चाताप गर्नुपर्ने, नवीन वस्तु, घटना र वातावरण भएमा आश्चर्य मान्ने, डराउनेजस्ता मानवीय गुणहरूलाई प्रष्ट पारिएको छ । यिनलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिन्छ :

(क) भोगाइको अनुभव : के छुट्यो के छुट्यो जस्तो । यसरी छुँदोरहेछ देशले परदेशमा, संस्कारले परदेशमा । (हिँड्दै गर्दा, पृ. ३)

(ख) भोगाइको सुखद अनुभव : यो चाहनु को प्राप्तिमा शान्ति र आनन्द छ । जहाँ सुख छ त्यहाँ जोखिमको के महत्व । (विचारको भुमरी, पृ. २९)

हरेकपल्ट कविता लेख्नुअघि म बिरामी हुन्छु र लेखिसकेपछि एकदम स्वस्थ । (कविताका सम्बन्धमा, पृ. ७२)

मान्छे भन्नु पनि वास्तवमा यिनै भावना, संवेदना नै रहेछ भन्ने पनि लाग्न थालेको छ आजभोलि । (सत्य र भ्रमहरू, पृ. ८९)

जीवनलाई अनुभवहरू जस्तै विरोधाभासहरूको पनि सङ्ग्रह हो भन्न मन लाग्छ कतिकति बेलामा । (सत्य र भ्रमहरू, पृ. ९०)

यिनै भ्रमहरूको ताल, सुर र धूनमा हामी आयुभरि नाचिरहँदा रहेछौँ । (सत्य र भ्रमहरू, पृ. ९१)

(ग) आश्चर्यको भाव : एकछिन सोचमग्न हुँदा जीवन त अनेकौँ अनुहारहरूका तस्वीरहरूको सिङ्गो एल्बम बनेको देखिँदो रहेछ । (भोक, पृ. ८३)

हामी जीवनमा कति सत्य बाँच्छौँ र कति भ्रम बाँच्छौँ भनेर सोचिरहनुको प्रयोजन पनि समाप्त भएको अनुभव गरिरहेको छु र यी दुवैलाई हृदय खोलेर स्वागत गरिरहेको छु । यसरी दुवैलाई एकैसाथ स्वागत गर्न स्वागतद्वारमा उभिएपछि यस प्रश्नको बोझ पनि आफूबाट आर्लेर हलुका भएको छु र जीवनको सौन्दर्यले झनै धेरै छोइएर जीवनमय भएको छु । (सत्य र भ्रमहरू, पृ. ९१)

मलाई आफ्नो बाँकी जीवन झनै प्यारो लाग्न थाल्यो, सुमसुम्याएँ । (भोक, पृ. ८१)

(घ) पारिवारिक मेलमिलापको भाव : उसको बुबाको फुर्सद छ भने र उहाँले अप्ठ्यारो नमानेदखि सुरुको एक हप्ता लुमनासँगै ग्रिन कक्षामा बसिदिए हुन्थ्यो । स्कुल सेक्रेटरीले भनिन् इन्दुलाई । र, इन्दुले तत्कालै स्वीकृति जनाइहालिन् मलाई नसोधिकनै । लौ त !... मैले आफूलाई छोरीसँगै वर्ष एकमा बस्न मानसिक रूपले तयार पारेँ । (ब्लिन स्कुलमा एक साता, पृ. १५)

तर यस यात्राको पहिलो प्रस्थान चाहिँ निःसन्देह त्यही घटना हो, बुवाले लेखिदिएको बालकविता- मातृभूमि । (कविताको भर्नाकुलर, पृ. १०५)

(ङ) संस्मरणात्मक भाव : संस्मरणात्मक भावमा कृष्ण धरावासी, जीवनसँगिनी इन्दु, सुपुत्री लुमना, आई. सी. पटेल, आर. एस. पठान, ब्लिन स्कुलकी सेक्रेटरी, स्कुलका हेडसर केइथ ओलिभर, लुमनाका कक्षाका सहपाठी साथीहरू, भैरव अर्याल, खलिल जिब्रान, डा. हिडन काङ, बेलाइती साथी, गोपालप्रसाद रिमाल, कृष्णचन्द्रसिंह प्रधान, चोन साङ प्योङ, टेओडोरो एम. लोक्सिन, माक्सिम गोर्की, क्याथरिन पियरप्वाइन्ट, ताकेओ हिगुची, जन्मदाता भक्तिसर, हजुरबुबा, हजुरआमा, जिजुबा, लक्ष्मीप्रसाद देवकोटा, शंकर लामिछाने, भूपि शेरचन, मञ्जुल, कृष्णभक्त श्रेष्ठ, अविनास श्रेष्ठ, रोचक घिमिरेजस्ता व्यक्तित्वहरूको सहयोग, विश्वास, सल्लाह र भनाइहरूलाई आफ्ना निबन्धहरूमा निबन्धकारले सरल भाषा र मीठो शैलीमा स्मरण गरेका छन् ।

(छ) स्पष्टवादिताको भाव : निबन्धकारले यस निबन्ध सङ्ग्रहमा आफ्ना र आफन्तका बारेमा निर्धक्कसँग मनका भाव र गरेका कार्यहरू प्रस्तुत गरेका छन् । जस्तै : केही नलागेपछि उहाँले एउटा कविता लेखिदिनुभयो बालकविता । शीर्षक थियो - मातृभूमि । मैले त्यसलाई राम्रो हस्ताक्षरमा कापीमा सारेँ र शीर्षकमुन्तिर आफ्नो नाम लेखेर स्कुलमा बुझाएँ । -कविताको भर्नाकुलर, पृ. १०१)

हामी बोल्छौँ अत्यधिक । वास्तवमा बोल्छौँ मात्र । जानेर पनि बोल्छौँ नजानेर पनि बोल्छौँ । बुझेर पनि बोल्छौँ, नबुझेर पनि बोल्छौँ । देखेर पनि बोल्छौँ नदेखेर पनि बोल्छौँ । हामी जीवनको अधिकांश समय बोलिरहन्छौँ । (सम्बन्धको सौन्दर्य, पृ. १०७)

६. विसङ्गतिको भाव : नेपाली समाजमा भएका विसङ्गतिहरूलाई यस निबन्धसङ्ग्रहमा कतै अभिधामूलक ढङ्गबाट र कतै लक्षणामूलक ढङ्गबाट प्रस्तुत गरिएको छ, जसलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :

(क) क्षैक्षिक क्षेत्रको विसङ्गति : विद्यार्थीहरू विद्यालय जान्छन्, कलेज जान्छन् र गेसपेपर पढ्छन् । उनीहरू अघिल्लाअघिल्ला सालका विद्यार्थीहरूका लेक्चरनोट पढ्छन् तर टेक्स्टबुक पल्टाउँदैनन् । विद्यार्थीहरूका विश्वविद्यालयका विभाग र कार्यालयहरूमा आगो लागिरहन्छ र आगोको उन्मत्त कालो धुँवाबीच सुनिन्छ- हाम्रो नम्बर कम भयो, धेरै पाउनुपर्छ । (दृश्यचित्र, पृ. ५८)

शिक्षकलाई प्राध्यापकलाई स्थायी हुन प्रतिस्पर्धा गराउन पाइँदैन, स्वतः स्थायी गराउनुपर्छ । (दृश्यचित्र, पृ. ५८)

(ख) राजनीतिक क्षेत्रको विसङ्गति : कसैले हिम्मत गरेर बिजुली निकाल्छु भनोस्, लोकतन्त्रको मन्त्री भन्छ– हामीलाई कति फाइदा हुन्छ ? मलाई के आउँछ ? (दृश्यचित्र, पृ. ५८)

न नेतृत्व गर्ने भनिएकाहरूको अनुहार फेरिएको छ, न चरित्र, न त मस्तिष्क नै फेरिएको छ । त्यसैले फेरि पनि उही अराजकता, हत्या, प्रतिशोध, लुट र भ्रष्टाचारको कालो आतङ्क सर्वत्र । (दृश्यचित्र, पृ. ५८)

नयाँहरूलाई अवसर दिएर के गर्नु ? यो देशलाई बनाउने कसैले होइन, यति त देखिएकै छ । सबैले ..... भत्काउनु नै पर्दा पनि हामी अनुभवीहरू देशलाई मिलाएर भत्काउँछौं धेरै नदुखाइकन । (दृश्यचित्र, पृ. ५९)

जनताले सबै कुरा बुझ्या छन् । हामीले जनताका लागि केके गऱ्या छौं भन्ने सबै बुझ्या छन् । त्यसैले हामीलाई सिङ्गो जनताले साथ दिन्छ । (दृश्यचित्र, पृ. ५८)

(ग) आर्थिक क्षेत्रको विसङ्गति : मिसावटको विकराल समस्यालाई रोकेर वातावरणीय प्रदुषणलाई समेत कम गर्न खोज्यो भने पेट्रोलियम डिलरवालाहरू हड्ताल गर्छन् र भन्छन् - पेट्रोलमा मट्टितेल मिसाउन पाउनुपर्छ । (दृश्यचित्र, पृ. ५७)

सबैजसो ट्याक्सीका मिटरहरू बिग्रिएका छन् । बिगार्नेलाई त थाहै छ तर निरीक्षण गरेर पनि पद्धतिलाई यथावत् राख्ने जिम्मा पाएकाहरू पनि थाहा पाइपाइकन तैं चूप मै चूप भइदिन्छन् । (दृश्यचित्र, पृ. ५७)

(घ) सामाजिक क्षेत्रको विसङ्गति : फुर्सद धेरै भएका मान्छेहरूसँग छुराका धारहरू धेरै हुन्छन् जो हरबखत कमला हृदयहरूमा घाउ पार्ने उपाय सोचिरहन्छन् । (हतार छैन हतार छ, पृ. ४१)

नत्र त नाम भएका भनिएकाहरू त उड्दै पनि र गुड्दै पनि बगिरहेका छन् ओरालैओरालो, दक्षिणैदक्षिण निचोरेर, दुहेर यो भूमिलाई र विदेशका बैंकहरूमा जममा भइरहेका छन् । (हतार छैन हतार छ, पृ. ४३)

७. भाषाशैली

(क) तत्सम शब्दको प्रयोग

प्रस्तुत निबन्धसङ्ग्रहमा मस्तिष्क, स्मृति, वाणी, पङ्ख, असहिष्णुता, अहम्, दृश्य, अकण्टकजस्ता तत्सम शब्द प्रयोग भएको पाइन्छ ।

(ख) अङ्ग्रेजी भाषाको प्रयोग

यस निबन्धसङ्ग्रहमा क्वाडबरी, अनलाइन, बोर्ड, युनिफर्म, ट्राउजर, स्कुल, सेक्रेटरी, पी. एच.डी., लन्चब्रेक, इन्टरनेट, लाइफ इज वन्डरफुल, इमेल, सिटी सेन्टर, साइबर, ग्रिन हाउस, फाउन्डेसनका डाइरेक्टर, मिनी सेभिङ बैंक, मुड, एसेम्बली, एब्स्ट्रयाक, ड्रेसिङ टेबुल, पेन्सन, रेस्टुरेन्ट, प्लेट, ट्राफिक, मिसगाइड, फ्ल्यासब्याक, प्रुफजस्ता अङ्ग्रेजी शब्दको प्रयोग भएको पाइन्छ ।

(ग) नेवारी तथा अन्य भाषाको प्रयोग

प्रस्तुत निबन्धसङ्ग्रहमा टुमक्षा एउटा नेवारी शब्द मात्रै प्रयोग भएको पाइन्छ भने बालबोलीका शब्द ताते र च्याहाँच्याहाँ दुईवटा शब्दको प्रयोग भएको पाइन्छ । त्यस्तै, सेर्पा भाषाको बक्खु, ऊँ माने पेमे शब्द प्रयोग गरिएको पाइन्छ ।

(घ) अनुकरणात्मक शब्दको प्रयोग

यस निबन्धसङ्ग्रहमा निबन्धकारले प्याटप्याट, झिलिक्क, छ्याङ्ग, ट्वार्रट्वार्र, च्याप्पैजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरेका छन् ।

(ङ) उखानटुक्काको प्रयोग

सोह्रवटा निबन्धहरूमध्ये 'सत्य र भ्रमहरू' शीर्षक निबन्धमा मात्र आँखा लोभी मन पापी, नेटो काटिसक्दा र सत्य तीतो हुन्छ भन्ने उखानटुक्काको प्रयोग गरिएको छ ।

(च) कवितात्मकताको प्रयोग

निबन्धकार भीष्म उप्रेतीका निबन्धहरूमा प्रशस्त कवितात्मक उक्तिहरू पाइन्छन् । उदाहरणको लागि प्रस्तुत निबन्धसङ्ग्रहको 'सुखद भविष्यतर्फको अभियान' शीर्षकमा कृष्णचन्द्रसिंह प्रधानले औँल्याउनुभएका केही सम्प्रेषणलाई लिन सकिन्छ ।

सम्झनाहरू ओछ्याएर, रहरहरू उमेरका खुट्टाहरू टेकेर हिँड्छन् । सुग्घरी घामभन्दा उज्यालो थियो मेरो आँखा । एक हुल भरियाहरू ढाकरका प्वालहरूबाट आफ्ना उमेरहरू चुहाउँदै आए तलबाट ..., ढोका छेउमा सुतिरहेको घण्टीलाई थिचेँ । (सुखद भविष्यतर्फको अभियान, पृ. घ/ङ)

कवितात्मक उक्तिहरूलाई मात्र नभएर 'फर्केर हेर्दा' निबन्धमा सिङ्गै कविता, 'भोक' निबन्धमा चार ठाउँमा फरक फरक विषयका कविता र 'कविताको भर्नाकुलर' मा आफ्ना बुबाद्वारा आफैले धून हालेर गाइएको गीत पनि प्रस्तुत गरिएको छ ।

८. निष्कर्ष

हतार छैन हतार छ निबन्धसङ्ग्रहमा केही गर्न नपर्ने र कतै जान नपर्नेहरूको अथवा अनावश्यक कार्य गरी समय खेर फालिरहेका व्यक्तिहरूको दिनचर्याको यथार्थ चित्रण गरिएको छ । निबन्धकार उप्रेती जीवनलाई जीवनको रूपमा नलिई बिना उद्देश्य र लक्ष्य बाँचिरहेका ब्यक्तिहरूको विशेषतालाई दर्शाउँदै आफ्ना विचारहरूद्वारा विविध स्थान, क्षेत्र, विषय, भाषा, परिवेश, आशा, निराशाजस्ता पक्षलाई पहिल्याई सचेत हुन सङ्केत गर्दछन् । यस क्रममा समसामयिक परिवेशको नैतिक, सामाजिक, राजनीतिक विसङ्गतिप्रति व्यङ्ग्य गर्दै आक्रोस पोखेका छन् । प्रत्येक व्यक्तिले समय र परिस्थिति अनुसार सुध्नुपर्ने आवश्यकताबोध गराउन खोजिएको छ । शिक्षा र सिप जसले जोसँग र जुन देशमा गएर पनि लिन सक्नुपर्छ भन्ने सुधारात्मक सन्देश आफ्नो र अग्रजहरूको उक्ति अनुभवलाई आफ्ना कवितात्मक र निबन्धात्मक कृतिहरूबाट दिन खोजिएको छ । आफ्नो देश, संस्कृति, संस्कारप्रति सचेत रही आगामी दिनमा सिर्जनाका हातहरू (लक्ष्यसहित असन्तोष बोकेर हिँड्नुपर्ने) फैलाएर जीवनयात्रालाई सुगम बनाउनुपर्ने आजको माग हो । त्यसैले भूत र वर्तमानलाई दृष्टिगोचर गरी भविष्यको योजना बनाउन धैर्य र एकताको खाँचो महसुस गरिएको छ ।

❖❖❖

एकक्षणको पाप कयौँ वर्षको कष्ट बन्छ – **महाकवि कालिदास ।**
प्रायः मानिस आफ्नो फन्दामा आफै फस्छन् – **सुकरात ।**

कथा

निर्दो सम्बन्ध

■ टेकनाथ दहाल

आजभोलि कथा लेख्न मन लाग्न छोडेको छ । लेखिएका कथाहरू छापिएका छैनन् र छपाउनु खास कुनै उद्देश्य पनि होइन । पहिलेका मानिसहरू कहाँ छपाउँथे ! दिनभरिका अनुभूतिलाई बेलुका आगोको वरिपरि बसेर सुनाउँथे । आज त्यसरी सम्भव छैन । त्यो समयको जीवन सरल थियो तर आजको जीवन जटिल छ । आज प्रत्येक पाइलामा जीवनका गहन अनुभूति प्राप्त हुन्छन् । कति अनुभूति त गर्नेबित्तिकै विस्मृतिको गर्तमा लोपिन्छन् । अब आइन्दा म पनि कथा लेख्दिनँ । तर तपाईं कथाको स्वादबाट नभाग्नु होला म जीवनका वास्तविक घटनालाई आफ्नै लयमा गाउने प्रयत्न गर्दै छु । यो पनि तपाईंले पढेका कथाभन्दा कम रोचक छैन । तर तपाईं यसलाई कथा नठान्नुहोला किनभने यो एउटा घटना मात्रै हो । एउटा सम्बन्धको दुःखद मृत्युको घटना ।

केही समय अगाडिको कुरा हो त्यस्तै तिन चार महिना जति भयो होला ! धर्मकान्त र म पटना जाने भनेर हिँडेका थियौँ । वर्षाको समय थियो । पानीले सीतामणिदेखि पटनासम्मको धेरै बाटोको नक्सा नै परिवर्तन गरिदिएको थियो । हामी कोल्हुवादेखि विहारी हुँदै भिट्टामोड निस्किएर सीतामणि गएका थियौँ । भिट्टामोडदेखि सीतामणिसम्मको बाटो त पूरै तहसनहस भएको थियो बाढीले । धर्मकान्तका छोरा छैनन्, मात्र तिनओटी छोरीहरू छन् र जेठी छोरी रागिनीको विवाहको कुरा छिन्न म र धर्मकान्त पटना जाँदै थियौँ । धर्मकान्तले छोरीहरूलाई राम्रैसँग पढायो । जेठी रागिनीले बिआईटी गरेकी छ भने माइँली दिव्या डेन्टिस्ट छे अनि कान्छी साक्षी विएस्सी नर्सिङ पढ्दै छे । आफूले धेरै पढ्न नसके पनि राजा गिर्वाणयुद्धविक्रम शाहका पालामा पाएको छ सय बिगाहा जमिन बाँड्दा-बाँड्दै धर्मकान्तको भागमा जम्मा आठ बिगाह जमिन आएको थियो । छोरीहरूलाई पढाउनमा उसले दुई बिगाह सिध्यायो भने अब एक-एक बिगाहा जग्गा छोरीहरूको विवाहका लागि छुट्याएको छ । बाँकी रहने तीन बिगाह जमिन उसको बचेको सम्पत्ति र त्यसको हकदार बुढेसकालमा उसको हेरविचार गर्ने मानिसको हुने कुरा धर्मकान्तले पटना जाँदा सुनाएको थियो ।

धर्मकान्त मेरो आफन्ती पनि लाग्छ र बनौलीका पण्डित सुकदेव झाको घरमा रुद्री, सप्तशती र गीता पढ्न जाँदा हामी सँगै जान्थ्यौँ । अमरकोशका श्लोक र लघुकौमुदीका सूत्र रट्दा हामी दुईको प्रतिस्पर्धा नै चल्थ्यो । त्यो बेलादेखि आजपर्यन्त हामी एक आपसमा छुट्टिएका छैनौँ । घरमा एकलाई अप्ठेरो पर्दा अर्कोले सहयोग गर्ने बानी लगभग संस्कृति जस्तै स्थापित भइसकेको छ । त्यसको निरन्तरतास्वरूप रागिनीको कामकुरा छिन्न हामी एकसाथ पटना जाँदै थियौँ ।

त्यो दिन हामीले पटना गएर केटो हेर्‍यौँ । बथनाहाबाट उसका बाबुहरू कामकै सिलसिलामा पटना गएर बसेका थिए । केटोले राम्रै पढेको रहेछ । ब्याङ्लोरबाट भर्खरै आर्किटेक इन्जिनियरमा डिग्री गरेकोरहेछ । धर्मकान्त र म त्यो रात मेरी बहिनीको घरमा बस्यौँ । केटोको घरमा जाँदा

मेरी बहिनीज्वाई कुलानन्द पनि सँगै गएका थिए । कुराकानी भयो । केटाका बाबुले पन्ध्र लाख माग्यो तिलक । 'दश तोला सुन र मोटरसाइकल पनि चाहिन्छ । अरू तपाईंका छोरीलाई के-के दिनुपर्छ दिनुहोस्' । केटाको बाबुका कुरा सुन्दा विवाह गर्न सक्ने अवस्था छैन तर केटो राम्रो लाग्यो त्यसैले छोड्न सकिएन । केटाको बाबुले जे-जे माग्यो धर्मानन्दले सबै कुरामा सहमति जनाए र विवाह गर्ने निश्चित भयो । उसले हिसाब गऱ्यो एक बिगाहा जमिनले पुग्छ कि पुग्दैन भनेर । हिसाव गर्दा पुग्ने भयो तर बिक्छ कसरी ? ऊ एकछिनसम्म घोरियो ।

विवाहको दिन धर्मकान्तको घरमा निकै चहलपहल भएको थियो । पैसा विवाहकै दिन दिने समझदारी भएको थियो । चालिस-पचास जना जन्तीहरू आउने भएका थिए । सबैलाई कपडा दिनुपर्छ । तीस किलो रहुमाछा ल्याएका थिए गाउँबाट । तीनओटा खसी काटिएको थियो । हलुवाइ चार दिनदेखि घरमै बसिरहेको छ । जन्तीलाई सुत्ने व्यवस्था घरमै गरिएको थियो र राती केटाको बाबुलाई धर्मानन्दले पन्ध्र लाख आइसी बुझायो र अरू उसले मागेको जति सामान पनि । पुगनपुग विवाहमा उसले पचास लाख जति खर्च गऱ्यो होला । पुर्खाले पाएको सम्पत्ति सकेर पनि छोरीको खुसीका लागि उसले कन्जुस्याई गरेन र धुमधामसँग विवाह गऱ्यो ।

विवाह हुँदै थियो' उता भोजभतेर पनि चल्दै थियो । घर गाउँका मानिसलाई दिउँसै बोलाएर खुवाइएको थियो । राती बस्नेहरूमा आफन्ती र पटनाबाट आएका जन्तीहरू । आफन्तीहरू जन्तीको स्वागत सत्कार र विवाहमा आइपर्ने कार्यमा खटिरहेका थिए । जन्तीहरूले खुब जमेर भोज खाए । रसबरी त निचोरेरै खाए तिनीहरूले । खाना खाएपछि केही आवश्यक परेका मानिसहरू गए भने केही भोलिपल्ट बिहानै उठेर हिँडे । केटो पाँच दिनसम्म ससुराली मै बस्नुपर्छ चतुर्थी नगरुन्जेल । त्यो पनि एक किसिमको व्रत नै हो । नुन खान दिँदैनन् । पूर्ण ब्रह्मचर्यमा बस्नुपर्छ भन्ने हाम्रो मान्यता छ । व्रत सकियो र चतुर्थी पनि भयो । केटीलाई लिएर केटो घर गयो ।

विवाहको कुरा चलेदेखि नै रमिता असाध्यै खुसी हुन सकिरहेकी थिइन । चतुर्थीसम्म बस्दा पनि उसका आँखा ओभाएका थिएनन् । पटना हिँड्ने दिन पनि रमिता रोएर जानै मानिरहेकी थिइन । एक त अपरिचित केटो त्यसमाथि टाढाको सायद त्यसैले अप्ठेरो लागेको होला रमितालाई ।

पटना गएर पनि रमिताले आफूलाई पारिवारिक खुसीमा डुवाउन सकिन । केटाले पनि घरमा भर्खर प्रवेश गरेकी नयाँ सदस्यको भावना बुझ्ने चेष्टा शायद गरेन र घरका सदस्यले पनि उसलाई एउटा बुहारीका रूपमा मात्रै हेरे । शायद त्यसैले रमितालाई त्यो वातावरणले सन्तुष्ट पार्न सकेन । रमिता धर्मकान्तलाई दिनको एकपटक फोन गर्थी र डाँको छोडेर रुन्थी । उसको सदैव एउटै गुनासो हुन्थ्यो– 'बाबु तपाईंले केटो त किन्नुभयो तर मेरा लागि जीवनसाथी छान्नुभएन ।'

धर्मकान्तले धेरै सम्झाउने प्रयास गऱ्यो आफ्नै बुझाइका आडमा तर रमिताको बुझाइ र अनुभूति उसले कहिल्यै बुझ्न सकेन र अनुभूत पनि गर्न सकेन । रमिता जलिरही आफ्नै पीडाको अग्निज्वालाभित्र र त्यस जलनमाथि धर्मकान्तले कुनै मल्हम लगाउने प्रयासै गरेन । उसले एकपटक त आफ्नो सम्दीलाई फोन गरेर भन्यो 'देखिए सम्दीजी ! रमिता क्यँ रो रही हैं ? उसको अच्छा तरिका से सम्झाइए । रमिता रोने से मैं भी परेशान हो रहा हुँ ।'

उसले छोरीलाई पनि सम्झायो– 'बेटा ! नयाँ घर में किछु समस्या त भजाई छै । समस्या स जुध पर्‌ते आओर भाग स जीवन नहिँ चलतै '।

रमिताले आफूलाई बावुले भनेजस्तो सङ्घर्षको मैदानमा लड्ने साहस आफूभित्र पाइन । जीवनबाट भाग्नुभनेको या त मृत्युलाई रोज्नु हो या त समस्याबाट अलग्गिएर पलायन हुनु हो । उसका लागि यी दुवै स्वीकार्य छ तर पैसाको जगमा जोडिएको नाताले उसको खुसीलाई फुलाउन र फलाउन सक्दैन भन्ने कुरामा रमिता अडिग बन्दै गएकी छे । उसले अब त बाबुलाई फोन गर्न पनि छोडेकी थिई । जहाँबाट समस्या समाधान हुँदैन, त्यहाँ अरण्यरोदन गर्नु बेकार छ भनेर उसले आफन्तसँग पनि सम्पर्क गर्न छोडिदिई ।

श्रावण महिना लाग्यो । मधुश्रावणीमा व्रत गर्न माइत जानुपर्छ । मधुश्रावणी व्रत श्रावण कृष्णपक्ष चतुर्थी देखि शुक्लपक्ष तृतीयासम्म चल्छ । त्यो पन्ध्र दिन त आरामले आफ्ना बाल सँगिनीहरूसँग आनन्दले बिताउन पाइन्छ भन्नेमै दुईचार दिन बितिहाले । सुखको प्रतीक्षा गरेर बसेका दिनहरू बितेको पत्तो नै हुँदैन र भएन पनि । रमिता दुईतिन दिनअगाडि मात्रै आएकी थिई कोल्हुवामा । नवविवाहिता कन्याले नागको पूजा गरेर आफ्नो पतिको दीर्घायुको कामना गर्छन् तर थाहा छैन रमिताले आफ्नै दीर्घायुको कामना गर्छे कि आफ्नो हुन नसकेको पतिको !

मधुश्रावणीको दोस्रो दिन *विहुला आ मानसिक कथा* सुनाउने दिन । घरमा चञ्चलादेवीलाई बोलाइएको थियो । आँगनमा अरिपन बनाइएको थियो । घरबाट श्रीमान्ले ल्याइदिएको बनारसी दोपट्टा सारी लगाएर रमिता फूल टिप्न गएकी थिई– साथमा प्रतिभा, सौभाग्या, प्रिया र अरू थुप्रै साथीहरूलाई लिएर । निधारमा कुदिएको बुट्टा, शिरमा सुनको बिन्दिया, खुट्टामा पाउजुको आवाज र अनुहारमा मात्रै ढाकिने गरी टाउकोमा राखिएको सितारा जटित घुम्टी ओढेर बाहिर निस्कँदा रमिता साँच्चिकै विवाहको दिनको बेहुलीजस्तै भएकी थिई । सूर्य क्षितिजबाट बिस्तारै हराउँदै थियो । 'चल न गे प्रतिभा ओमहर जाइ छि' सूर्य अस्ताउन लागेकैतिर देखाउँदै रमिताले भनी । अरू केटीहरू अघि-अघि लागे । रमिता र प्रतिभा पछि बसे । फूलको डाली सौभाग्याले बोकेको थिई । कोल्हुवाबाट तुलसीयाई हुँदै मटिहानी निस्कने बाटो भएकाले मानिसहरू दिउँसो त बाक्लै हिँड्छन् । साँझ पर्न थालेकाले मानिसहरूको हिँडाइ बिस्तारै पातलिँदै थियो । नजिकैको कर्लभर्डमा एउटा केटो अघिदेखि साइकल रोकेर उभिएको थियो । रमिताको पाइला बिस्तारै चल्न थाले । कर्लभर्टसम्म पुग्दा अरू केटीहरू अगाडि गइसकेका थिए र प्रतिभा पनि अलिक अगाडि बढिसकेकी थिई । रमिता रोकिई । केटो उसलाई हेरिरहेको थियो । रमिता त्यहीँ केटोसँगै नजिकै गएर थचक्क बसी । अँध्यारोले धर्तीलाई छोप्नै थालेको थियो । टाढाका वस्तुहरू देखिन पनि छोडिसकेका थिए । रमिता र त्यो केटो निकै बेर सँगै बसे र पोखे मनमा भरिएर रहेका अनगन्ती पीडाहरू ।

केटो रमितासँग पढ्ने अजय भर्खर एमबिबिएस्को परीक्षा सिध्याएर आएको नेपालगन्ज मेडिकल कलेजबाट । पढ्नमा राम्रा थिए दुवै जना । एउटा प्रथम भए अर्को दोस्रो हुने प्रतिस्पर्धा नै चल्थ्यो । पहिले त साथीमात्रै थिए मिल्ने तर पछि विचार र सोचेले झन् नजिक बनायो । जात नमिले पनि अरू सबै मिल्दथ्यो । त्यही केटासँग विवाह गर्ने सोच बनाएकी रमितालाई विवाह गर्ने छुट दिएन धर्मकान्तले ।

प्रियाहरू फर्किएर आएको कुरा उनीहरूले बोलेको आवाज आएबाट बुझिँदै थियो । अजय आँखामा एक चम्ची आसु च्यापेर छुट्टियो र साइकल चढेर गयो घरतिर । रमिता हेरिरही उसलाई देखुन्जेल । अँधेरी रातमा उसले लगाएको सेतो टिसर्ट पर पुगुन्जेलसम्म टल्किरह्यो रमिताको

आँखामा । भर्खर सूर्यले छोडेर गएका रहलपहल उज्यालोले मात्रै देखिएको हो, नत्र त्यो पनि किन देखिन्थ्यो र ! हेर्दा-हेर्दै दृश्यलाई आँखा रसाएर आएको आँसुले छेकिदियो । उसले दृश्य हेर्न पर्दा खोल्न चाही । आँसु ढिका बनेर गालाबाट झऱ्यो तर अजय देखिएन ।

सौभाग्याहरू आइपुगे । रमिता पनि उठी । उसको आँखामा भरिएको आँसुका ढिकाहरू अँध्यारो मै हराएँ सौभाग्याहरूले देखेनन् तर रमिताको मन मैन पग्लिएझैँ पग्लिरह्यो र आँखाबाट झरिरह्यो अँध्यारो धर्तीमाथि । घरमा पुग्दा भेला भएका महिलाहरू गीत गाइरहेका थिए

'पावनि पावनि रटैत रटैत बीतल रे उमरीया

कोनटा धेने ठाड् छलीयै कखन औथिन्हभडीया,

पावनि पावनि .....

सासु पठेलखिन्ह केरा दही भडीया

ससुर पठेलखिन्ह लाल सड्ीया ।

पावनि पावनि .....।'

गोतनी पठेलखिन्ह केचुवा के भडीया

ननदी पठेलखिन्ह फुलक डलीया ॥

पावनि पावनि .....

मधुश्रावणीको तेस्रो दिन पनि दोस्रो दिनको जस्तै प्रतिभा सौभाग्या, प्रिया, नन्दनीहरू रमितासँगै फूल टिप्न हिँडेका थिए । त्यस दिन ऊसँगै पढेकी मुन्नि पनि निस्किएकी थिई रमितासँगै जानलाई । उनीहरू घरबाट निस्कँदा त रात परिसकेको थिएन तर घुम्दाघुम्दै रात पऱ्यो । केटीहरू आफ्नै लयमा गीत गाउँदै थिए–

'बड सुन्दर लागय दुलहा के सुरतिया

चलू परिछय सखिया ना

सोनाके डाला मंगायव, ओहिमें दीप जरायब

गायक गोबर मंगाएव आमक पतिया

चलू परिछय सखीया ना ।'

रमिताभित्र अग्निज्वाला दन्किरहेको थियो । साथीहरूले गाएको गीतको लयभन्दा बढी उसको पीडाको लयले उसको हृदयलाई अस्थिर बनाइरहेको थियो । हिजो भेटेकै ठाउँमा अजय आएर बसेको थियो । रमिताले टाढैबाट देखी । ऊ बसिहाली बाटाकै छेउमा कपडा सिहारेर । साथीहरू अगाडि बढिसकेका थिए । उसले ठम्याउन सकिन कि ऊ साच्चिकै शौच गर्न बसेकी थिई कि अजयसँगको मिलनलाई साथीहरूको आशङ्काबाट दूर राख्न । रमिता उठेर सरासर अजय बसेको स्थानमा पुगी । उसले अजयलाई घम्लङ्ग अँगालो हाली र आफ्नो आँखाबाट आएको मनतातो र नुनिलो रसले उसको छाती भिजाइदिई । उसलाई अपार आनन्दको अनुभुति भयो । सायद यसैलाई मान्यता दिएको भए उसको खुसी कहाँ अटाउँथ्यो होला ! मान्छेको चाहानाभन्दा पर पनि कुनै विधान र मान्यता टिक्न सक्ला र !

उनीहरू थचक्क बसे आपसमा नजोडीकन तर एक शब्द पनि निस्किएन दुवैको मुखबाट । अजयभित्र के घटिरहेको थियो त्यो त उसलाई थाहा भएन तर रमिता सोचिरहेकी थिई– 'हामी जसरी लुकेर मिलिरहेका छौँ राम र सीता पनि त त्यसैगरी फूलबारी आउँथे । लक्ष्मणका साथमा राम र सँगीहरूका साथ सीता । दुवैलाई बाहाना मिलेको थियो फूल टिप्ने । म त अहिले पनि फूल टिप्न आएकी छु नागदेवताको पूजा गर्न तर मेरो राम कुन विश्वामित्रका लागि फूल टिप्न आएको होला ! जुनसुकै विश्वामित्र भए पनि हाम्रो मिलनको संयोग जुराइदिने र मेरो आत्मालाई तुष्टि दिने ती महान् आत्मलाई सत सत नमन' ।

दुवै निःशब्द छन् मानौँ उनीहरूसँग बोल्ने कुनै शब्द छैन । परबाट मुन्नीहरू त्यसैगरी

गीतको लयमा आइरहेका थिए जसरी अघिमात्रै गएका थिए । मानिसलाई अँध्यारोले निले पनि उसको शब्दलाई निल्न सक्दोरहेनछ । त्यसैले नदेखिए पनि शब्द सुनियो । 'खुसी साथ बस । म मरेको छैन ' भन्दै अजय उठ्यो र साइकल समातेर हिँड्यो । रमिता पनि उठी र उभिएरै साथीहरूलाई पर्खिरही । आँखा अलि-अलि रसाएका थिए । मन उडेको थियो विरही चरीजस्तै । सबै घर गए अँध्यारोमा हराएर ।

मधुश्रावणी व्रत सकियो । व्रत सकिएपछि रमिता गह्रुँगो मन लिएर पटना हिडीँ । घरमै गाडी ल्याइएको थियो । पुऱ्याँउन धर्मानन्द र म जाने भयौँ । पटनाबाट केटो पनि आउँछु भन्दै थियो । हामीले नै रोकिदियौँ । निस्कँदा रमिता नमज्जाले रोई विवाहको दिनको जस्तै । हामी पटना पुग्यौँ । रमिताले गर्ने गरेको गुनासोको सम्बन्धमा उसका परिवारका सदस्यलाई राखेर बेलुका कुरा गऱ्यौँ । ससुरा व्यवहारिक नै रहेछन् । केटो पनि त्यस्तो बदमास त लागेन । सासु अलिक शासन गर्न खोज्ने खालकी रहिछन् । त्यसभन्दा बढी रमिता दुःखी हुने कारण देखिएन । हामी त्यस दिन त्यहीँ बस्यौँ । भोलिपल्ट हिँड्ने बेलामा रमितालाई सम्झाएर हिँड्यौँ र भन्यौँ अप्ठेरो लागे फोन गर्दै गर्नु । आत्तिनुहुँदैन ।

उताबाट फर्किएको पाँच दिनपछि खबर आयो– रमिता घरबाट एकाएक गायब भई । बिहानको खाना खाएर सबै अफिस हिँडे । सासु किनमेल गर्छु भन्दै अशोक राजपथ हिँडेकी थिई रे ! फर्कँदा रमिता घरमा थिइन । उसको मोवाइल जस्ताको त्यस्तै थियो र कपडा गहना पनि त्यतिकै थियो । उसले आर्जन गरेका शैक्षिक प्रमाणपत्रहरू थिएनन् र ऊसँग कति पैसा थियो त्यो पनि भेटिएन । थाहा पनि भएन, उसका साथमा कति पैसा थियो भनेर । हामीले हाम्रा आफन्त जति सबैलाई फोन गरेर सोध्यौँ । कसैले पत्तो लगाउन सकेनन् । पत्रिकामा मानिस हराएको बारे पनि सूचना छापियो । पंजाब केशरी, दैनिक जागरण, हिन्दुस्तान टाइम्स र उमर उजाला सबैले रमिताको तस्बिर छाप्यो तर पनि पत्तो लागेन । रमितालाई खोजिदिनका लागि पत्रकार, पुलिस, मानवअधिकारकर्मी सबैलाई आग्रह गरियो तर पनि सम्भव भएन ।

ooo

प्रिय पाठक ! रमिता हराएकोमा तपाई दुःखी बन्नु भएको छ भने त्यो स्वाभाविक छ । म पनि असाध्यै दुःखी भएको छु । सुन्दै छु उसका घर र माइती दुवैतर्फका आफन्तहरू मिलेर खोजी गरिरहेका छन् अरे ! त्यसमा पुलिस, पत्रकार, मानवअधिकारकर्मी, सिआइडी र सिआइबी पनि सक्रिय छन् भन्ने सुनेको छु । रमिता फेला परी भने मलाई पनि खबर गर्लान् । मलाई उसका बारेमा जानकारी हुने बित्तिकै तपाईंलाई पनि खबर गरौँला तर तपाईं पनि रमिताको खोजी गरिरहनुहोला । किनभने यो रोटीबेटीको सम्बन्धको कुरा हो ।

❖❖❖

चिन्ता यस्तो महाबक्र मस्तिष्क हुन्छ टन्टनी
घटनिर्माणको चक्र जसरी हुन्छ फन्फनी ।

ठूलो हिम्मतले कार्य सकिन्छ गर्न दुष्कर
महावीर पुगे लङ्का तरी दुर्लङ्घ्य सागर ।

बाबुको पछि लागेर छोरो बन्दछ लायक
हेर्नुहोस् ! कोइली-पुत्र चैतमा बन्छ गायक ।

वाचाल धूर्त चाण्डाल धाक दिन्छ घरीघरी
नक्कली सुन चम्कन्छ सुरुमा अति बेस्सरी ।

'तीतामीठा कुरा'बाट

बालगीत

केटाकेटी

■ नारायण निरौला

शिक्षिका– साना-साना नानी, खेल्नु हुन्न पानी ।
भिज्दै-भिज्दै खेल्ने नराम्रो छ बानी ।

केटाकेटी– हामी छाना नानी, खेल्ने गर्छौं पानी
भिज्दै-भिज्दै खेल्ने, हाम्लो छ है बानी ।

शिक्षका– स्कुल सधैं जानू, धेरै धेरै पढ्नू
स्कुलमा पढेको, साथीलाई सुनाउनू ।

केटाकेटी– इक्कुल सधैं जान्छौं, पढेको सुनाउँछौं
इक्कुलबाट आई, मिठो मिठो खान्छौं ।

शिक्षिका– फोहोरमा खेल्नुहुन्न, खानुपर्ला गोली
डाक्टरले सुई हान्दा ऐया होला भोलि ।

केटाकेटी– खेल्ने कुला पनि थैन, थाउँ लाम्लो थैन
घलि-घलि खेल्न पनि कइले दिनु थैन ।

काशी हिन्दू विश्वविद्यालय वाराणसी २२१००५

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट काठमाडौंको

मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरुले आफ्नो कारोबार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि कर मा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने बस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

दायित्व वाङ्मय प्रतिष्ठानका प्रकाशनहरू:

१.	तीन आमाको छोरा (उपन्यास) २०५७- रामप्रसाद पन्त	१५०/-
२.	श्रद्धाञ्जली (खण्डकाव्य) २०५८- देवी नेपाल	५०/-
३.	ललित मञ्जरी (खण्डकाव्य) २०५८- अमृत खरेल	२१/-
४.	जापान भ्रमणका केही सम्झनाहरू (नियात्रासङ्ग्रह) २०५८- रामप्रसाद पन्त	२००/-
५.	शङ्कर कोइराला: कृति अनुशीलन (समालोचनासङ्ग्रह) २०५८- सं. रामप्रसाद पन्त	५००/-
६.	जीवनपानीका फोहराहरू (गजलसङ्ग्रह) २०५९- जीवनपानी पोखरेल	५०/-
७.	अविस्मरणीय जुम्ला (नियात्रासङ्ग्रह) २०५९- सूब सेन	१५०/-
८.	देशभक्तहरूको भूमि: इजरायलमा केही दिन (नियात्रासङ्ग्रह) २०५९- सूब सेन	१००/-
९.	आस्थाका पाइला (कवितासङ्ग्रह) २०५९- ठाकुर शर्मा	५१/-
१०.	रामचन्द्र शर्मा: स्मृतिग्रन्थ २०५९- रामप्रसाद पन्त	७५/-
११.	घाँटी हेरी हाड निल्नु ? (निबन्धसङ्ग्रह) २०५९- लेखप्रसाद निरौला	३०/-
१२.	मालती (खण्डकाव्य) २०६०- लेखप्रसाद निरौला	२५/-
१३.	मधुकलश (कवितासङ्ग्रह) २०६०- सुदीपभद्र खनाल	१०१/-
१४.	औचित्यहीन समारोह (कथासङ्ग्रह) २०६०- लुमडी आचार्य	१००/-
१५.	यात्रा र अनुभूति (नियात्रासङ्ग्रह) २०६०- रामप्रसाद पन्त	२२५/-
१६.	उपासना (कवितासङ्ग्रह) २०६०- ठाकुर शर्मा	५१/-
१७.	विवश हृदय (कथासङ्ग्रह) २०६१- महादेव अधिकारी	५०/-
१८.	जीवनपानीका सुस्केराहरू (गजलसङ्ग्रह) २०६१- जीवनपानी	५१/-
१९.	सेवारत निजामती साहित्यकारहरू (विविध सङ्कलन) २०६१- सं. रामप्रसाद पन्त	३००/-
२०.	आस्था र आकाङ्क्षा (कवितासङ्ग्रह) २०६१- हरिहर प्रदीप घिमिरे	२००/-
२१.	चमत्कारी ऋषि (बालकथासङ्ग्रह) २०६१- लुमडी आचार्य	२५/-
२२.	रुक्मी दिदी (कथासङ्ग्रह) २०६१- रामप्रसाद पन्त	२००/-
२३.	एउटा अनुहारको खोजीमा (कवितासङ्ग्रह) २०६१- देवेन्द्र अर्याल (आँसु)	१००/-
२४.	पृथक् यात्रा (नाटक) २०६२- मिलन गर्तौला	१२५/-
२५.	देखासिकी (बालकथासङ्ग्रह) २०६२- मधुसूदनप्रसाद घिमिरे	२०/-
२६.	मध्यान्तर (कथासङ्ग्रह) २०६२- मधुसूदनप्रसाद घिमिरे	६०/-
२७.	अज्ञात यात्राका पदचिन्हहरू (कवितासङ्ग्रह) २०६२- कृष्ण बाउसे	५०/-
२८.	स्मृतिका छालहरू (नियात्रासङ्ग्रह) २०६२- विष्णुबहादुर सिंह	२००/-
२९.	सन्झ्याल (कथासङ्ग्रह) २०६२- रामप्रसाद पन्त	२००/-
३०.	मर्माहत (कवितासङ्ग्रह) २०६३- लुमडी आचार्य	५०/-
३१.	आँखाभरि रमिता मनभरि वेदना (नियात्राडायरी) २०६३- गोपी मैनाली	२००/-
३२.	जीवनपानीका तरङ्गहरू (गजलसङ्ग्रह) २०६३- जीवनपानी	५२/-
३३.	रामायण: परम्परा, मान्यता र विश्लेषण (अध्यात्म ग्रन्थ) २०६३- देवेन्द्र अर्याल (आँसु)	१००/-
३४.	एकदर्जन निबन्धसङ्ग्रह (व्यङ्ग्यनिबन्ध) २०६३- अमरप्रसाद रिजाल	१११/-
३५.	साढेसातदेखि अढैयाको शनिसम्म (निबन्धसङ्ग्रह) २०६३- कृष्ण प्रधान	२०१/-
३६.	पेट्रोनास टावरको सेरोफेरो (नियात्रासङ्ग्रह) २०६३- रामप्रसाद पन्त	२००/-
३७.	अनुभूतिको आकाश (कवितासङ्ग्रह) २०६३- अशोककुमार लामिछाने	१००/-
३८.	इन्द्रेनी (सप्तरङ्गी विधा) २०६४- कलाधर काफ्ले	१५०/-
३९.	मेरा सपना र बिपना (संस्मरण) २०६४- सूब सेन	१००/-
४०.	बाह्र सूर्य सोह्र फन्को (नियात्रासङ्ग्रह) २०६४- रामप्रसाद पन्त	२५०/-
४१.	पछि फेरि (निबन्धसङ्ग्रह) २०६५- निरञ्जन बराल	१४०/-
४२.	जीवनका घुम्तीहरू (कथासङ्ग्रह) २०६५- राजनविक्रम थापा	९५/-
४३.	ऋतु थरिथरिका (गजलसङ्ग्रह) २०६५- जीवनपानी	५१/-
४४.	भाइको खोजी (संस्मरण) २०६५- सूब सेन	५०/-
४५.	उत्कृष्ट सत्ताइस व्यक्तित्व (संस्मरण) २०६५- रामप्रसाद पन्त	२००/-

४६.	विमर्शन (समीक्षासङ्ग्रह) २०६६- ठाकुर शर्मा	१००/-
४७.	प्रकृतिमा मान्छे (मुक्तकसङ्ग्रह) २०६६- ठाकुर शर्मा	५१/-
४८.	पर्यन्तदेश (नियात्रासङ्ग्रह) २०६६- रामप्रसाद पन्त	२००/-
४९.	छरिएका मनहरू (समीक्षासङ्ग्रह) २०६७-रामप्रसाद दाहाल	२५०/-
५०.	सैद्धान्तिक कसीमा भाउपन्थीका कथा २०६७-भागवत ढकाल	२२५/-
५१.	सूब सेनका प्रवृत्ति (समालोचनात्मक ग्रन्थ) २०६७- सूब सेन	२५०/-
५२.	स्मृतिविम्ब (कवितासङ्ग्रह) २०६७-गोपीकृष्ण शर्मा	१००/-
५३.	इतिहास अध्ययनको खोजी (अन्वेषण) २०६७- सूब सेन	१५०/-
५४.	सम्झनाका थुँगा (संस्मरणसङ्ग्रह) २०६७-रामप्रसाद पन्त	२२५/-
५५.	अभिवादन : नयाँ विश्वनिर्मातालाई (इतिहास) २०६७- सूब सेन	१५०/-
५६.	स्मृतिगङ्गाको तीरैतीर (नियात्रासङ्गह) २०६८-रामप्रसाद पन्त	२००/-
५७.	मेरा आदर्शरत्न साथीहरू (संस्मरण) २०६८- सूब सेन	१००/-
५८.	युगकवि सिद्धिचरण : कृति र प्रवृत्ति विश्लेषण (समालोचना) २०६८- गोपी मैनाली	१७५/-
५९.	सिड्नीको सेरोफेरो (यात्रानिबन्ध) २०६८-कलाधर काफ्ले	३२५/-
६०.	अभिशप्त वर्तमान (कवितासङ्ग्रह) २०६९- रामेश्वर जलन	१२५/-
६१.	पुष्पमञ्जरी (कथासङ्ग्रह) २०६९-रामप्रसाद पन्त	२००/-
६२.	पानीमुनिको आकाश (गजलसङ्ग्रह) २०६९-जीवनपानी	१५०/-
६३.	आस्थाको सरोवर (नियात्रासङ्ग्रह) २०७०- रामप्रसाद पन्त	२००/-
६४.	साहित्ययात्राका पदचाप (समीक्षासङ्ग्रह) २०७०- ठाकुर शर्मा भण्डारी	२००/-
६५.	रामप्रसाद पन्तका कविता (कवितासङ्ग्रह) २०७०- रामप्रसाद पन्त	१५०/-
६६.	समुद्रपारि काज (नियात्रासङ्ग्रह) २०७१- रामप्रसाद आचार्य	२००/-
६७.	पारामाटा किनारबाट (नियात्रासङ्ग्रह) २०७१- रामप्रसाद पन्त	२५०/-
६८.	निबुवाको बोटमा आँप फल्दैन (मुक्तकसङ्ग्रह) २०७१- विजयध्वज थापा	१००/-
६९.	पीडा (गजलसङ्ग्रह) २०७१- केशवराज जोशी	१००/-
७०.	मेरा साठी वर्ष (आत्मसंस्मरण) २०७१- रामप्रसाद पन्त	२२५/-
७१.	माटो मायाको परिभाषा (कथासङ्ग्रह) २०७१- सूब सेन	१५०/-
७२.	शैलीका गीतहरू (गीतसङ्ग्रह) २०७१- रविन्द्र आशिष शैली	१५०/-
७३.	उपहार (लघुकथासङ्ग्रह) २०७१- कलाधर काफ्ले	१५०/-
७४.	अविरल यात्रा (नियात्रासङ्ग्रह) २०७२- रामप्रसाद पन्त	२५०/-
७५.	कविताको मलामी (कवितासङ्ग्रह) २०७२- कृष्ण प्रधान	१५१/-
७६.	दाउ (लघुकथासङ्ग्रह) २०७२- रामप्रसाद पन्त	१५०/-
७७.	मनका तरङ्गहरू (मुक्तक/कवितासङ्ग्रह) २०७२- नारायण देव पन्त	१००/-
७८.	आत्मघातपछिको अभिव्यक्ति (कथा/लघुकथासङ्ग्रह) २०७२- घनश्याम पुडासैनी	१२५/-
७९.	केही अन्वेषण केही विश्लेषण (समालोचनासङ्ग्रह) २०७२- डा. दामोदर ढकाल	३५०/-
८०.	आधुनिक समालोचना (समालोचनासङ्ग्रह) २०७२- डा. भागवत ढकाल	३७५/-
८१.	मनकम्पन (काव्य) २०७२– नारायण ज्ञवाली	१५०/-
८२.	साहित्यिक यात्रा (नियात्रासङ्ग्रह) २०७३- रामप्रसाद पन्त	२५०/-
८३.	बहिष्करण (कवितासङ्ग्रह) २०७३- राधेश्याम लेकाली	२००/-
८४.	भाइकी साली (कथासङ्ग्रह) २०७३- गंगासागर पन्त	३००/-
८५.	मोह (कथासङ्ग्रह) २०७३- सुन्दर खड्का	१५०/-
८६.	मन्जिल (कवितासङ्ग्रह) २०७३– मन्जिला शर्मा	उपहार
८७.	देवदर्शन (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	४८०/-
८८.	हाम्रो धार्मिक आस्था (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	७४५/-
८९.	प्रतिविम्ब (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	३००/-
९०.	भरतराज पन्तको काव्ययात्रा र प्रवृत्ति (समालोचना) २०७३– डा. भागवत ढकाल	३५०/-
९१.	नमेटिने सङ्कल्पहरू (कवितासङ्ग्रह) २०७३– सबिन पोखरेल	१५०/-
९२.	शालिक बोलिरहेछ (कवितासङ्ग्रह) २०७३– मेनुका चापागाईं 'मेनु'	१५०/-
९३.	पद्यमुक्तक (मुक्तकसङ्ग्रह) २०७३– ठाकुर शर्मा भण्डारी	१००/-
९४.	शब्द-सरिता (कवितासङ्ग्रह) २०७३– इन्दु पन्त	१७५/-

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल बिजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोबार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५०००।- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ। त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुपमा बिजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा बिजक लिन हुन अनुरोध छ ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा, आकस्मिक लाभको भुक्तानी गर्दा र ठेक्का वा करारको भुक्तानी गर्दा भुक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरु तथा करदाता सेवा कार्यालयहरुमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। साथै भुक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मितिसम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानुनी व्यवस्था रहेको छ। तसर्थ, उपरोक्त कानुनी व्यवस्था बमोजिम भुक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरुले कानुनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

नयाँ नेपालको परिकल्पना,
मानव बेचविखनरहित समाजको सृजना ।

लैङ्गिक हिंसा हटाऔं,
मानव बेचविखन अन्त्य गरौं ।

हामी सबैको साझा अभियान,
मानव बेचविखनको पूर्णविराम ।

हाम्रो गन्तव्य,
मानव बेचविखनको अन्त्य ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

खानेपानी तथा ढल निकास विभागको सर्वसाधारणमा अनुरोध

देशको विभिन्न भागमा दुषित पानी तथा खानाको माध्यमबाट झाडापखाला, जन्डिस आदि रोगहरू फैलिन सक्ने सम्भावना भएको हुँदा रोगबाट बच्न निम्न लिखित कुराहरूको अनिवार्य पालना गर्न यस विभाग सम्पूर्ण महानुभावहरुमा हार्दिक अपिल गर्दछ ।

- पानी उमालेर पिउने गरौ । उमाल्न नसकेमा १ लिटर पानीमा ३ थोपाका दरले क्लोरिन झोल वा क्लोरिन चक्की पानीमा हालेर आधा घन्टापछि मात्र पिउने गरौं ।
- क्लोरिन चक्की प्रयोग गर्दा १ लिटरमा राख्ने, ५ लिटरमा राख्ने १० लिटरमा राख्ने पाइने हुँदा एकिन गरी चक्की पानीमा घोलेर कम्तिमा १/२ घन्टामा प्रयोग गरौं ।
- दिसा पिसाब चर्पिमा मात्र गर्ने गरौं । चर्पी नभएमा अस्थाई चर्पी बनाएर भए पनि प्रयोग गरौं ।
- फलफूल, सागपात र तरकारी सफा पानीले राम्रोसँग धोएर मात्र प्रयोग गरौं । बासी, सडेगलेका, भिंगा भन्केका तथा खुल्ला राखिएका खानेकुरा प्रयोग नगरौं ।
- खाना पकाउनुअघि, खाना खानुअघि, शौचालय प्रयोग गरिसकेपछि, केटाकेटीहरुका दिसा धोइसकेपछि, गाईवस्तु र पशुपन्क्षीको सम्पर्कमा आइसकेपछि तथा खेतबारीमा काम गरीसकेपछि अनिवार्य रुपमा साबुन पानीले हात धोऔं । मरेका पशुपन्क्षीलाई तुरुन्तै गाडौं र संभावित महामारीवाट बचौं ।
- पकाइसकेका खाना तथा शुद्धीकरण गरेको पानीलाई राम्रोसँग छोपेर राखौं ।
- बालबालिका, वृद्धा तथा बिरामीहरुको खानपान र सरसफाइमा थप सावधानी अपनाऔं ।
- पिउने पानीका स्रोत संरक्षण गरौं ।
- तराईका भूमिगत खानेपानी स्रोतको आर्सेनिक परीक्षण गरी सुरक्षित पानीमात्र प्रयोग गरौं ।
- खानेपानी आयोजनाहहरुमा खानेपानी सुरक्षा योजना लागु गरी वितरित खानेपानीको गुणस्तर सुनिश्चित गरौं ।
- पानी परीक्षण गर्न तथा पिउने पानी सुरक्षित गराउन क्लोरिन झोल वा चक्की आवश्यक भए जिल्ला स्थित खानेपानी डिभिजन/सव-डिभिजन कार्यालयहरुमा सर्म्पक राखौं ।

खानेपानी तथा ढल निकास विभाग

खानेपानी गुणस्तर शाखा

पानीपोखरी, काठमाडौं ।

जीवन, कविता र खुशी

निराजन तिमल्सिना

स्थूल शरीरको आरम्भ हुन्छ, अन्त्य पनि । तर जीवन अनन्त छ । जीवनलाई अनन्त बनाउने साधन होः कल्पना । अत्मिक कल्पना । लयात्मक हुन्छ कल्पना । कवितात्मक हुन्छ कल्पना ।

जसरी धर्तीमा जलको नागवेली चालले नदीको लतिका सिर्जना गर्दछ, त्यसैगरी हृदयाकाशका तरङ्गमा लहरिन्छन्: कल्पना । मडारिन्छन् ती साउनका घनघटा सरी । अनि वर्षन्छ छयाल्लब्याल्ल भई र बहन्छ धर्तीलाई स्पर्श गर्दै, नदीको स्वरूप बनेर । नदी मिसिन्छ समुद्रमा । समुद्रका बाफ नै बादल बन्छन् । अनि वर्षा हुन्छ । फेरि उही चक्र । उही गति । अन्त्यहीन चाल । सुन्दर अनन्तता ।

प्रकृति जस्तै कल्पना पनि सुन्दर अनुभूत हुन्छ । अनुभूति नै हो कविताको उर्वरता । कल्पनाकै अनुपम सौन्दर्यमा लहरिने कविताले जीवनकला सिकाउँछ । कवितातत्त्वले जीवनलाई हर्हराउँदो बनाउँछ । यही हो जीवनको वहार, सुललित सरगम ।

कवितातत्त्वको सरगमले कलाको सिर्जना गर्दछ । कला नै होः सङ्गीत-सर्जक । र त, कवितातत्त्वप्रधान मन सदा प्रसन्न रहन्छ ।

कोही व्यक्तिमा कवितातत्त्वको प्रधानता रहन्छ, कोहीमा न्यून । कवितातत्त्वप्रधान मनुष्यले योगकला, ध्यानकला, चित्रकला, मूर्तिकला, अभिनयकला, सङ्गीतकला, नृत्यकला लगायत समग्र जीवनकलाबाट परमआनन्द अनुभूत गर्नसक्छ । तर कवितातत्त्व न्यून भएको मनुष्यमा कलाको भोगबाट आनन्दग्रहण गर्ने क्षमता पनि न्यून नै रहन्छ । जीवनलाई कवितात्मक बनाउन सक्नु नै सुन्दर जीव-लक्षण हो ।

जबसम्म कविता मनुष्यको चेतनबाट अवचेतन अवस्थामा पुग्न सक्दैन, तबसम्म कविता केवल शब्दमा सीमित हुन्छ, जीवनतत्व विहीन । त्यस्तो कविता केवल स्थुल शरीर सरी हुन्छ, आत्माले देह छाडेपछिको भौतिक शरीर जस्तो ।

कल्पना हो, कविताको आत्मा । जसरी स्थूल शरीरमा जबसम्म आत्माको बास रहिरहन्छ, तबसम्म मात्र त्यो शरीरमा पहिरिएका गरगहनाले सुन्दर प्रतीत गराउन सक्छ । त्यसैगरी शब्दले व्यक्त गर्ने तथ्यलाई कल्पनाको गहनाले नसजाउने हो भने शब्दले मात्र कविता रच्न सक्दैन । कल्पनाले सिर्जना गर्ने अलङ्कार हुन्: प्रतीक, विम्ब, शैली, शिल्प र कला । यिनै हुन् कवितामय जीवनका गहना ।

जीवनले कवितातत्व सुसम्पन्न तलाउमा सयर गर्न सक्दा नै खुशी प्राप्त हुन्छ । त्यो त्यस्तो तलाउ हो, जहाँ भावका तरङ्गहरूले आनन्दमय लय फिजाउँछन् । तिनै लयहरू लहरिँदै-लहरिँदै निराकार स्वरूपमा स्वतः विलय हुँदै जान्छन् । तरङ्गबाट तरङ्गातीत अवस्थामा पुगिसक्दा अनुभूत हुने आनन्दमय लयले कवितातत्त्वलाई जीवनतत्वमा मिसाइदिन्छ । त्यही बिन्दुदेखि अनुभूत हुन थाल्छ खुशी । खुशी नै खुशी !

'तरङ्गबाट तरङ्गातीत अवस्थामा पुगिसक्दा अनुभूत हुने आनन्दमय लयले कवितातत्त्वलाई जीवनतत्त्वमा मिसाइदिन्छ । त्यही बिन्दुदेखि अनुभूत हुन थाल्छ खुशी ।'

हामीलाई देहाय बमोजिमका किताबहरू प्राप्त भएका छन्, उपलब्धकर्तालाई धन्यवाद !

कृतिको नाम	विधा	लेखकको नाम	प्रकाशकको नाम	पृष्ठ सङ्ख्या	मूल्य रु.
दृष्टिको यात्रा	(संवाद काव्य)	कणाद महर्षि	सुरभि साहित्य प्रतिष्ठान	७२	१२५/-
हामी साना नानी	(बालकविता)	निहारिका अधिकारी	बालसंसार प्रा.लि.	२०	५०/-
जीवन सङ्घर्ष	(आत्मजीवनी)	रमेशनाथ ढुङ्गेल	लेखक स्वयम्	११६	२००/–
सम्झनाञ्जली	(स्मृतिकाव्य)	गोविन्द घिमिरे 'वेदमणि'	लेखक स्वयम्	१००+८	-
त्रिविधा	(विविध)	पं. दण्डपाणि अर्याल	ड.अ. स्मृति केन्द्र	१६१	२००/-
सुगन्धित साकुरा	(हाइकू)	निता श्रेष्ठ 'नित्यनूर'	अनेसास	५४+२६	१०१/-
आँधिखोले लोकसाहित्य	(लोकसाहित्य)	विश्वप्रेम अधिकारी	विजय अधिकारी	८८+१०	१५०/-
मोहन कायस्थका प्रतिनिधि कविता	(कविता)	मोहनबहादुर कायस्थ	कायस्थ सेवासदन	१८०+२२	२५०/-
प्रतिभा र सृजना	(स्रष्टासँगालो)	देवेन्द्र अर्याल 'आँसु'	गोलढुङ्गा साहित्य परिषद्	११४+१४	३५०/-
भौतिकदेखि अध्यात्मसम्म	(कविता)	विक्रम श्रेष्ठ सागर	नोवेल सा.सा. प्रतिष्ठान	५४+२४	२००/-
मूलपानी	(निबन्ध)	गायत्रीकुमार चापागाईं	पूर्वाञ्चल साहित्य प्रतिष्ठान	११६+२०	१५०/-
सपनापाटी	(उपन्यास)	दीक्षान्त सिटौला	बुक सेलर	१०४	१५०/-
अनुभूति अनेक	(लेखसङ्ग्रह)	श्रीराम श्रेष्ठ	नुवाकोट साहित्य प्रतिष्ठान	११२	१५०/–
मिलनका गीतहरू	(गीतसङ्ग्रह)	मिलन गड्तौला	पर्यटन तथा संस्कृति पर्यटन केन्द्र	४२+६	६५/-
महानन्द दर्पण	(अनुसन्धान)	तेराख	महानन्द स्मृति केन्द्र	१७०	३००/-
मन र माटो	(गीत/गजल)	डा. नवराज सुब्बा	पूर्वाञ्चल साहित्य प्रतिष्ठान	४८+२०	१००/-
पात्रहरू	(कथा)	रुद्र ज्ञवाली	सिर्जनशील प्रकाशन	११६+४	२५०/-
लमजुङे सुवेदीका वर्तमान कविता	(कविता)	मेदिनीप्रसाद सुवेदी	विद्यार्थी पुस्तक भण्डार	११८+१४	१५०/-
भूकम्पको चाङ	(हाइकू)	पुष्कर/विष्णु/श्रीराम	नुवाकोट साहित्य प्रतिष्ठान	७२	१००/-
जङ्गल	(कविता)	तीर्थराज अधिकारी	सगरमाथा वाङ्मय प्रतिष्ठान	८८+२२	२००/-
अरुण एक्सप्रेस	(यात्रोपन्यास)	पवन आलोक	नेपाल स्रष्टा समाज	११२+८	२००/-
हेमालाई पत्र	(पत्रकाव्य)	प्रा.डा. टीकाराम अधिकारी	कवि स्वयम्	७८	१००/-
पञ्चगङ्गा	(काव्य)	प्रा.डा. टीकाराम अधिकारी	विश्वेश्वरी अधिकारी	२३२	२२५/-
प्रणय सुधा	(खण्डकाव्य)	प्रा.डा. टीकाराम अधिकारी	कवि स्वयम्	५८+१०	१००/-